
# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २९, अङ्क २२ | २०७७, फागुन १६-२९ | पूर्णाङ्क ६८८



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिष्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री चन्द्रमणि चापागाइँ
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री रूद्र आचार्य
सिनियर कम्पोजिटर श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | १३ | इजलास नं. ११ | ४ |
| इजलास नं. १ | ३ | इजलास नं. १२ | २ |
| इजलास नं. २ | १ | इजलास नं. १३ | १७ |
| इजलास नं. ३ | ३ | इजलास नं. १४ | ६ |
| इजलास नं. ४ | ५ | इजलास नं. १५ | १ |
| इजलास नं. ६ | २ | इजलास नं. १६ | ४ |
| इजलास नं. ७ | ८ | इजलास नं. १७ | २ |
| इजलास नं. ८ | ६ | इजलास नं. १८ | ३ |
| इजलास नं. ९ | १० | इजलास नं. २० | १ |
| इजलास नं. १० | ७ | | |
| **जम्मा** | **५८** | **जम्मा** | **४०** |

**कूल जम्मा ५८ + ४० = ९८**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७७, फागुन – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमशः प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ – ८** |
| १. | आयकर | दीपककुमार पहाडी वि. राहुलकुमार अग्रवाल | १ |
| २. | मोही कायमसमेत | उषा श्रेष्ठ वि. रामबहादुर बरूवालसमेत | २ |
| ३. | उत्प्रेषण | सुखल मियाँ, भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत | २ |
| ४. | वैदेशिक रोजगार कसुर | रेशम लामिछाने वि. नेपाल सरकार | २ |
| ५. | कर्तव्य ज्यान | ईन्द्रबहादुर चौधरी वि. नेपाल सरकार | ३ |
| ६. | वैदेशिक रोजगार कसुर | ओमकाजी भण्डारी वि. नेपाल सरकार | ४ |
| ७. | लागु औषध (गाँजा) | सन्तोष राई वि. नेपाल सरकार | ४ |
| ८. | परमादेश | गणेश झा वि. भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, सिंहदरबारसमेत | ५ |
| ९. | उत्प्रेषण / परमादेश | अचलेश्वर दत्त श्रेष्ठसमेत वि. संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालय सिंहदरबारसमेत | ६ |
| १०. | उत्प्रेषण / परमादेश | बाबुकाजी महर्जन वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ७ |
| ११. | डाँका चोरी | जल्लु धोबी वि. नेपाल सरकार | ७ |
| **इजलास नं. १** | | | **८ – ६** |
| १२. | निषेधाज्ञा | ठुलीकान्छी तामाङनी वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत | ८ |
| १३. | निषेधाज्ञा | विरेन्द्र सिंहसमेत वि. शत्रुधन यादव | ९ |
| १४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कमलेश यादवसमेत | ९ |
| **इजलास नं. २** | | | **१२ – १३** |
| १५. | उत्प्रेषण / परमादेश | कृष्णप्रसाद पौडेल वि. हरिप्रसाद सिग्देलसमेत | १२ |
| **इजलास नं. ३** | | | **१३ – १६** |
| १६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जयबहादुर मगरसमेत | १३ |
| १७. | उत्प्रेषण / परमादेश | भाजु लामासमेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | १४ |
| **इजलास नं. ४** | | | **१६ – २१** |
| १८. | हालैको बकसपत्र लिखत बदर | बाबुकाजी थापा वि. शैलेन्द्रकुमार थापासमेत | १६ |
| १९. | लागु औषध ब्रुपिनर्फीन | नेपाल सरकार वि. भोलासिंह पुन | १७ |

| | | | |
|---|---|---|---|
| २०. | बिना इजाजत वन पैदावार हटाएको एवं ओसार पसार | भैरव कार्की वि. नेपाल सरकार | १८ |
| २१. | नकबजनी चोरी | श्यामकुमार खड्का वि. नेपाल सरकार | १८ |
| २२. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. पार्वती चुनी मगर | २० |
| **इजलास नं. ६** | | | **२१ – २२** |
| २३. | कर्तव्य ज्यान | रेशमलाल गुरूङ वि. नेपाल सरकार | २१ |
| २४. | जबरजस्ती करणी | नविनकुमार नेपाल वि. नेपाल सरकार | २२ |
| **इजलास नं. ७** | | | **२२ – ३०** |
| २५. | लागु औषध | नेपाल सरकार वि. कृष्ण श्रेष्ठ | २२ |
| २६. | जालसाजी | दलबहादुर थापा क्षेत्रीसमेत वि. मिनाकुमारी थापा मगरसमेत | २३ |
| २७. | लागु औषध डाइजेपाम | नेपाल सरकार वि. रमेश परियार | २४ |
| २८. | जालसाजी | रूबी सिद्दीकी वि. हाजरा सिद्दीकीसमेत | २६ |
| २९. | लिखत दर्ता बदर दर्ता | प्रसाद साह कानु वि. विशम्भर दयाल शर्मासमेत | २६ |
| ३०. | जबरजस्ती करणी | अशोककुमार बढई वि. नेपाल सरकार | २७ |
| ३१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पदमबहादुर वि.क. समेत | २८ |
| **इजलास नं. ८** | | | **३० – ३६** |
| ३२. | दूषित नापी दर्ता स्रेस्ता बदर हक कायम दर्ता | राममाया लामा वि. रामजित छुमी | ३० |
| ३३. | जग्गा खिचोला चलन | लछुमन गुरूङ वि. उत्तरकुमार गुरूङसमेत | ३१ |
| ३४. | लिखत बदर दर्ता बदर | जमुना थापासमेत वि. रामकाजी थापासमेत | ३२ |
| ३५. | मानव अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. अजय चौधरीसमेत | ३४ |
| ३६. | विष खुवाई कर्तव्य ज्यान (ज्यान मार्ने उद्योग) | नेपाल सरकार वि. सीता चौधरी | ३५ |
| **इजलास नं. ९** | | | **३६ – ४७** |
| ३७. | बन्दी प्रत्यक्षीकरण | विकलकुमार गौतम वि. उच्च अदालत जनकपुरसमेत | ३६ |
| ३८. | बन्दी प्रत्यक्षीकरण उत्प्रेषण / परमादेश | पृथ्वी राज चेमजोङ वि. श्री उच्च अदालत पाटन, ललितपुरसमेत | ३७ |
| ३९. | बन्दी प्रत्यक्षीकर उत्प्रेषण / परमादेश | शंकर धिताल वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | ३८ |

| | | | |
|---|---|---|---|
| ४०. | बन्दी प्रत्यक्षीकरण | ईच्छा बुढा (दर्जी) समेत वि. काठमाडौं महानगरपालिका वडा नं. १५, स्थित श्री महानगरीय प्रहरी वृत्त, स्वयम्भुसमेत | ३८ |
| ४१. | सवारी ज्यान | नेपाल सरकार वि. मुकेश साह तेलीसमेत | ३९ |
| ४२. | किर्ते जालसाज | लक्ष्मीनिया देवीसमेत वि. बलराम सदा | ४० |
| ४३. | जालसाज | लालोकुमारी साहु सुँडी वि. रामदेव साहसमेत | ४२ |
| ४४. | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. अनिता गुरूङ | ४३ |
| ४५. | सम्पत्ति शुद्धिकरण (आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी) | नेपाल सरकार वि. कुमार चौहानको नामले चिनिने भारतीय नागरिकसमेत | ४३ |
| **इजलास नं. १०** | | | **४७ – ५३** |
| ४६. | उत्प्रेषण | सत्यवती उपाध्याय अर्याल वि. काठमाडौं महानगरपालिका कार्यालयसमेत | ४७ |
| ४७. | सार्वजनिक जग्गा कायम गरी खिचोला मिटाई चलन चलाई पाऊँ | जगनाराण ठठेरसमेत वि. प्रभाकरमणि त्रिपाठी | ४८ |

| | | | |
|---|---|---|---|
| ४८. | राहदानी किर्ते | मनोज कर्मचार्य वि. नेपाल सरकार | ४९ |
| ४९. | जग्गा नामसारी दा.खा. चलन | खडानन्द खतिवडा वि. प्रकाश खतिवडा | ४९ |
| ५०. | उत्प्रेषण | सुरेन्द्र सिलवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ५० |
| ५१. | दूषित अंशबन्डा लिखत बदर | चिरिमाया महर्जन वि. बद्री महर्जनसमेत | ५२ |
| **इजलास नं. ११** | | | **५४ – ५९** |
| ५२. | अपहरण तथा शरीर बन्धक डाँका | अजयकुमार कलवार वि. नवराज कडरियासमेत | ५४ |
| ५३. | बन्दी प्रत्यक्षीकरण | विमला थापा वि. वैदेशिक रोजगार न्यायाधिकरण, बबरमहलसमेत | ५५ |
| ५४. | बन्दी प्रत्यक्षीकरण | अजितकुमार सिंहसमेत वि. काठमाडौं जिल्ला अदालतसमेत | ५७ |
| **इजलास नं. १२** | | | **५९ - ६१** |
| ५५. | कित्ताकाट बदर, निर्णय दर्ता बदर, फैसला बन्डा बदरसमेत | कारी यादव वि. राजो देवी कथवनिया | ५९ |

| | | | |
|---|---|---|---|
| ५६. | निषेधाज्ञा | रोहितराज पोखरेल वि. अमलावती श्रेष्ठ थापा | ६० |
| **इजलास नं.१३** | | | **६१ - ६३** |
| ५७. | डाँका | जयराम तिमिल्सिना वि. नेपाल सरकार | ६१ |
| **इजलास नं.१४** | | | **६३ - ६८** |
| ५८. | अपुताली हक कायम | श्यामलाल चाई वि. पतियादेवी चाई | ६३ |
| ५९. | हक कायम दर्ता | रामेश्वरप्रसाद चौधरी वि. रामलखन यादव | ६५ |
| ६०. | जग्गा खिचोला चलन | समजो मियाँसमेत वि. गीतादेवी दास | ६५ |
| ६१. | लिखत बदर दर्ता बदर दर्ता | जीवछी देवी मण्डल वि. हिरण भन्ने हिरियादेवी मण्डलसमेत | |
| ६२. | लागु औषध ब्राउन सुगरसमेत | नेपाल सरकार वि. शेख मोहम्मद अलीसमेत | ६७ |
| **इजलास नं.१५** | | | **६८ - ६९** |
| ६३. | लागु औषध (इन्जेक्सन तथा ट्याब्लेट) | नेपाल सरकार वि. प्रकाश मैनाली | ६८ |
| **इजलास नं.१६** | | | **६९ - ७३** |
| ६४. | मिलापत्र दर्ता | हेम कुमार मादेनसमेत वि. पुर्णबहादुर मादेनसमेत | ६९ |
| ६५. | जबरजस्ती करणी | नेपाल सरकार वि. शरण राई | ७० |
| ६६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दुर्गादेवी तामाङ | ७१ |
| ६७. | गौवध | नेपाल सरकार वि. आङ लाक्पा लामा | ७२ |
| **इजलास नं.१७** | | | **७३ - ७५** |
| ६८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रेमबहादुर चेपाङ | ७३ |
| ६९. | जबरजस्ती करणी | नसिम अन्सारी वि. नेपाल सरकार | ७४ |
| **इजलास नं.२०** | | | **७६** |
| ७०. | जबरजस्ती करणी | नेपाल सरकार वि. विकाश राई | ७६ |

## संयुक्त

**१**

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-RB-०२१०, आयकर, दीपककुमार पहाडी वि. राहुलकुमार अग्रवाल

कुनै पनि उत्पादकले आफूले उत्पादन गरेको वस्तुको मूल्य निर्धारण गर्दा कर छल्ने उद्देश्यले बढी मूल्यमा बिक्री हुने सामग्रीलाई कम मूल्य कायम गरी बिक्री गरेमा र त्यसको वस्तुनिष्ठ तवरबाट पुष्टि भएमा कर छलीतर्फ छुट्टै कारबाही गर्न सक्ने हुन्छ तर उत्पादित सामग्रीहरूको माग, बजारमा त्यसको असर र उत्पादित सामग्रीहरूमा उपभोक्ताको रूचि आदि विषयलाई पनि गम्भीर रूपले हेरिनु पर्छ । उत्पादित सामग्रीको गुणस्तर, सो सामग्रीहरूलाई बजारमा बिक्रीमा ल्याउदा उपभोक्ताहरूको अभिरूची वा त्यस्तै प्रकृतिको कामले नै मूल्य निर्धारण हुने ।

वस्तुको मागमा कमी आई घटी मोलमा वस्तु बिक्री नगरी उत्पादन थन्क्याई कारोबार नै नगरी राख्दा वस्तु बिग्रन सक्ने र सामान राख्न थप कोठा भाडामा लिनुपर्ने र खर्चसमेत बढ्ने भएकोले बाध्यात्मक रूपमा घटी मूल्यमा पनि वस्तु बिक्री गर्नुपर्ने हुन सक्ने र सो कुरालाई प्रमाणित गर्ने लेखा र विल विजक उत्पादन कम्पनीले पेस गरिरहेको अवस्थामा निर्णय गर्ने अधिकारीले सो कुरालाई अन्यथा नभनी घटी मूल्यमा वस्तु बिक्री गर्न नपाउने भन्ने आधार लिई गरेको निर्णयबाट सो रकम आयमा समावेश गर्न मिल्ने नदेखिने ।

करदाताले सुरू कार्यालयमा पेस गरेको कागजातमा समेत जुन वर्षमा सम्पत्ति थप भएको हो सोही वर्षको थप सम्पत्तिमा मात्र ह्रास कट्टी आयकर ऐन, २०५८ को परिधिभित्र रही गरेको भनी उल्लेख भएको र उक्त कुरा लेखा परीक्षणको प्रतिवेदनले पुष्टि गरिरहेको सन्दर्भलाई अन्यथा भन्न नसकेको र करदाताले आफ्नो आयमा बोनस ऐन, २०३० को दफा ५(१) बमोजिम कम्पनीको मुनाफाको १०% हिसाब गरी बोनस खर्च भनी कट्टा गर्न यथेष्ट प्रमाणसहित पेस कुरालाई अन्यथा भन्न नसकिने हुँदा उक्त रकमसमेत करदाताको आयमा समावेश हुन सक्ने अवस्था देखिन नआउने ।

गत आ.व. को नोक्सानी सरेको रकमको सम्बन्धमा हेर्दा आयकर ऐन, २०५८ को दफा २०(१) मा आय गणना गर्ने प्रयोजनका लागि व्यवसायमा बेहोर्नु परेको नोक्सानी कट्टा गर्न मिल्ने उल्लेख भई रहेको सन्दर्भमा निर्णय गर्ने अधिकारीले अन्यथा भन्न सकेको नदेखिँदा उक्त रकमसमेत करदाताको आयमा समावेश हुन सक्ने देखिन आएन । त्यस्तैगरी कार्यालय परिसरमा भएको भगवान्को पूजा खर्चलाई व्यावसायिक प्रयोजनकै खर्च मान्नुपर्नेमा घरेलु प्रकृतिको भनी करदाताको करयोग्य आयमा समावेश गर्ने गरी सुरू कार्यालयको निर्णयसमेत मिलेको देखिन नआउने ।

यसरी उल्लिखित आधार र कारणबाट लागतभन्दा घटी दरमा बिक्री गरेको भनी अमान्य गरेको मौज्दात मूल्याङ्कन घटी गरेको, बोनस खर्च, गत आ.व. को नोक्सानी सरेको र पूजा खर्चलाई अन्यथा गरी आयमा समावेश गर्ने गरी गरेको आन्तरिक राजस्व कार्यालय सिमराले गरेको निर्णय र सोलाई समर्थन गर्ने गरी गरेको आन्तरिक राजस्व विभागको निर्णय केही उल्टी हुने ठहर्‍याई गरेको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६८।९।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- इश्वरमणि ओझा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल पौष २५ गते रोज ३ शुभम् ।

- यसमा यसै लगाउको ०७१-RB-०२०९ , मूल्य अभिवृद्धि कर, दीपककुमार पहाडी वि.

राहुलकुमार अग्रवाल भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको ।

२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** *०६८-CI-११९२, मोही कायमसमेत, उषा श्रेष्ठ वि. रामबहादुर बरूवालसमेत*

विवादित जग्गाको फिल्डबुकमा जोताहाको नाम थर वतनमा राम बहादुर बरूवाल उल्लेख हुनुका साथै जग्गाधनी प्रमाण पुर्जामा समेत मोही राम बहादुर बरूवाल भनी जनिएको देखिएको र पुनरावेदक उषा श्रेष्ठका पति पन्ना श्रेष्ठसमेत भई चलेको मुद्दामा ११०१ को जग्गामा सम्म पुतली नानी श्रेष्ठसँग दामासाहीले हिस्सा गरी गुठी चलाउन पाउने भनी फैसला भएको देखिँदा पुतलीनानी श्रेष्ठ विवादको कि.नं. ५१ को जग्गाको गुठियार भएको भन्नेसमेत देखिएन । साथै पुतलीनानी श्रेष्ठले गुठी लगत तथा तहसिल कार्यालयमा बयान गर्दा समेत उक्त जग्गाको गुठियार आफू नभएको भनी उल्लेख गरेको देखिँदा उषा श्रेष्ठ र कस्तुरी मैया श्रेष्ठको दाबी पुग्न नसक्ने देखिएकाले गुठी संस्थान तहसिल कार्यालय काठमाडौंबाट भएको निर्णय सदर हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६६/१०/२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल मङ्सिर १० गते रोज १ शुभम् ।

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०६९-WO-०७८९, उत्प्रेषण, सुखल मियाँ, भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत*

मालपोत कार्यालय, बाराले निवेदक मागबमोजिम छुट जग्गा दर्ता हुने नहुने, निवेदकको हकाधिकारभित्रको जग्गा हो, होइन भनी निर्णय गर्नुपर्नेमा विभागको च.नं.२५ मिति २०६८।४।२६ को पत्रको हवाला दिँदै दर्ता गर्न सहमति दिन नसकिने भन्दै अदालतबाट हक कायम गराई ल्याएका बखत कारबाही हुने भनी मिसिलको दायरी लगत कट्टा गरी मिसिल तामेलीमा राख्ने भनी मालपोत कार्यालय, बाराले गरेको मिति २०६९।६।३ को निर्णय कानूनसम्मत मान्न मिलेन । मालपोत ऐन, २०३४ ले छुट दर्ता जग्गा गर्ने नगर्ने सम्बन्धमा सम्पूर्ण निर्णय गर्ने अधिकार सम्बन्धित मालपोत कार्यालयका प्रमुख मालपोत अधिकृतलाई प्रदान गरिरहेको सन्दर्भमा निजबाटै छुट जग्गा दर्ता हुने नहुने भनी निर्णय गर्नुपर्नेमा विभागको पत्रानुसार गरेको निर्णय कानूनसम्मत हो भनी भन्न सकिने अवस्था नरहने ।

यसरी विवादित जग्गा दर्ता गर्ने सम्बन्धमा यी निवेदकले मिति २०२६।७।२० मा दिएको निवेदन र सो निवेदनसँग सम्बन्धित प्रमाण कागजहरू विवादित जग्गासँग सम्बन्धित हुने होइन ? सो सम्बन्धमा विवेचना गरी निर्णय गर्नुपर्नेमा सो गरेको देखिएन । मुद्दाको तथ्य र प्रमाणको विवेचना प्रस्तुत रिटबाट बोल्न नमिल्ने भए पनि साबिकको प्रमाणहरूको विवेचना नगरी गरिएको मालपोत कार्यालय, बाराको मिति २०६९।६।३ को निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब विवादित जग्गाको सम्बन्धमा निवेदकले देखाएका प्रमाणहरू के कस्ता हुन् तत् सम्बन्धमा विवेचना गरी पुनः निर्णय गर्नु भनी मालपोत कार्यालय, बाराका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः इश्वरमणी ओझा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल माघ २४ गते रोज ४ शुभम् ।

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७२-CR-०६१९, वैदेशिक रोजगार कसुर, रेशम लामिछाने वि. नेपाल सरकार*

जाहेरवाला हिराबहादुरले आफूले दिएको जाहेरी बेहोरालाइ समर्थन गरी भ्याली भिजन

कन्सल्टेन्सी प्रा.लि. मा रू. ११,५०,०००।– एघार लाख पचास हजार बुझाई रसिद लिएको भनी अभियोग दाबी समर्थन गरी बकपत्र गरेको देखिन्छ। यी प्रतिवादीले आफूले ३ वटा रसिदमा भएको सहीछाप आफ्नो हो भनी स्वीकार गरी जाहेरवालाले बुझाएको रकम फरार प्रतिवादी नन्दलाललाई दिएको भने पनि सो रकम दिएको पुष्टि हुने कागज प्रमाण पेस गर्न सकेको नदेखिँदा केवल प्रतिवादीको मौखिक भनाइलाई आधार मान्न मिलेन। जाहेरवालाबाट पेस भएका चारवटा नगदी रसिदमा यी पुनरावेदकसहित फरार प्रतिवादी नन्दलालसमेतले रू.११,५०,०००/- पटकपटक बुझी सही गरी दिएको र अष्ट्रेलिया पठाउने भनी रकम लिई विदेश नपठाई ठगी गरेको कसुरमा यी प्रतिवादीसमेतलाई कसुर ठहर गरेको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेकै देखिँदा सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

माथि विवेचित आधार, कारणसमेतबाट प्रतिवादीहरू रेशम लामिछाने र नन्दलाल लामिछानेको कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुरमा सोही ऐनको दफा ४३ बमोजिम २ वर्ष कैद र जनही रू.२,००,०००।- (दुई लाख) जरिवाना र बिगोको हकमा अभियोग माग दाबीबमोजिम हर्जानासहितको रकम प्रतिवादीहरूबाट जाहेरवालाले भरी पाउने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।४।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल कार्तिक २३ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७२-CR-०६२०, वैदेशिक रोजगार कसुर, रेशम लामिछाने वि. नेपाल सरकार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी,** *०७२-CR-१५१८, ०७१-CR-१६०२, कर्तव्य ज्यान, ईन्द्रबहादुर चौधरी वि. नेपाल सरकार*

प्रतिवादीको धकेलाधकेलसमेतको क्रियाबाट आफ्नै दाजु कल्लु चौधरीको सोही घटनाबाट उपचार गराउन लैजाने क्रममा मृत्यु भएको देखिन्छ। यस अवस्थामा यी प्रतिवादीले मार्ने नियतले आफ्नै दाजुलाई पूर्व योजना रिसइवी बनाई योजनाबद्ध रूपमा वारदात घटेको अवस्था देखिएन। दाजुले आफ्नै घरमा जाऊ भनी अन्य दुईजना व्यक्तिसँगै दाजुको घरमा आई बसी रक्सी खाएको अवस्थामा प्रतिवादीले आफूले पाउनुपर्ने रूपैंयाँ सम्बन्धमा विवाद हुँदा तत्काल उठेको रिस थाम्न नसकी बिरामी दाजुलाई कुटपिट धकेला धकेल गरेको परिणाम स्वरूप घटना घट्न गएको मिसिल संलग्न प्रमाणबाट देखिने।

प्रस्तुत मुद्दाको उठान, मृतकको शरीरमा घाउ चोट नभएको स्थिति र प्रतिवादीले रूपैयाँ पाउनुपर्ने कुरामा विवाद भई तत्काल आवेशमा आई उठेको रिस थाम्न नसकी लातमुक्काको प्रहारबाट घटना घटी सोही चोट पिरले दाजु कल्सु चौधरीको मृत्यु भएको देखिँदा यी प्रतिवादीको कार्य ज्यानसम्बन्धी महलको १४ नं. विपरितको देखिन आएकोसमेतका आधारमा प्रतिवादीलाई आवेशप्रेरिततर्फ कसुर ठहर गरी १० वर्षको कैद सजाय हुने ठहराई भएको पुनरावेदन अदालत तुल्सीपुरको फैसला न्याय र कानूनको रोहमा मनासिब नै देखिँदा सफाइ पाउनु पर्दछ भन्ने प्रतिवादी र दाबीबमोजिम सजाय हुनु पर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित तथ्य र कानूनसमेतका आधारमा प्रतिवादीलाई सुरू दाङ देउखुरी जिल्ला

अदालतबाट सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरी भएको फैसला केही उल्टी गरी ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत तुल्सीपुरबाट मिति २०७२।५।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल कार्तिक २३ गते रोज ५ शुभम्।

६

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७३-CR-०६३७, वैदेशिक रोजगार कसुर, ओमकाजी भण्डारी वि. नेपाल सरकार*

प्रतिवादीले अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा जाहेरवाला आकाश बुढाले रू.५,५०,०००।- र मैले रू.५,५०,०००।- गरी जम्मा रू.११,००,०००।- अमेरिका मुलुकमा बस्ने सुरज अधिकारीलाई नेपालबाट हुण्डी गरी अमेरिका पठाएको हो। मिति २०७०।७।१० को लिखत कागजमा भएको सहीछाप मेरो आफ्नै हो। सो कागज जबरजस्ती गराएको हो सो उपर कहीँकतै उजुर गरेको छैन भनी बयान गरेको पाइन्छ । यी प्रतिवादीले आफू पनि विदेश जाने भनी रकम बुझाएको भन्ने जिकिर लिए पनि सो रकम सुरज अधिकारी र भारतमा मंजित सिंहलाई बुझाएको भन्ने बयान गरे पनि निजहरूउपर दाबी लिई उजुर गर्न सकेको र रकम बुझाएको लिखत कागज पेस गर्न सकेको नपाइने।

जाहेरवालाले पेस गरेको लिखत जबरजस्ती गराएको भन्ने जिकिर लिएकोमा जबरजस्ती लिखत गराएको भए आफूलाई फुर्सद भएपछि सोउपर उजुरी गरी कानूनी उपचार खोज्नुपर्नेमा सो नगरी केवल आफूउपर दायर भएको मुद्दाबाट उन्मुक्ति पाउन सकिन्छ कि भनी लिएको जिकिरलाई प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम ...**सजायबाट रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुने छ** भन्ने कानूनी व्यवस्था रहेको देखिँदा सोअनुसार जिकिर प्रमाणित गर्न सकेको नदेखिने।

जाहेरवालाले कागजमा उल्लेख भएको रकम वैदेशिक रोजगारमा जानका लागि प्रतिवादीलाई बुझाए हो भनी मौकामा कागज गरिदिएको पाइन्छ भने वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष उपस्थित भई आफ्नो जाहेरी दरखास्तलाई प्रमाणित हुने गरी बकपत्र गरेकोसमेत देखिएबाट वैदेशिक रोजगारीमा पठाउने इजाजत नभएका प्रतिवादी ओमकाजी भण्डारीले जाहेरवाला आकाश बुढालाई अमेरिका वा क्यानडा वैदेशिक रोजगारमा पठाउने भनी रकम लिई विदेश नपठाई रकमसमेत फिर्ता नगरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर ठहर गरी सजाय गर्ने गरेको वैदेशिक रोजगार न्यायाधिकरणको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, प्रतिवादी ओमकाजी भण्डारीले आरोपित कसुर गरेको देखिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम निज प्रतिवादीलाई २ (दुई) वर्ष कैद र रू.२,००,०००।- (दुई लाख) जरिवाना हुने र जाहेरवालाको बिगो र क्षतिपूर्ति प्रतिवादीबाट भराइदिने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।११।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७४ साल कार्तिक २३ गते रोज ५ शुभम्।

७

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७३-CR-१२२१, लागु औषध (गाँजा), सन्तोष राई वि. नेपाल सरकार*

आफू छिन्ताङ्ग घरमा नभएको कारण अदालतबाट जारी भएको म्याद थाहा नभएको भनी निज प्रतिवादीले कोरियन भाषा सिक्न धरान बसेको

भनी अन्यत्रावस्थाको जिकिर लिए पनि सोलाई पुष्टि हुने कुनै विश्वसनीय प्रमाण पेस गर्न सकेको देखिँदैन । कोरियन भाषा सिक्न घर बाहिर धरान इन्स्टिच्युट भर्ना भएको भए सो कुरा प्रमाणित गर्ने प्रमाण बयान हुँदाकै अवस्थामा पेस गरी जिकिर लिनुपर्नेमा सो गर्न सकेको नदेखिने ।

पुनरावेदकले आफ्नो बयानमा मिलन विशुंखेको बुबा भिमबहादुर विशुंखेसँग मेरो घरमा जाँड खाएर आएको बेला सामान्य झगडा भएको कुरालाई लिएर मिलन विशुंखेले झगडा गर्न खोजेको र सोही रिसइवीका कारण मलाई यो गाँजा मुद्दामा फसाएको हो भनी लेखाए पनि सामान्य झगडाको विषयमा मिलन विशुंखेले यी प्रतिवादीलाई लागु औषध मुद्दामा पोल गर्नुपर्ने कारण देखिँदैन । बस चेक जाँच गर्दा समातिएका बसका सहचालक प्रतिवादी मिलन विशुंखेले मौकामा कागज गर्दा बरामद भएका दुईवटै जेब्रा झोलाको गाँजा छिन्ताङ्गका मैले चिनेको सन्तोष राईले ल्याई यो झोलामा सामान छ, सामान तिमीलाई थाहा नै छ, पञ्चकन्या स्टेसनबाट तेलिया काइली भन्ने महिला बसमा चढ्छिन्, यो पैसा ५००।- पनि दिनु भनी दुई वटै झोला डिकीमा हालिदियो, उक्त लागु औषध गाँजा निज सन्तोष राईकै हो भनी किटानीका साथ झोला बसमा राखेको र बस हिँडाउँदासम्मको कुरा उल्लेख गरेको र सोही मौकाको कागजलाई समर्थन हुने गरी अदालतमा समेत बयान गरेको देखिने ।

पुनरावेदक प्रतिवादीउपर सहप्रतिवादीको अधिकारप्राप्त अधिकारी र अदालतमा भएको किटानी बयान, यी प्रतिवादी वारदात भएदेखि नै गाउँघरबाट फरार रहेको अवस्था, निज पुनरावेदकले बयान गर्दा आफू धरानमा भाषा सिक्न इन्स्टिच्युटमा रहेको भनी भने पनि यसलाई पुष्टि गर्ने आधार प्रमाण पेस गर्न नसकेको स्थिति र सहप्रतिवादी मिलन विशुंखेले रिसइवीका कारण आफूलाई फसाएको भने पनि फसाउनुपर्ने युक्तियुक्त कारण खुलाउन नसकेकोसमेतका आधार प्रमाणबाट यी प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सजाय गर्ने गरी पुनरावेदन अदालत धनकुटाबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

तसर्थ, माथि विवेचित तथ्य, आधार र कारणहरूबाट समेत प्रतिवादी सन्तोष राईलाई अभियोग माग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (क) को कसुरमा ऐजन ऐनको दफा १४ को उपदफा (१) को खण्ड (घ) को देहाय (५) बमोजिम तीन वर्ष कैद र रू. तिस हजार जरिवाना हुने गरी सुरू धनकुटा जिल्ला अदालतको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत धनकुटाबाट मिति २०७३।५।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : ईश्वरीप्रसाद भण्डारी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल कार्तिक २३ गते रोज ५ शुभम् ।

८

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७०-WO-००१०, परमादेश, गणेश झा वि. भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, सिंहदरबारसमेत*

नीतिगत तवरबाट कुनै कार्यको सुरूआत गर्नुपर्दा पहिले उपयुक्त पूर्वाधारको सुरूवात नीति जारी गर्दाकै अवस्थामा गरिनुपर्ने हुन्छ । उपयुक्त निर्देशिका जारी गरी मिति २०७०।१।१ बाट कार्यान्वयन गर्दाकै अवस्थामा पूर्वाधार तयार गरी सुरूवात गर्नुपर्नेमा ढिलाई हुन गई नागरिक सेवाबाट बन्चित हुन पुगेको देखियो । यसतर्फ सरकार नीति निर्देशन कार्यान्वयन गर्ने निकाय सजग र चनाखो रहिरहनुपर्ने विषयमा ध्यान पुग्नु आवश्यक हुन्छ । विद्वान् सहन्यायाधिवक्ताले बहसको क्रममा सवारी चालक अनुमतिपत्र वितरणका लागि सञ्चालन गर्ने प्रयोगात्मक परीक्षालाई व्यवस्थित गर्ने निर्देशिका, २०६९ सालमा जारी भएको

मापदण्डबमोजिम हाल सवारी चालक अनुमतिपत्र वितरण गर्ने कार्य भइरहेको भनी उल्लेख गर्नु भएबाट सवारी चालक अनुमतिपत्र वितरणका लागि सञ्चालन गर्ने प्रयोगात्मक परीक्षालाई व्यवस्थित गर्ने निर्देशिका, २०६९ निर्देशिकाबमोजिमको पूर्वाधार तयार गरी हाल सवारी चालक अनुमतिपत्र वितरण भइरहेको मान्नुपर्ने देखिन आउने।

कानून र नियमले तोकेको मापदण्डलाई लागु गर्नुपर्ने राज्य संयन्त्रको कार्य हुने र सोको पालना गर्नुपर्ने दायित्व नागरिकको हुने हुँदा कानूनले तोकेको मादण्डबमोजिम सवारी चालक अनुमतिपत्र दिने लिने प्रक्रियाको व्यवस्थापन गर्ने कार्य कानूनमा व्यवस्था भएबमोजिम नै हुने हुँदा रिट निवेदकलगायतले कानूनबमोजिमको प्रक्रिया पूरा गरेपछि सवारी चालक अनुमतिपत्र प्राप्त गर्न सक्ने नै देखियो। सवारी चालक अनुमतिपत्र प्रदान गर्ने कार्य कानूनले नरोकेको अवस्थामा कानूनी प्रक्रिया पूरा गरी सवारी चालक अनुमति पत्र लिन सक्ने नै हुँदा कानूनमा भइरहेको व्यवस्था कार्यान्वयन गर्नु भनी परमादेश जारी गरिरहनुपर्ने देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल कार्तिक २० गते रोज २ शुभम्।

९

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७२-CI-१७०७, उत्प्रेषण / परमादेश, अचलेश्वर दत्त श्रेष्ठसमेत वि. संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालय सिंहदरबारसमेत*

नेपाल औषधी लिमिटेडको कर्मचारी सेवा सर्त नियमावली, २०५४ को नियम ८४ को संशोधित व्यवस्थाले सामूहिक सावाधिक जीवन विमाङ्क रकमप्रति कर्मचारीको सुरू तलबको ५(पाँच) वर्ष बराबरको हुने व्यवस्था गरेकोमा सो व्यवस्था सञ्चालक समितिको नि.नं.२३७२ मिति २०६९।१२।१८ मा निर्णय भई लागु भएको देखिने।

निवेदकहरू विपक्षी नेपाल औषधी लिमिटेडमा विभिन्न पदमा कार्यरत रही मिति २०६७/५/९ देखि मिति २०६९/४/३ सम्म अलगअलग मितिमा अवकाश भएको तथ्यमा विवाद छैन । निज निवेदकहरूले अवकाश लिँदा तत्काल बहाल रहेको कर्मचारी सेवा सर्त नियमावली र नेपाल औषधी लिमिटेडको सञ्चालक समितिको मिति २०६४।४।३२ को बैठक नं.५६४ नि.नं.२१३५ बमोजिमको सुविधा रू.५००००।- लिई अवकाश भएकोले सेवा निवृत्त हुँदा बहाल रहेको कानूनी व्यवस्थाबमोजिमको सुविधा नपाएको भने नदेखिने।

वस्तुत: कर्मचारीले अवकाश प्राप्त हुँदा बहाल रहेको कानूनी व्यवस्थाबमोजिमको सुविधा नपाएको भन्ने नदेखिएको र तत्कालको कानून व्यवस्थाबमोजिम सावाधिक जीवन बीमाबापतको पाउने रकम रू. ५० हजार सुविधा लिइसकेपश्चात् आफू बहाल रहँदा कुनै प्रस्ताव पेस भएकै भरमा कानून लागु हुने मितिअगावै संशोधित व्यवस्थाबमोजिमको रकम पाउने भनी दाबी गर्नु विधिसम्मत हुँदैन। स्वीकृत प्रस्तावले मिति २०६९/१२/१८ मा सञ्चालक समितिको बैठकले निर्णय गरी नियमावली संशोधन गरेपश्चात् नै मुर्त रूप ग्रहण गरेको र सो सुविधा बहालवाला कर्मचारीहरूको हकसम्म लागु हुने देखिएकोले अवकाश प्राप्त कर्मचारीहरूको हकमा समान रूपमा लागु हुने देखिएन।

तसर्थ, विवेचित आधार कारणसमेतबाट निवेदन मागबमोजिम निषेधाज्ञा परमादेशको आदेश जारी हुने अवस्थाको विद्यमानता रहे भएको नपाइँदा प्रस्तुत निवेदन खारेज हुने ठहराई पुनरावेदन अदालत पाटनले मिति २०७२।१२।३ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

इति संवत् २०७४ साल कार्तिक २६ गते रोज १ शुभम्।

१०

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७३-CI-०२२९, उत्प्रेषण / परमादेश, बाबुकाजी महर्जन वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

गुठीको घर जग्गा भए कुनै किसिमले रैकर वा सरकारी भई दर्ता हुनु निश्चय नै गुठी स्थापनाको उद्देश्यको प्रतिकूल कार्य हो । तर प्रस्तुत मुद्दामा दाबीको जग्गा गुठी नै भएकोमा विवाद देखिन्छ । एकातर्फ विवादित जग्गाको प्रकृति (निजी गुठी र सरकारी) मै विवाद रहेको र हक भोग स्वामित्वकर्ता को हो भन्ने सम्बन्धमा पनि विवाद रहेपछि सोको निराकरण साबिक दर्ता तिरो जस्ता प्रमाणले निश्चित गर्ने हुदा त्यस्तो प्रमाण बुझी यकिन गर्नुपर्ने प्रश्न समावेश भएको मुद्दा साधारण क्षेत्राधिकारको विषय हुने ।

सुनुवाइको मौका नदिएको भनी निवेदकले प्रस्तुत मुद्दामा प्रश्न उठाएको भए पनि यी दाबीकर्ता नेपाल सरकारले दर्ता गर्दाको अवस्थामा अभिलेखीकृत जग्गाधनी भन्ने नदेखिएपछि प्रतिवादी कायम तथा सूचना सम्प्रेषण नभएको भन्ने उठाइएको प्रश्न मनासिब देखिँदैन । साबिक दर्ता तिरो छ भन्ने आधारमा हाल आएर जग्गाधनी दाबी गर्ने तर साधारण क्षेत्राधिकारबाट वैकल्पिक रूपमा कानूनी उपचार नखोजी रिट क्षेत्राधिकारमा प्रवेश गरेको देखिने ।

मुद्दाको प्रकृति तथा कानूनी व्यवस्थाबाट छुट जग्गा दर्ता, दर्ता बदर हक कायम वा गुठी कायम, निर्णय बदर जस्ता प्रमाण बुझी निरूपण हुनुपर्ने विवादमा साधारण क्षेत्राधिकारबाटै समाधान हुने विषयमा असाधारण क्षेत्राधिकार ग्रहण गरी हस्तक्षेप गर्नु कानून र न्यायको सिद्धान्तविपरीत हुन जाने ।

निवेदन दाबीको जग्गा मिति २०५०/८/९ मा तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता गर्ने गरी निर्णय भएको देखिएकोमा सम्बन्धित निर्णय मिसिलको अभावमा साबिक दर्ता प्रमाणको समेतको के कुन आधारमा निर्णय भएको भन्ने खुल्न आएन । निवेदन दाबीको कि.नं. १६० को जग्गा तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता गर्ने गरी भएको उक्त मिति २०५०।८।९ को निर्णय बदर गुठी कायम जस्ता मुद्दा दर्ता गरी साधारण क्षेत्राधिकारबाटै वैकल्पिक रूपमा उपचार प्राप्त गर्न सक्ने नै देखिएकोले निवेदकले सम्बन्धित निकायमा कानूनबमोजिम कारबाही चलाएको अवस्थामा ठहरेअनुसार हुने नै देखिने ।

वस्तुत: दाबीको कि.नं.१६० को जग्गा नेपाल सरकारको नाउँमा दर्ता भएको निर्णयउपर भनेबमोजिम निर्णय बदर तथा गुठी कायम गरिपाउन वैकल्पिक रूपमा निवेदकले सम्बन्धित निकायमा कानूनबमोजिम कारबाही चलाएको अवस्थामा ठहरेबमोजिम हुने नै हुँदा निवेदकको निवेदन मागअनुरूपको आदेश जारी हुने देखिएन भनी रिट खारेज हुने ठहराएको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिन आउने ।

तसर्थ विवेचित आधारमा निवेदकको रिट निवेदन खारेज हुने ठहराएको पुनरावेदन अदालत पाटनको मिति २०७२।५।२३ आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७४ साल कार्तिक २६ गते रोज १ शुभम्।

११

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७१-CR-१६१६, डाँका चोरी, जल्लु धोबी वि. नेपाल सरकार*

प्रतिवादीउपर चोरीको १४(४) नं. बमोजिम सजायको मागदाबी लिए पनि प्रस्तुत मुद्दाका प्रतिवादीहरूले श्याम रोडा उद्योगमा चौकीदार र गोलेराम हरिजनलाई नियन्त्रणमा लिई हातखुट्टा बाँधी साथमा भएको मोबाइल फोन र विद्युत् ट्रान्सफर्मरभित्रको तामाको तार निकाली लगेको भन्ने जाहेरी र यी प्रतिवादीले अनुसन्धानसमक्ष

बयान गर्दा आफूसमेत ४ जना भई चोरी गरेको कसुर स्वीकार गरी अनुसन्धानसमक्षको बयानमा ३ जना नचिनेका केटाहरूले मलाई पनि रक्सी खुवाई मलाई उद्योगको चौकीदारसँग राखी दिई चोरेका मैले जाहेरवालासमेतलाई हातखुट्टा बाँधेको होइन मैले खोली दिएको र चोरी गरी ३ जना केटाले लुकाएको सामान देखेको भनी वारदातमा संलग्न रहेको तथ्य स्वीकार गरेको अवस्थामा केवल अदालतसमक्षको इन्कारी बयानलाई स्वयं अनुसन्धानसमक्षको बयान र यी प्रतिवादीले देखाएको स्थानबाट चोरीका सामान बरामद भएको जाहेरवालाले यी प्रतिवादीले चोरी गरेको भनी सनाखत गरेकोसमेतका प्रमाणबाट खण्डन भई चोरीको कसुर पुष्टि भएको देखिने।

चोरीको महलको ४ नं. ले गरेको व्यवस्थाअनुसार जबरजस्ती चोरीको कसुर गरेको पुष्टि हुन आएको देखिँदा सो कसुर गर्नेलाई चोरीको महलको १४(१) नं. ले जबरजस्ती चोरी गर्नेलाई यसै महलको १२ नं. बमोजिम हुने सजायको डेढो बढाई सजाय गर्नुपर्दछ भन्ने कानूनी व्यवस्था हुँदा यी प्रतिवादीले बिगो रू.१,५१,२७८।– बराबरको धनमाल जबरजस्ती चोरी गरेको ठहरेकाले चोरीको १४ नं. बमोजिम यी प्रतिवादी जल्लु धोबीलाई १ महिना १५ दिन कैद र बिगोको डेढो रू. २,३७,९५५।– जरिवाना ठहराई र प्रतिवादीले अदालतसमक्ष राखेको धरौट तारेख गुजारी बसेमा जफत भए मन्जुर छु भनी अ.बं.१२४ नं. बमोजिम कागज गरेका र मुद्दामा तारेख छोडी बसेको अवस्थामा निजले राखेको धरौट जफत हुने कानूनी व्यवस्थाबमोजिम धरौट जफतसमेत गरी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, उल्लिखित आधार प्रमाणबाट यी प्रतिवादीलाई चोरीको महलको ४ नं. को कसुरमा ऐजन १४(१) नं. बमोजिम १ महिना १५ दिन कैद बिगोको डेढी रू.२३७९५५।– जरिवाना भइ जरिवानाबापतसमेत कैद हुने ठहर गरी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७१।३।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७४ साल जेठ २८ गते रोज १ शुभम्।

## इजलास नं.१

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७१-CI-०३४४, निषेधाज्ञा, ठुलीकान्छी तामाङनी वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत*

विगत २२ वर्षदेखि आफ्नो भोगचलनमा रहेको घरबासबाट विपक्षीहरूले अनधिकृतरूपमा हटाउने आशङ्का जनाई निषेधाज्ञाको आदेश जारी गरिपाउँ भनी निवेदन गरेको देखिन्छ। तर निवेदिकाले आफ्नो भोग चलनमा रहेको भनी दाबी गरेको घरजग्गाको भोग र स्वामित्व पुष्टि हुने कानूनबमोजिमको प्रमाण पेस गरी भोग र स्वामित्व प्रमाणित गर्न सकेको देखिएन । निवेदकको स्थापित अधिकार प्रमाणित भएको अवस्थामा नागरिक अधिकार ऐन, २०१२ बमोजिम कानूनी उपचार प्रदान गर्ने अवस्था रहन्छ। प्रस्तुत विवादमा त्यस प्रकारको अवस्था देखिँदैन। निवेदिकाले दाबी लिएको कि.नं. २२४ को २५६.०० वर्गमिटर जग्गा र उक्त जग्गामा आफैँले कच्ची घर निर्माण गरी भोगचलन गरिआएको भनी विपक्षीमध्येका अनुप क्षेत्री र पदमा विष्टको लिखित जवाफ बेहोरा देखिने।

अतः विवादित जग्गामा निवेदिकाको निर्विवाद हक अधिकार रहेको नदेखिएको, निवेदिकाको कुनै हकमा गैरकानूनी तवरबाट आघात पार्ने आशङ्काको स्थितिसमेत नरहेको हुँदा मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने भनी निवेदन खारेज हुने

ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०७१।४।१४ को आदेश मनासिब देखिँदा सदर हुने।
इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय
कम्प्युटर: रमला पराजुली
इति संवत् २०७५ साल पुस ११ गते रोज ४ शुभम्।

**२**

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७३-CI-०३५७, निषेधाज्ञा, विरेन्द्र सिंहसमेत वि. शत्रुधन यादव*

यसमा निवेदन दाबीको पोखरी २०२६ सालमा सर्भे नापी हुँदा जिल्ला धनुषा, इटहर्वा गा.वि.स., वडा नं. ५(क), कि.नं. ५५ को क्षेत्रफल बिगाहा ०-१३-१६ जग्गामा रहेको पोखरी भनी नापी भएको र उक्त नापी हुँदा फिल्डबुकमा किसानको महल खाली रहेको भन्ने तथ्य निवेदन बेहोरा र विपक्षीहरूमध्येका विरेन्द्र सिंह तथा विन्देश्वर सिंहको लिखित जवाफ बेहोराबाट देखिन्छ। २०२६ सालको सर्भे नापीका बखत उक्त पोखरी कसैको नाममा निजी पोखरीको रूपमा नापी भएको भन्ने देखिँदैन। उक्त पोखरीमा आफ्नो निजी हक कायम गराउने उद्देश्यले पुनरावेदकहरू विरेन्द्र सिंह र विन्देश्वर सिंह राजपुतको तर्फबाट हक कायम पोखरी दर्ता सम्बन्धमा धनुषा जिल्ला अदालतमा मुद्दा चलिरहेको छ भनी निज पुनरावेदक तर्फका विद्वान् अधिवक्ताहरूले बहसको सिलसिलामा जिकिर लिनुभएको समेत देखिएको छ। सोही मुद्दाबाट नै विवादित पोखरीको हक र दर्तासम्बन्धी प्रश्नको निरूपण हुने नै देखिन्छ। हालसम्म विवादित पोखरीमा पुनरावेदकको निर्विवाद हक स्थापित भएको नदेखिने।

प्रस्तुत मुद्दामा पनि दाबीको पोखरीमा पुनरावेदक विरेन्द्र सिंहसमेतको निर्विवाद हक रहेको देखिएन। तसर्थ पुनरावेदकको निर्विवाद हक नरहेको हालको अवस्थामा दाबीको पोखरीमा पुनरावेदकले आफ्नो निजी पोखरीसरहको हक अधिकार प्रयोग गर्न मिल्ने नदेखिने।

विवादित पोखरीमा पुनरावेदकको निर्विवाद हक स्थापित रहेको नदेखिएको हुँदा तथा यसै विषयमा धनुषा जिल्ला अदालतमा मुद्दा विचाराधीन रहेको भन्ने समेत देखिँदा विवादित पोखरीमा हस्तक्षेप गर्ने, माटो पुर्ने जस्ता काम नगरी पोखरीलाई यथास्थितिमा राख्ने गरी भएको पुनरावेदन अदालत जनकपुरको मिति २०७३।१।२८ को आदेश मनासिब नै देखियो। अतः निवेदन मागबमोजिम जिल्ला धनुषा, इटहर्वा गा.वि.स., वडा नं. ५(क), कि.नं.५५ को क्षेत्रफल बिगाहा ०-१३-१६ जग्गामा रहेको पोखरीमा हस्तक्षेप नगर्नु, माटो नपुर्नु तथा माटो पुर्ने काममा सहयोग नगर्नु भनी विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत जनकपुरको मिति २०७३।१।२८ को आदेश मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय
कम्प्युटर: रमला पराजुली
इति संवत् २०७५ साल पुस ११ गते रोज ४ शुभम्।

**३**

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७२-CR-०९७५, १६३०, ०७३-RC-००७३, कर्तव्य ज्यान, नेपाल सरकार वि. कमलेश यादव, विक्रम बस्नेत वि. नेपाल सरकार, नेपाल सरकार वि. सोमेश सुतिहारसमेत*

प्रस्तुत मुद्दामा मृतक पिन्टु भन्ने रामएकवाल सिंहको मृत्यु कर्तव्यबाट भएको देखिए तापनि प्रतिवादी विक्रम बस्नेतले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा आफू घटना हुँदा घटनास्थलमा उपस्थित भए पनि आफूले मृतकलाई मार्ने कार्यमा संलग्न नभएको भनी इन्कारी बयान गरेको, उक्त बयानमा निजले प्रतिवादीहरू विवेक पाण्डे तथा निरज काफ्लेसमेत मृतकलाई मार्ने कार्यमा संलग्न थिए भनी पोल गर्न सकेकोसमेत नदेखिएको, यी तिनैजना प्रतिवादीहरूले अदालतमा बयान गर्दा कसुरमा पूर्णरूपले इन्कार रही

बयान गरेको र प्रतिवादी निरज काफ्लेले अदालतमा गरेको इन्कारी बयानलाई निजका साक्षी खड्गबहादुर बस्नेत र प्रतिवादी विवेक पाण्डेले अदालतमा गरेको इन्कारी बयानलाई निजका साक्षी रामचन्द्र यादवले समर्थन हुने गरी अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ । जाहेरवालाले आफ्नो जाहेरीमा र प्रहरीमा कागज गर्ने लक्ष्मी सिंहसमेतले मौकामा कागज गर्दा प्रतिवादीहरू विक्रम बस्नेत, निरज काफ्ले र विवेक पाण्डेले मृतकलाई यो यसरी कुटपिट गरी मारेको हो वा मार्ने कार्यमा सहयोग गरेको हो भनी किटानी पोल गर्न नसकेको, प्रहरीमा कागज गर्ने व्यक्तिहरूले अदालतमा उपस्थित भई आफ्नो भनाइलाई पुष्ट्याईं गर्न नसकेको र प्रतिवादीमध्ये विक्रम बस्नेतले रड, विवेक पाण्डेले फट्टा र निरज काफ्लेले खुकुरी लिई घटनास्थलमा गएको भनी जाहेरवालाले जाहेरीमा लेखाएकोमा उक्त दशी सामान बरामद भएको नदेखिएको, जाहेरवालाले बकपत्र गर्दा वारदात घटना राति भएकोले को-कसले मृतकलाई कुटपिट गरेका हुन् चिन्न नसकेको भनी बकपत्र गरिदिएको देखिँदा प्रतिवादीहरू विरेन्द्र बस्नेत, विवेक पाण्डे र निरज काफ्लेसमेत मृतकलाई मार्ने कार्यमा संलग्न थिए भन्ने मिसिल संलग्न प्रमाण कागजबाट पुष्टि हुन सकेको नपाइने ।

प्रमाण ऐन, २०३१ को दफा २५ मा **"फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादी पक्षको हुने छ"** भन्ने देखिन्छ। फौजदारी मुद्दामा शंकाको सुविधा अभियुक्तले नै पाउने हुन्छ । शंकारहित तवरबाट कसुर प्रमाणित नभएसम्म अभियुक्तलाई कसुरदार ठहर गर्न मिल्दैन । प्रस्तुत मुद्दामा मृतक पिन्टु भन्ने रामएकवाल सिंहको मृत्यु कर्तव्यबाट भएको भन्ने लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट देखिई रहेको भए तापनि प्रतिवादीहरूसमेतको संलग्नतामा मृतकलाई कुटपिट गरी मृतकको मृत्यु भएको हो भन्ने मिसिल संलग्न कागज प्रमाणहरूबाट पुष्टि नभएसम्म प्रतिवादीहरूलाई कसुरदार ठहर गरी सजाय गर्न कानूनतः मिल्ने देखिँदैन । अतः प्रतिवादीहरू बिक्रम बस्नेत, निरज काफ्ले र विवेक पाण्डेले आरोपित कसुर गरेका हुन् भनी वादी नेपाल सरकारका तर्फबाट तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको नदेखिँदा प्रतिवादीहरू विक्रम बस्नेत, निरज काफ्ले र विवेक पाण्डेलाई आरोपित कसुरमा जन्मकैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत राजविराजको फैसला मिलेको नदेखिने ।

प्रत्यर्थी प्रतिवादी शिवशंकर कर्ण र कमलेश यादवलाई समेत अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, यी दुवैजना प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी देखिन्छ भने यी दुवै जना प्रतिवादीहरूले अदालतमा बयान गर्दा हामीहरू उक्त दिन घरमै रही हामीहरू मृतकलाई मार्ने कार्यमा संलग्न नरहेको भनी कसुरमा पूर्णरूपले इन्कार रही बयान गरेको देखिन्छ । प्रतिवादी शिवशंकर कर्णका साक्षी हरिहर साहसमेतले निजको इन्कारी बयानलाई समर्थन हुने गरी अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ । जाहेरवालाले आफ्नो जाहेरीमा यी प्रतिवादीहरूको नाम उल्लेख गर्न सकेकोसमेत देखिँदैन भने जाहेरवालालगायतका प्रहरीमा कागज गर्ने व्यक्तिहरूले यी प्रतिवादीहरूसमेत यसरी मृतकलाई मार्ने कार्यमा संलग्न थिए भनी लेखाउन सकेको देखिँदैन । प्रहरीमा कागज गर्ने व्यक्तिहरू अदालतमा उपस्थित भई बकपत्र गरी आफ्नो भनाइहरूलाई पुष्ट्याईं गर्न सकेकोसमेत पाइँदैन । प्रतिवादी विक्रम बस्नेतले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा यी प्रतिवादीहरूसमेत मृतकलाई मार्ने कार्यमा संलग्न थिए भनी पोल गरेकोसमेत देखिँदैन । साथै जाहेरवाला अदालतमा उपस्थित भई बकपत्र गर्दासमेत यी प्रतिवादीहरूसमेत मृतकलाई मार्ने कार्यमा संलग्न थिए भनी बकपत्र गर्न सकेकोसमेत नदेखिने ।

फौजदारी मुद्दामा शंकाको सुविधा अभियुक्तले पाउने र अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादी पक्षको हुने हुँदा प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले आरोपित कसुर गरेका हुन् भनी वादी नेपाल सरकारका तर्फबाट तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको नदेखिँदा प्रतिवादीहरूमध्ये कमलेश यादव र शिवशंकर कर्णलाई अभियोग माग दाबीबाट सफाइ दिने ठहराई सुरू सप्तरी जिल्ला अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको फैसला मिलेकै देखिँदा यी प्रतिवादीहरूसमेतलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू सोमेश सुतिहार र मनोजकुमार यादवको सम्बन्धमा विचार गर्दा, यी प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजायको मागदाबी लिई अभियोगपत्र दायर भएको देखिन्छ । यी दुवै जना प्रतिवादीहरूले अदालतमा बयान गर्दा कसुरमा पूर्णरूपले इन्कार रही बयान गरेको देखिए तापनि जाहेरवालाले आफ्नो जाहेरीमा आफ्नो छोरा मृतक पिन्टु भन्ने रामएकवाल सिंहलाई सोमेश सुतिहारसमेतका व्यक्तिहरू आई सोमेश सुतिहारले बोकी ल्याएको बन्चरोले टाउकोमा प्रहार गर्दा सोही चोटको कारणले निजको मृत्यु भएको हो भनी किटान गरी पोल गरेको देखिन्छ भने प्रतिवादी विक्रम बस्नेतले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा अन्जली झाको साइकल चोरी भएको विषयमा प्रतिवादी मनोजकुमार यादव र मृतक पिन्टु भन्ने रामएकवाल सिंहबिच वादविवाद भई मनोजकुमार यादवले कहाँबाट बन्चरो ल्याई उक्त बन्चरोले पिन्टु भन्ने रामएकवाल सिंहलाई टाउकोमा प्रहार गर्दा सोही बन्चरोको प्रहारबाट निज पिन्टु सिंहको मृत्यु भएको हो भनी किटानी पोल गरेको देखिन्छ । प्रहरीमा कागज गर्ने मृतकका बहिनी लक्ष्मीकुमारी सिंह र आमा सावित्रीदेवी सिंहले मौकामा कागज गर्दा यी प्रतिवादीहरूसमेतले मृतकको टाउकोमा बन्चरो प्रहार गरी मारेका हुन् । उक्त घटनामा यी प्रतिवादीहरूसमेत संलग्न थिए भनी लेखाइदिएको देखिन्छ । जाहेरवाला ललनसिंले जाहेरी दरखास्तमा तथा प्रतिवादी विक्रम बस्नेतले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा यी प्रतिवादीहरूले मृतकको टाउकोमा बन्चरोले प्रहार गरी निजको मृत्यु भएको हो भनी लेखाइदिएको तथ्यलाई मृतकको टाउकोमा ५x१ से.मी.-१, १०x१ से.मी. को-१ गरी दुईवटा घाउ रहेको भन्ने, मृतकको पोष्टमार्टम रिपोर्ट तथा मृतकको टाउकोमा ४ इन्च लामो, ३ इन्च गहिरो गम्भीर चोट रही सोही चोटको कारण निजको मृत्यु भएको भन्ने लास जाँच प्रकृति मुचुल्काबाट पुष्टि भइरहेको देखिन्छ। जाहेरवालाले अदालतमा उपस्थित भई बकपत्र गर्दा आफ्नो भनाइलाई परिवर्तिन गरी घटना राति भएकोले प्रतिवादीहरूलाई चिनिन भनी आफ्नो भनाइ परिवर्तन गरे तापनि मिसिल संलग्न किटानी जाहेरी दरखास्त, प्रहरीमा कागज गर्ने व्यक्तिहरूको भनाइ, प्रतिवादी विक्रम बस्नेतले अधिकारप्राप्त अधिकारीसमक्ष यी प्रतिवादीलाई किटानी पोल गरी गरेको बयान, पोष्टमार्टम रिपोर्ट, लास जाँच प्रकृति मुचुल्कासमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट यी प्रतिवादीहरूले मृतकलाई टाउकोमा बन्चरोसमेतले प्रहार गरी मारेको पुष्टि भइरहेको देखिँदा प्रतिवादीहरू सोमेश सुतिहार र मनोजकुमार यादवलाई अभियोग मागदाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको पुनरावेदन अदालत राजविराजको फैसला मिलेकै देखिन्छ । निजहरूको हकमा साधकको रोहमा पेस भएको देखिँदा साधकसमेत सदर हुने।

अत: विवेचित आधार र कारणहरूबाट प्रतिवादीहरू विक्रम बस्नेत, निरज काफ्ले, विवेक पाण्डे, सोमेस सुतिहार, मनोजकुमार यादव, कमलेश यादव र शिवशंकर कर्णलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरेको सुरू सप्तरी जिल्ला अदालतको

मिति २०६७।११।१७ मिति २०६७।१२।१६ र मिति २०६८।०३।२१ को फैसला केही उल्टी गरी प्रतिवादीहरू विक्रम बस्नेत, निरज काफ्ले र विवेक पाण्डेलाई ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद हुने ठहर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७२।०२।३२ को फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई प्रतिवादीहरू बिक्रम बस्नेत, निरज काफ्ले र विवेक पाण्डेले अभियोग मागदाबीबाट सफाइ पाउने ठहर्छ । प्रतिवादीहरू शिवशंकर कर्ण र कमलेश यादवलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरेको सुरू सप्तरी जिल्ला अदालतको मिति २०६७।११।१७ को फैसला सदर गरेको तथा प्रतिवादीहरू सोमेश सुतिहार र मनोजकुमार यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७२।२।३२ को फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अरूणकुमार कोइराला

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल पुष १७ गते रोज २ शुभम्।

## इजलास नं.२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०७२-CI-०१३९, उत्प्रेषण / परमादेश, कृष्णप्रसाद पौडेल वि. हरिप्रसाद सिग्देलसमेत*

मोहीले जग्गा नकमाई जग्गाधनी स्वयंले कमाएको कारण सोको सूचना भूमि सुधार अधिकारीसमक्ष जग्गाधनीले निवेदनमार्फत दिएको भन्ने देखिन्छ। सो निवेदनमा भूमि सुधार कार्यालयबाट मोहीका नाउँमा म्याद जारी भई उपस्थित नभएको र साक्षी सर्जमिनसमेत बुझी मिति २०५३।२।२१ मा मोही लगत कट्टाको निर्णय भइसकेको भन्ने लिखित जवाफबाट देखिन्छ। एकै स्थानका २ कित्ता जग्गामध्ये कि.नं.२५० को हकमा पुनरावेदकले मोही हकमा दाबी गरी मिलापत्रमार्फत मोही हकबापत आधा जग्गा लिएको भन्ने देखिएको र प्रस्तुत निवेदनको सन्दर्भमा विवादित कि.नं. १२९ को हकमा दाबी विरोधसमेत नगरी म्याद नै गुजारी बसेको अवस्थामा भूमि सुधार कार्यालयबाट ऐनबमोजिमको प्रक्रिया पूरा गरी मोही लगत कट्टा गरेको देखिन्छ। मोही लगत कट्टा गर्नुअगाडि जग्गाधनीको सूचनाको आधारमा साक्षी सर्जमिन बुझी समयमा नै सूचना नगरेको कारण देखाई जग्गाधनीलाई ऐनको दफा ३२(५) बमोजिम ७५।– जरिवानासमेत गरी सबै प्रक्रिया पूरा गरेको देखियो। उपर्युक्त तथ्यको विवेचनाबाट यी निवेदक सफा हात लिई अदालत प्रवेश गरेको नदेखिने।

भूमि सुधार कार्यालयबाट २०५३।२।३१ मा मोहीको लगत कट्टा गर्ने निर्णयपश्चात् जग्गाधनी हरिप्रसाद सिग्देलले सो कि.नं.१२९ को जग्गा कित्ता काट गरी विभिन्न नौ जना व्यक्तिहरूलाई छुट्टाछुट्टै बिक्री गरिसकेको पनि देखिन्छ। जग्गा कमाउने मोहीले त्यसरी बिक्री गर्दा थाहा जानकारी नै नपाउने भन्ने हुँदैन। सो बिक्री उपर रिट निवेदक यी पुनरावेदकले उजुर गरी आफ्नो हकको संरक्षणतर्फ उन्मुख भएको पनि देखिँदैन। मिति २०५३।२।३१ मा भएको निर्णयउपर समयमा उपचारको खोजी नगरी अत्याधिक विलम्ब गरी १७ वर्षपछि रिट निवेदन दायर गरेको देखिँदा यसरी विलम्बको सिद्धान्तले यी पुनरावेदक रिट निवेदकलाई सहयोग गर्न सक्ने अवस्था नरहेको साथै निवेदक सफा हात लिई अदालत प्रवेश गरेको नदेखिँदा निवेदकको पुनरावेदन जिकिर र यस अदालत प्रत्यर्थी झिकाउँदा लिएको आधारसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार कारणबाट रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।१।२२ मा भएको आदेश

मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल वैशाख १० गते रोज २ शुभम् ।

## इजलास नं.३

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा र मा.न्या.श्री हरिकृष्ण कार्की,** *०७१-CR-००६८, कर्तव्य ज्यान, नेपाल सरकार वि. जयबहादुर मगरसमेत*

कर्तव्य ज्यानजस्तो गम्भीर प्रकृतिको अपराधमा शंकारहित तवरबाट अभियोग दाबी प्रमाणित हुन नआएको अवस्थामा प्रतिवादीलाई अपराधी घोषित गरी सजाय गर्नु न्याय र कानूनसङ्गत नहुने भनी श्री सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा प्रस्तुत वारदातमा यी प्रतिवादीहरूलाई दोषी ठहर गरी सजाय गर्नु उपयुक्त हुने नदेखिने ।

लास जाँच प्रकृति मुचुल्काले मृत शरीरमा एउटा मात्र गहिरो चोट रहेको देखाउँछ । घटना रातको समयमा भएको र जाहेरवालालगायत मौकामा कागज गरी विवरण लेखाइदिने कोही पनि व्यक्ति घटनाका प्रत्यक्षदर्शी नभई प्रतिवादीहरूको मौकाको बयानबाटै घटना विवरण खुल्न आएको भन्ने देखिन्छ । घटना मेरो कार्यबाट भएको हो भनी मुख्य अभियुक्त प्रतिवादी प्रवीण राई कसुरमा साबित रहेको अवस्था देखिन्छ । प्रतिवादी प्रविण राईले अनुसन्धानमा बयान गर्दा मृतकको ढाडमा आफूले छुरी हानेको भनेको र अदालतमा बयान गर्दासमेत मृतकले बोकेको छुरीले मलाई हान्न खोज्दा निजको हातबाट खोसेर निजको पछाडि ढाडमा उक्त छुरीले हानेको हो । मृतकलाई मार्नमा अरू कसैको हात छैन भनी सह-प्रतिवादीहरूलाई उन्मुक्ति दिई आफू एक्लैले मृतकलाई छुरी हानेको भनी साबित भई बयान गरेको देखिन्छ । यसका अतिरिक्त सह-प्रतिवादीहरूले समेत प्रविण राईले उक्त वारदात घटाएको हो भनी प्रविण राईलाई पोल गरी बयान गरेको देखिनुका साथै घटना विवरण कागज गर्ने तथा वस्तुस्थिति मुचुल्का मानिसले समेत मृतकको भनाइलाई उद्धृत गर्दै प्रविण राईले मृतकलाई छुरी हानी वारदात घटाएको हो भनी लेखाइदिएको देखिँदा प्रतिवादीहरू जयबहादुर मगर, निरबहादुर मगरको छोरा भीमबहादुर मगर, दीपक मगर र मिलन राईउपरको अभियोग मागदाबी पुष्टि हुन सक्ने नदेखिँदा यी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत धनकुटाबाट भएको फैसलालाई अन्यथा गर्नुपर्ने देखिएन । तसर्थ सो हदसम्म पुनरावेदन अदालत धनकुटाको फैसला मिलेको देखिँदा सदर हुने ।

जाहेरवालाले अदालतमा बकपत्र गर्दा गाउँको दाइहरूले भनेका आधारमा जाहेरी दिएको हो भनेको हुँदा जाहेरवाला प्रत्यक्षदर्शी भएको देखिँदैन । वस्तुस्थिति मुचुल्काका मानिस कविराज राई, जयमान राईले उक्त वारदातमा कोपिला राई र मानबहादुरको छोरा भीमबहादुर मगरको संलग्नता थिएन भनी देखाउनुका साथै जसबहादुर राईले उक्त वारदातमा महिला र मानबहादुरको छोरा भीमबहादुर मगरको संलग्नता नरहेको कुरा लेखाइदिएका छन् । वस्तुस्थिति मुचुल्काका मानिस जयमान राई, गोपाल राईसमेतका व्यक्तिहरूले अदालतका बकपत्र गर्दा प्रतिवादी प्रविण राईले मृतकलाई छुरी हानेका र अन्य प्रतिवादीहरूको उक्त वारदातमा संलग्नता छैन भनी देखाइदिएको देखिन्छ । मौकामा कागज गर्ने यमबहादुर राई, हसन राई, गोपालमान राई र टेकबहादुर राईले मृतक जयकुमार राईलाई मार्ने कार्यमा मानबहादुरको छोरा भीमबहादुर र कोपिला राईको संलग्नता छैन भनी कागज गरिदिएकोसमेतका मिसिल संलग्न जाहेरी दरखास्त, घटना विवरण कागज गर्ने व्यक्तिहरू लगायतका प्रमाणहरूबाट यी प्रतिवादी कोपिला राई र मानबहादुरको छोरा भीमबहादुर मगरउपरको अभियोग

मागदाबी शंकारहित तवरबाट पुष्टि हुन सकेको देखिएन । तसर्थ, सुरू भोजपुर जिल्ला अदालतले निज प्रतिवादी कोपिला राई र मानबहादुरको छोरा भीमबहादुर मगरलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरेको फैसलालाई पुनरावेदन अदालत धनकुटाले सदर गरेको फैसला अन्यथा नदेखिँदा सदर हुने।

प्रतिवादी प्रवीण राईको पुनरावेदन जिकिरतर्फ हेर्दा, यी प्रतिवादीले मिति २०६८/०२/१६ गतेको दिन दिउँसो चण्डी बजारमा अभद्र र थिचोमिचोयुक्त व्यवहार गरी वृद्ध, बालक, महिला र कमजोर व्यक्तिलाई दु:ख दिएको अवस्थामा देखिएका मृतकलाई रातको समयमा बोलाई ल्याई छुरी प्रहार गरी मारेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखियो । सो तथ्यलाई प्रतिवादी स्वयंले स्वीकार गरी घटनाको पूर्ण जिम्मेवारी लिई आफ्नै प्रहारबाट नै मृतकको मृत्यु भएको कुरालाई स्वीकार गरेको पाइयो । यस अवस्थामा अभियोग मागदाबीबमोजिम ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहर गरेको सुरू फैसला सदर हुने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिँदा सो फैसला सदर हुने।

मिसिल संलग्न प्रमाण र परिस्थितिअनुसार आत्मनियन्त्रणको अवस्थामा नरहने कच्चा उमेर अवस्थाका यी प्रतिवादीले अभद्र व्यवहारलाई सुधार्ने प्रयास स्वरूप चालेको कदमबाट सही परिणाम ननिस्किई ज्यान मर्न गएको परिस्थितिमा कानूनबमोजिम नै सजाय गर्दा चर्को पर्न जाने एवं कानूनको मक्सद पूरा हुन नसक्ने देखियो। कानूनको उद्देश्य दुरासययुक्त व्यवहारबाट घट्न सक्ने घटनालाई निरूत्साहित गर्नु नै हुन्छ । तर प्रस्तुत वारदातमा प्रतिवादीले नराम्रो व्यवहारलाई कम गर्ने मनसायले कार्य गर्दा परिणाम नकरात्मक आएको देखिन्छ। यस अवस्थामा सदविवेक (good conscience) प्रयोग हुनुपर्ने देखियो । तसर्थ यी प्रतिवादी प्रविण राईलाई ज्यानसम्बन्धीको १३(१)नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरे तापनि कानूनबमोजिम नै सजाय गर्दा चर्को पर्ने देखिएको हुँदा अ.बं.१८८ नं. बमोजिम १५ वर्ष मात्र कैद सजाय हुने ठहर गर्नु उपयुक्त हुने।

अत: विवेचित आधार, कारणबाट प्रतिवादीहरू कोपिला राई, मानबहादुरको छोरा भीमबहादुर मगर, जयबहादुर मगर, निरबहादुरको छोरा भीमबहादुर मगर, दीपक मगर र मिलन राईसमेत ६ जनालाई अभियोग दाबीबाट सफाइ हुने र प्रतिवादी प्रवीण राईलाई ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर भएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी प्रविण राईको हकमा कानूनबमोजिम नै सजाय गर्दा चर्को पर्ने देखिएको हुँदा अ.बं.१८८ नं. बमोजिम १५ वर्ष मात्र कैद सजाय हुने ठहर्छ । अन्य प्रतिवादीहरूको हकमा पुनरावेदन अदालत धनकुटाबाट भएको फैसला सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७३ साल कात्तिक ३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०७०-WO-०२४५, उत्प्रेषण / परमादेश, भाजु लामासमेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

निवेदकहरूमध्ये जुल्फलामा वादी र निवेदकमध्यकै भाजु लामासमेत प्रतिवादी भएको मिति २०६६ सालको दे.नं. ५७६८ को अपुताली अंश हक कायम दर्ता चलन मुद्दाको मिति २०६६।७।८ मा काठमाडौं जिल्ला अदालतबाट भएको मिलापत्रको नक्कल संलग्न गरी पेस गर्नु भएको देखिन्छ । जालसाजपूर्ण तवरबाट भएको ठहर भई मिलापत्र बदर भइसकेको छ । सो मिलापत्रको नक्कल पेस

गर्ने यी निवेदकले सो मिलापत्र गर्न काठमाडौं जिल्ला अदालतमा पेस गरेको संयुक्त दरखास्त भने पेस नगरी तथ्य लुकाएको पनि देखिन आउँछ। काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।१०।११ मा फैसला भएको संवत् २०६९ सालको दु.फौ.नं. ०३९९१ नि.नं. ०२२३ को किर्ते जालसाजी मुद्दाको मिसिलमा यी निवेदकमध्येका जुल्फा लामा वादी प्रतिवादीमा निवेदकमध्येकै भाजु लामा र विपक्षी ठूली तामाङ, कान्छी तामाङसमेतको तर्फबाट मिलापत्रको लागि पेस भएको संयुक्त दरखास्त पत्र सही गर्ने अधिवक्ता विटु के.सी. प्र.प.नं. ५७३६ लेखिएको देखिएकोमा निज अधिवक्ता विटु के.सी. ले त्यस्तो कुनै लिखित नलेखेको, आफ्नो नाम र प्रमाणपत्र नं. लेखी कसैले किर्ते हस्ताक्षर सही गरेको र लिखतको मितिमा आफू अमेरिकामा रहेको भनी नेपाल कानून व्यवसायी परिषद्मा निवेदन दिएको प्रतिलिपिसमेत मिसिल संलग्न देखिन्छ । मिलापत्रको प्रतिलिपि पेस गर्ने यी निवेदकहरूले विवादित सो संयुक्त दरखास्तको प्रतिलिपि लुकाई अदालतलाई भ्रम सिर्जना गर्न प्रयत्न गर्ने यी निवेदकहरू सफा हात लिई अदालत प्रवेश गरेको पनि पाइँदैन । यसरी अदालती प्रक्रियामा त्रुटि देखाई वा अदालतलाई भ्रममा पारी आफ्नो स्वार्थ सिद्ध गर्न प्रयत्न गर्नेका विषयमा अदालतले उदारता देखाउनुपर्ने अवस्था नरहने।

सूचनाको सिद्धान्तले सूचना इन्कार गर्ने वा सूचना पाएर पनि नपाएको अभिनय गर्ने वा पाउन सक्ने अवस्थातर्फ सचेत नहुने वा न्याय सम्पादनमा नियतवश ढिलाई गर्ने प्रयत्न गर्नेको सन्तुष्टिलाई सदैव सम्बोधन गर्न सक्ने हुँदैन। सूचना सम्प्रेषण गर्ने कर्तव्य भएको निकायले सूचनाको प्रवाह गरी सूचना थाहा पाउनुपर्ने व्यक्तिसम्म इमानदारीपूर्वक पुर्‍याउन कोसिस भने गरेको हुनुपर्ने । अन्यथा अ.बं. ११० नं. को म्याद तामेली वा मुद्दाको कारबाहीमा सूचना पुर्‍याउने कार्य अत्यन्त रूढीगत यान्त्रिक प्रक्रिया मात्रै हुन पुग्दछ। यसरी हेरेमा निवेदकले निजउपर परेको मुद्दाको सम्बन्धमा जानकारी रहेको देखिने आधिकारिक रूपमा अ.बं. ११० नं. को प्रक्रिया अपनाई म्याद तामेल गरेको देखिए पनि सो सबै तथ्यलाई इन्कार गरी मुलुकी ऐन, अदालती बन्दोबस्तको ११० को देहाय ५ बमोजिम तथा फैसला भइसकेको अवस्थामा समेत अदालती बन्दोबस्तको २०८ नं. बमोजिमको प्रक्रिया नअपनाई मुद्दामा अनुचित विलम्ब वा आफ्नो विपक्षीलाई झन्झट खडा गर्ने उद्देश्यले रिट क्षेत्रबाट म्याद बदरको प्रक्रिया अख्तियार गरेको देखिने।

तसर्थ, निवेदकले उठाएको दाखिल खारेज दर्ता बदर मुद्दाको बारेमा रिट क्षेत्रबाट प्रवेश गरी साधारण अधिकारक्षेत्रबाट सुनिने निवेदन वा पुनरावेदन सुनेको जस्तो गरी रिट क्षेत्राधिकारअन्तर्गत प्रमाण बुझ्नु र प्रमाणको मूल्याङ्कन गर्नु उचित र रिटसम्बन्धी अवधारणाको अनुकूल हुने देखिँदैन । साथै दाखिल खारेज दर्ता बदर मुद्दाको लगाउमा रहेको किर्ते जालसाजी मुद्दामा यी निवेदकहरू साथै प्रतिवादी रहेका अधिवक्ता पुण्यप्रसाद गौतमले दायर गर्नु भएको ०७०-WO-०१८९ उत्प्रेषणयुक्त परमादेश जारी गरिपाउँ भन्ने निवेदन आजै यस इजलासबाट खारेज भएकोसमेत अवस्था छ । अतः निवेदकका नाउँमा उल्लिखित रीतपूर्वक तामेल भएको म्यादलाई गैरकानूनी भन्न नमिल्ने तथा निवेदकहरू सफाहात लिएर अदालतसमक्ष उपस्थित भएको अवस्थासमेत नदेखिएको हुँदा निवेदकको मागबमोजिम आदेश जारी हुने अवस्था देखिएन, प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असोज २२ गते रोज २ शुभम्।

- यसमा यसै लगाउको ०७०-WO-०२४४, ०१८९, ०२४६, उत्प्रेषण / परमादेश, भाजु लामासमेत वि. काठमाडौं जिल्ला अदालत,

बबरमहलसमेत भएको मुद्दाको आदेश यसै प्रकृतिको रहेको।

## इजलास नं.४

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०६९-CI-०१४२, हालैको बकसपत्र लिखत बदर, बाबुकाजी थापा वि. शैलेन्द्रकुमार थापासमेत*

हाम्रोसमेत अंश हक लाग्ने ल.पु.जि. सैबु गा.वि.स. वडा नं. ८(क) कि.नं.१३३को २-०-२-० र ऐ.ऐ. कि.नं.१३५ को ०-१४-१-० जग्गा हामी मूल अंशियारहरूबिच नै अंश बन्डा गर्न बाँकी रहेको अवस्थामा हाम्रो पिता बलबहादुर थापाले संरक्षिका अप्सरा थापा भई नाबालक नाति अञ्जन थापालाई र.नं.६५१(ख) मिति २०६२।१०।६ बाट हालैको बकसपत्र लिखत गरिदिएकोले उक्त लिखत बदर गरिपाउँ भन्ने वादी बाबुकाजी थापाको फिराद दाबी तथा विपक्षीहरूले दाबी गरेको कि.नं. १३३ र १३५ को जग्गा माथिल्लो पुस्ताका पूर्वजहरूबाट सरी आएको पैतृक गोश्वारा जग्गा नभई म प्रतिवादी बलबहादुर थापाले आफ्नो पालामा आर्जन गरेको आफूखुसी गर्न पाइने जग्गा भएकोले विपक्षीको हक लाग्ने जग्गा होइन भन्ने प्रतिउत्तर जिकिर रहेको प्रस्तुत मुद्दामा वादीमध्येका चिनियाकाजी थापाले वादी दाबी छाडी मिलापत्र गरेको देखिने।

यसमा पिता बलबहादुर थापा १, जेठो छोरा पुनरावेदक बाबु काजी थापा १, माहिलो छोरा चिनिया काजी थापा १, र कान्छो शैलेन्द्रकुमार थापासमेत जम्मा ४ अंशियारबिच अंश बन्डा नभई एकासगोलमा रहेको अवस्थामा विवादित कि.नं.का जग्गा हालैदेखिको बकसपत्र गरिदिएको देखिन्छ।

मुलुकी ऐन, अंशबन्डा महलको १८ नं. बमोजिम आफ्नो ज्ञान, सिप वा प्रयासबाट निजी आर्जन गरेको, कसैबाट निजी तवरले दान बकस पाएको, कसैको अपुताली परेको वा स्त्री अंश धनको महलको ५ नं. बमोजिम पाएको सम्पत्ति निजी ठहरी आफूखुस गर्न पाउने कानूनी व्यवस्था रहेको देखिन्छ। निजी ठहर्ने अवस्थाबाहेक अरूमा त्यसरी बकसपत्र गरिदिन नमिल्ने।

मुलुकी ऐन, अंश बन्डाको १९ को देहाय २मा **"......मन परेका केही स्वास्नी छोरा छोरीलाई मात्र बकससमेत केही बेहोरा गरिदिन हुँदैन सबै स्वास्नी छोरा छोरीलाई ऐनले पाउने भागबमोजिम दिएको भए मात्र सदर हुन्छ"** भन्ने व्यवस्था रहेको देखिन्छ। प्रत्यर्थी शैलेन्द्रको छोरा निजको नाति अञ्जन कुमारलाई मात्र सम्पत्ति हस्तान्तरण गरेको अवस्थाले आफू जीवित छँदा सबै अंशियारहरूलाई समान व्यवहार नगरी मन परेका छोरा नातिलाई मात्र बकसपत्र गरिदिएको देखिने।

बलबहादुरले लिखत गरिदिएको विवादित लिखतमा उल्लिखित सम्पत्ति निजले आफूखुश गर्न पाउने नभई सगोलको सबै अंशियारहरूको अंशहकको सम्पत्तिलाई बकसपत्र गर्दा पुनरावेदक बाबु काजीसमेतलाई साक्षी राख्नुपर्ने वा निजको मन्जुरी लिनुपर्नेमा नराखी उक्त बकसपत्रको लिखतमा नाति अञ्जन कुमारको आमा कान्छी बुहारी अप्सरा थापालाई मात्र साक्षी राखेको देखिँदा उक्त लिखत स्वाभाविक रूपमा तैयार भएको हो भनी विश्वास गर्न सक्ने अवस्था नरहने।

मिति २०६२।१०।६ को सो समयमा अञ्जनकुमार १५ वर्षको नाबालक नै रहेको देखिएकोले सोउमेरसम्म आइपुग्दा निज बलबहादुरलाई नाति अञ्जनले के कति काम गरी सहयोग गरेको हो ? सो कुरा पुष्टि गराउन सकेको नदेखिँदा उक्त लिखत शुद्ध र सफा नियतबाट गरेको देखिन आएन। सो हुँदा विवादित हालैदेखिको बकसपत्रको लिखत बदर हुने नै देखिने।

विवादित कि.नं.१३३ र १३५ को जग्गा हालैको बकसपत्र गरिदिदाको अवस्थामा जीवित रहेका अंशियारहरूमा पिता बल बहादुर थापा, जेठो छोरा यी पुनरावेदक बाबु काजी थापा, माहिलो छोरा चिनिया काजी थापा, र कान्छो शैलेन्द्रकुमार थापासमेत जम्मा ४ अंशियार सगोलमा रहेको देखिन्छ। मुलुकी ऐन, अंश बन्डाको १ नं.ले जियजियैको अंश भाग लाग्ने व्यवस्था गरेकोले उक्त बकसपत्रको लिखतमा संगोलमा रहेका जीवित अंशियार ४ भएकोले सोही ४ अंशभाग लाग्ने देखियो। यस स्थितिमा निज बलबहादुर थापाको ४ भागको १ भाग अंशहक रहने भएकोले यी पुनरावेदकको सो ४ भागमध्ये १ भागसम्म अंश सन्निहित रहेको देखिन आयो। सो अर्थमा यी पुनरावेदक बाबु काजीका हकको ४ भागको १ भागमात्र लिखत बदर हुने देखिने।

तसर्थ उपर्युक्त आधार, कारण र प्रमाणबाट मिति २०६२।१०।६ मा पारित र.नं.६५१(ख) को हालैको बकसपत्रको लिखत ३ भागको १ भाग बदर हुने ठहराएको सुरू ललितपुर जिल्ला अदालतको फैसला केही उल्टी गरी उक्त लिखत ४ भागको १ भाग बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६७।१२।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः चिन्तामणि शर्मा

इति संवत् २०७५ साल फाल्गुण १३ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६८-CR-०५६५, लागु औषध ब्रुपिनर्फीन, नेपाल सरकार वि. भोलासिंह पुन*

वृजकिशोरप्रसाद साहको साथबाट लागु औषध ब्रुपिनर्फीन थान-४२, डाइजेपाम थान-३०, मोबाइल सेट थान-१ तथा नगद रू.६,०००।- बरामद भएको भन्ने खानतलासी तथा बरामदी मुचुल्का रहेको देखिन्छ । भोलासिंह पुनसँगको सल्लाहअनुसार लागु औषध लिएर आउँदा प्रहरीले पक्राउ गरेका हुन् भनी प्रतिवादी बृजकिशोरले पोल गरेको आधारमा भोलासिंहलाई समेत प्रतिवादी बनाइएको देखिन्छ । सहप्रतिवादी बृजकिशोरले अदालतसमक्ष बयान गर्दा प्रतिवादी भोलासिंहको नाम लिएको देखिएन। निजले अनुसन्धान अधिकारीसमक्षको बयानमा भएको बेहोरा आफूले नभनेको भनी अदालतसमक्ष व्यक्त गरेको देखिने।

प्रतिवादी भोलासिंहले अदालतसमक्ष आफूले लागु औषध सेवनसम्म गर्ने गरेको स्वीकार गरेको पाइन्छ। निजले लागु औषध किने बेचेकोमा पूर्ण इन्कार रहेको देखियो। प्रतिवादी भोलासिंहको साथबाट लागु औषध बरामद भएको अवस्था देखिएन। निजले लागु औषध ओसारपसार गरेको वा कारोबार गरेको भन्ने सबुद प्रमाण पेस भएको छैन। सहप्रतिवादीले मौकाको बयानमा गरेको पोल अन्य प्रमाणबाट समर्थित हुन सकेको देखिएन । यस अवस्थामा सहप्रतिवादीले मौकाको बयानमा पोल गरेको र निजको पोल तथ्यतः पुष्टि वादीले नगरेको अवस्थामा अनुमानको आधारमा मात्र प्रतिवादीले लागु औषधको कारोबार गरेको भनी सजाय गर्न नमिल्ने।

अतः पुनरावेदन अदालत पोखराबाट सुरू कास्की जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी वृजकिशोरप्रसाद साहलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ), (च) र (छ) बमोजिमको कसुरमा सोही ऐनको दफा १४(१)(झ) बमोजिम तजबिजी सजाय कैद वर्ष दुई तथा जरिवाना रू.१,००,०००।-(एक लाख) तथा प्रतिवादी भोलासिंह पुनलाई सोही ऐनको दफा ४ को देहाय (छ) को कसुरमा दफा १४(१)(ज) बमोजिम तजबिजी सजाय एक महिना कैद तथा रू. १०००।- (एक हजार) जरिवानासमेत हुने ठहऱ्याई मिति २०६८।५।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : महेश खानाल

इति संवत् २०७४ साल चैत्र ६ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६८-CR-११२२, बिना इजाजत वन पैदावार हटाएको एवं ओसार पसार, भैरव कार्की वि. नेपाल सरकार*

बारा जिल्ला डुमरवाना गा.वि.स. वडा नं. ७ महेन्द्रराजमार्गस्थित वोधवन चोकबाट दक्षिण अं. ५०० मिटरभित्रको जंगलबाट ना.२ ख १९५९ नं. को ट्रकमा ९०.४६ क्यु.फिटको सालको ९ वटा गोलिया काठ लोड गरी राखेको अवस्थामा बरामद भएको भन्ने बरामदी मुचुल्का तथा पेस भएका प्रतिवेदनसमेतबाट देखिन आएको छ । उक्त काठको बिगो साल गोलिया काठ प्रति क्युविक फिट रू.२५०।- का दरले ९०.४६ क्युविक फिटको रू.२२,६१५।- कायम गरिएको मिसिल संलग्न बिगो तालिकाबाट देखिन्छ । उक्त ट्रकको धनी पुनरावेदक प्रतिवादी भैरव कार्की भएको भन्ने कुरा निजले स्वीकार गरेकै देखिने ।

वन ऐन, २०४९ को दफा ६६ हेर्दा "**यो ऐनबमोजिम सजाय हुने कसुर गरेको ठहरिएमा कसुरमा बरामद भएका सबै बोझवाहक, औजार, चौपाया र अन्य साधनहरू जफत हुने छन् । तर बिगो दश हजार रूपैयाँभन्दा कम्ती मोल पर्ने वन पैदावर लादी ल्याउने ट्रेक्टर, ट्रक, लहरी, मोटर र र अन्य सारी साधनको हकमा त्यस्तो सवारी साधन जफत नगरी उक्त कार्य गर्नेलाई अन्य दफाले हुने सजायमा दश हजार रूपैयाँसम्म थप सजाय हुने छ**" भन्ने व्यवस्था रहेको पाइने ।

ट्रकमा लोड गरी राखेको अवस्थामा बरामद भएको काठको मूल्य रू. १०,०००।- भन्दा बढी नै देखिएको छ । यसबाट अवैध काठ लोड (load) गरेको अवस्थामा बरामद भएको उक्त ट्रक कानूनतः जफत हुने नै देखियो । अभियोग दाबीबमोजिमको कसुरमा उक्त बरामद ट्रक प्रयोग भएकोमा विवाद देखिएन । यस अवस्थामा अवैध काठ राखिएको ट्रक बरामद भएको काठसहित जफत गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

तसर्थ, उल्लिखित आधार कारणबाट पुनरावेदन अदालत हेटौंडाबाट प्रतिवादी भैरव कार्कीको हकमा आरोपित कसुरबाट सफाइ दिएको सुरू फैसला सदर हुने र ना.२ ख.१९५९ को ट्रक जफत नगरेको हदसम्म सुरू फैसला केही उल्टी गरी बरामदी ट्रक जफत हुने ठहर्‍याई मिति २०६७।११।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : महेश खानाल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल चैत्र ६ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०६८-CR-११९६, नकबजनी चोरी, श्यामकुमार खड्का वि. नेपाल सरकार*

रामेछाप जिल्ला रामेछाप गा.वि.स. वडा नं.९ स्थित गौरीशंकर उच्च माध्यमिक विद्यालयको लेखा शाखाको अफिस कोठाबाट मिति २०६५।२।४ गते राति कम्प्युटरको सि.पी.यु. बक्स, भोल्टेज स्टेप्लाइजर, विद्यार्थी परिचय पत्र, नगद रसिदसमेतका अं. रू.३५,०००।- बराबरको सामानहरू चोरी भएको भन्ने घटनास्थल मुचुल्का तथा गौरीशंकर उच्च मा.वि. को पत्रसमेतबाट देखियो । उक्त सामानहरू चोरी गरी लैजाने व्यक्तिहरूमा प्रतिवादी श्यामकुमार खड्कासमेतको पहिचान भई पक्राउ गरिएको भन्ने प्र.स.नि. नरबहादुर श्रेष्ठसमेतको प्रतिवेदन रहेको पाइयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुरेन्द्रबहादुर बस्नेतसमेतले श्यामकुमार खड्कासमेतका प्रतिवादीहरूले विद्यालयको सामानहरू चोरी गरेकाले कानूनबमोजिम कारबाही हुनुपर्छ भन्नेसमेतको वस्तुस्थिति मुचुल्का तथा घटना विवरण कागज गरिदिएको देखिने ।

उक्त दिन पूर्वसल्लाहबमोजिम उद्धव बोहरा,

विशाल हायु, दीपक बस्नेत स्कुलमा आई दीपक बस्नेतले घरबाट ताला काट्ने ह्याक्सो बिलेट ल्याएको, उद्धव बोहरा र विशाल हायुलाई मान्छे हेर्न बाहिर राखी श्यामकुमार खड्का र दीपक बस्नेत स्कुलमा रहेको लेखा फाँटमा गई ताला काटी भित्र प्रवेश गरी नगद पैसा खोज्दा नगद नभेटेपछि कम्प्युटर कोठाको ताला फोरी भित्र प्रवेश गरी कम्प्युटरको सि.पी.यु, स्पिकर, परिचयपत्रसमेत चोरी गरेको र पछि दिपक बस्नेतमार्फत कम्प्युटरको सि.पी.यु. बिक्री गरेको भन्नेसमेतको घटना विवरण पुनरावेदक प्रतिवादी श्यामकुमार खड्काले अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान कागजसमेतबाट खुल्न आएको छ । सोहीबमोजिम उक्त दिनको घटनाक्रमलाई प्रतिवादी दीपक बस्नेतले अधिकारप्राप्त अधिकारीसमक्ष प्रस्तुत गर्दै आफू र यी पुनरावेदक प्रतिवादीले स्कुलको लेखा शाखाको ढोकाको ताला काटी भित्र पसी कम्प्युटरलगायतका सामान चोरी गरेको भनी स्वीकार गरी यी प्रतिवादीलाई समेत पोल गरेको देखियो । निजले अदालतमा समेत आफ्नो संलग्नतालाई स्वीकार्दै उक्त बेहोरा सत्य भएको भनी बयान गरेको देखिने ।

प्रतिवादी उद्धव बोहरा र विशाल हायुले पनि आफूहरूलाई मान्छे हेर्न बाहिर राखी प्रतिवादी श्यामकुमार खड्कासमेत भित्र पसी सामान चोरी गरी ल्याएको भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान कागज गरेको पाइयो । निजहरूले अदालतमा बयान गर्दा पनि सो तथ्यलाई अन्यथा हो भनी जिकिर लिन सकेको देखिएन । यसरी सहप्रतिवादीहरूले नै प्रतिवादी श्यामकुमार खड्काले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान कागजको बेहोरालाई समर्थन पुग्ने गरी बयान कागज गरेका र अदालतमा समेत आफूहरूको संलग्नतालाई स्वीकार्दै यी प्रतिवादी श्यामकुमार खड्काको भूमिकासमेत प्रस्ट गरी बयान गरेको हुँदा उक्त वारदातमा यी प्रतिवादीको संलग्नता रहेको पुष्टि हुन आउने ।

पुनरावेदक प्रतिवादी श्यामकुमार खड्काले अदालतमा इन्कारी बयान गरेको र निजको साक्षीले पनि निजसँगै बसेको भन्ने बकपत्र गरेको भए तापनि मौकाको बयान कागजलाई निजको इच्छा विरूद्ध भएको भनी मान्न सकिने आधार कारण प्रस्तुत गर्न सकेको देखिएन । अदालतमा इन्कार रहनु मात्र निर्दोशिताको पर्याप्त आधार हुन सक्दैन । विश्वसनीय आधार प्रमाणविना अदालतमा कसुरमा इन्कार रहेको भन्ने आधारमा मात्र मौकाको बयान बेहोरा खण्डित हुन सक्दैन । सहप्रतिवादीहरूले आफूलाई समेत कसुरमा संलग्नता भएको कुरा स्वीकार गरी पुनरावेदकलाई पोल गर्नुपर्ने अन्य कुनै कारण देखिन आएको छैन । प्रतिवादीहरूले प्रस्तुत गरेको घटनाको श्रृङ्खला पनि परस्परमा मिल्दोजुल्दो रहेको पाइने ।

अन्य प्रतिवादीहरूले पुनरावेदन अदालतबाट भएको फैसलाउपर पुनरावेदन नगरी स्वीकार गरेको अवस्थासमेत देखिन आयो । अनुसन्धान अधिकारीसमक्षको साबिती बयान अन्यथा प्रमाणित हुन नसकेको र सङ्कलित प्रमाण कागजहरूबाट अभियोग दाबीबमोजिमको वारदातमा प्रतिवादीको संलग्नता रहेको देखिन, पुष्टि हुन आएको अवस्थामा अदालतमा इन्कार गरेकै आधारमा मात्र निर्दोष रहेको मान्न सकिएन । मिसिल संलग्न कागज प्रमाणहरूबाट अन्य प्रतिवादीहरू उद्धव बोहरा, विशाल हायु तथा दिपक बस्नेतसरह यी पुनरावेदक प्रतिवादीसमेत कसुरदार रहेको देखिन आएकोले निजलाई समेत कसुरदार कायम गरी सजाय गरेको पुनरावेदन अदालत जनकपुरको फैसला अन्यथा नदेखिने ।

अतः उपर्युक्तबमोजिमको आधार, कारणबाट पुनरावेदन अदालत जनकपुरबाट सुरू फैसला उल्टी गरी प्रतिवादी श्यामकुमार खड्कासमेतले नकबजनी चोरीको आरोपित कसुर गरेको ठहऱ्याई मुलुकी ऐन, चोरीको १४(१) नं. बमोजिम जनही चोरीको बिगोको डेढीले हुने रू.५२,५००।- जरिवाना र डेढ महिना

कैदको सजाय हुने तथा चोरीको बिगो रू.३५,०००।- प्रतिवादीहरूबाट जाहेरवाला गौरीशंकर उच्च माध्यमिक विद्यालयले भरी पाउने ठहऱ्याई मिति २०६७।९।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत्र ६ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६८-CR-१२१०, वैदेशिक रोजगार ठगी, नेपाल सरकार वि. पार्वती चुनी मगर*

जाहेरवाला हम्बबहादुर क्षेत्री कार्कीको छोरा गोपाल कार्कीसमेतलाई वैदेशिक रोजगारमा अफगानिस्तान पठाउन भनी मिति २०६५ साल चैतमा रू.४,००,०००।- (चार लाख), मिति २०६६।१।२८ मा रू.२,२४,०००।- र विभिन्न मितिमा भिषा आयो भनी रू.१,७६,०००।- समेत जम्मा रू.८,००,०००।- (आठ लाख) लिएकोमा सो रोजगारमा पठाउन नसकेकोले उक्त रकम रू.८,००,०००।- र सोको हर्जाना रू.४,००,०००।- समेत जम्मा रू.१२,००,०००।- (बाह्र लाख) दिलाई भराई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको हम्बबहादुर क्षेत्रीको जाहेरी दरखास्त रहेको देखिने।

जाहेरवालाले जाहेरीसाथ पेस गरेको रू.४,००,०००।- (चार लाख) को लिखतको फोटोकपी हेर्दा सो लिखतमा उल्लिखित रकम जाहेरवालाले प्रतिवादीलाई दिएको भन्ने बेहोरा उल्लेख भएको देखिँदैन। उक्त फोटोकपीबाट लिखतको सुरू तथा अन्त्यमा प्रतिवादीको ल्याप्चे सहीछाप भएको पनि प्रस्टरूपमा देखिँदैन। सो लिखतको सक्कल कागज जाहेरवालाले पेस गर्न सकेको देखिएन। सक्कल लिखत पेस गर्न नसक्ने मनासिब आधार, कारणसमेत जाहेरवालाले दिन सकेको पाइएन। सो लिखतबमोजिमको रकम आफूले नलिएको भनी प्रतिवादी पार्वती चुनी मगरले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष बयान गरेको देखिन्छ। यसरी सक्कल लिखत नै पेस हुन नसकेको अवस्थामा प्रस्टरूपमा बेहोरा तथा सहीछाप नै नदेखिएको लिखतको प्रतिलिपिको आधारमा मात्र सो लिखतबमोजिमको रकमलाई बिगो कायम गर्न न्यायको दृष्टिले मिल्ने नदेखिने।

जाहेरवालाले जाहेरीमा उल्लेख गरेको रू.१,७६,०००।- को कागज भएको भनी देखाउन सकेको पाइएन। लिखत, प्रमाणबिना जाहेरी दिएको आधारमा मात्र बिगो कायम गर्न मिल्ने होइन। तसर्थ वैदेशिक रोजगार न्यायाधिकरणबाट सक्कल लिखत पेस नभएको र लिखत नै नभएको लेनदेनलाई मान्यता नदिई बिगो कायम नगरेको फैसला अन्यथा नदेखिने।

अन्य जाहेरवालाहरूको हकमा हेर्दा ललितबहादुर लिम्बूबाट रू.२०,०००।– (बिस हजार), लक्ष्मणप्रसाद दाहाल, अमरबहादुर कार्की, कुमार भण्डारी, चुडाबहादुर पुलामी, दानबहादुर थापा मगरसमेतबाट रू.३,००,०००।- (तीन लाख), लालप्रसाद काफ्लेबाट रू.१,१०,०००।- (एक लाख दस हजार), रेणु गुरूङबाट रू.५५,०००।-(पचपन्न हजार) र नित्यराम कासीध्याजुबाट रू.५०,०००।- (पचास हजार) लिई विदेश नपठाएको भन्ने निजहरूको जाहेरी रहेकोमा निजहरूबाट प्रतिवादीले वैदेशिक रोजगारमा पठाउने भनी उल्लिखित रकम लिएको देखिने कुनै लिखित कागज, प्रमाण निज जाहेरवालाहरूले पेस गरेको देखिन आएन। निजहरूलाई बकपत्रको लागि वादी पक्षले वैदेशिक रोजगार न्यायाधिकरणमा उपस्थित गराउन सकेकोसमेत देखिएन। निजहरूको रकम लिए खाएको होइन भनी वैदेशिक रोजगार न्यायाधिकरणमा प्रतिवादीले इन्कारी बयान गरेको देखियो। विश्वसनीय कागज प्रमाणविना प्रतिवादीले वैदेशिक रोजगारमा पठाउने भनी जाहेरवालाहरूबाट

रकम लिएको भन्न सकिने अवस्था नरहेकोले निज जाहेरवालाहरूको हकमा अभियोग दाबी नपुग्ने ठहर गरेको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मनासिब नै देखिने।

अतः उपर्युक्तबमोजिम विवेचित आधार कारणबाट प्रतिवादी पार्वती चुनी मगरलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० विपरीतको कसुरमा ऐ. को दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र १,५०,०००।-जरिवाना हुने र जाहेरवाला हम्बहादुर कार्कीले प्रतिवादीबाट रू.२,२४,०००।- र सोको ५०% हर्जाना रू.१,१२,०००।-समेत जम्मा रू.३,३६,०००।- भरिपाउने, निज जाहेरवालाको दाबीको बाँकी रकमको हकमा र जाहेरवालाहरू ललितबहादुर लिम्बु, लक्ष्मण दाहाल, अमरबहादुर कार्की, कुमार भण्डारी, चुडाबहादुर पुलामी, दानबहादुर थापा, लालप्रसाद काफ्ले, रेणु गुरूङ र नित्यराम कासीध्याजुको हकमा वादी नेपाल सरकारको अभियोग मागदाबी नपुग्ने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।५।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत्र ६ गते रोज ३ शुभम्।

## इजलास नं.६

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** *०७४-CR-०१३१, कर्तव्य ज्यान, रेशमलाल गुरूङ वि. नेपाल सरकार*

मिसिल संलग्न प्रमाणबाट मृतक दिपक कारञ्जितले पुनरावेदक रेशमलाल गुरूङको पसलमा काम गर्ने गरेको, मृतकले पुनरावेदकको पसलबाट चामल चोरेका कारण तत्काल रिस उठी निजले मृतकलाई लात मुक्का प्रहार गरी कुटपिट गरेका कारण मृतक घाइते भई अस्पतालमा लगेको, उपचारको क्रममा नै निजको मृत्यु भएको र उपचारको खर्चसमेत यी पुनरावेदकले नै बेहोरेको भन्ने देखियो । मृतक दिपक कारञ्जितको मृत्यु टाउकोमा लागेको चोटको कारण भएको भन्ने तथ्य शव परीक्षण प्रतिवेदनबाट समेत पुष्टि भएको देखियो। यी पुनरावेदकको मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी तथा ज्यान मार्ने मनसाय रहेको भन्ने कतैबाट नदेखिएको, आफ्नै पसलमा काम गर्न बसेको मृतकले चामल चोर्न लागेको थाहा पाई तत्काल उठेको रिस थाम्न नसकी पुनरावेदकले मृतकलाई मुक्का र लात्ती प्रहार गरेको कारण घाइते भई निजको मृत्यु भएको तथ्य पुष्टि हुन आएको अवस्था देखिँदा पुनरावेदकलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय गर्ने ठहर्‍याएको उच्च अदालत पाटन हेटौंडा इजलासको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

प्रस्तुत मुद्दामा मिति २०७३।०१।१४ गते बेलुका ८:०० बजेको समयमा मृतक दिपक कारञ्जित श्रेष्ठले पुनरावेदकको कोठाबाट चामल चोरेको कारण पुनरावेदक रेशमलाल गुरूङले तत्काल उठेको रिस थाम्न नसकी आवेगमा आई मृतकको टाउकोमा मुक्का र लात्ती प्रहार गरी कुटपिट गरेको र सोही कुटपिटको कारणबाट घाइते भई, उपचारको लागि यी प्रतिवादीसमेतले अस्पतालमा भर्ना गरेकोमा उपचारकै क्रममा मिति २०७३।०१।१८ गते बेलुका अर्थात कुटपिट घटनाको पाचौँ दिनमा मृतकको मृत्यु भएको देखिन्छ । पुनरावेदकले जिकिर लिएजस्तो घटना भएको भोलिपल्ट मृतक सकुसल काममा गएको भन्ने मिसिलबाट पुष्टि हुन सकेको देखिँदैन । पुनरावेदकको मौकाको बयानबाट निजले मृतकलाई कुटपिट गरेको कारण घाइते भई उपचारको क्रममा मृत्यु भएको भन्ने देखिएको र सो तथ्य मृतकको शव परीक्षण प्रतिवेदनबाट समेत पुष्टि भएको देखिन्छ ।

यसरी पुनरावेदकले मृतकलाई कुटपिट गरेको र सोही चोटका कारण घाइते भइ उपचार गर्दागर्दै मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १० नं. मा उल्लिखित अवधिभित्र मृतकको मृत्यु भएको देखिँदा प्रतिवादीको उपर्युक्त पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित तथ्य, आधार, कारणबाट यी पुनरावेदक प्रतिवादी रेशमलाल गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम दश वर्ष कैद सजाय हुने गरी सुरू चितवन जिल्ला अदालतबाट मिति २०७३।०५।०८ मा भएको फैसला सदर हुने ठहर्‍याई उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७४।०२।३० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : भगवती शर्मा ढुंगाना

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल पौष २९ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७४-CR-०३१५, जबरजस्ती करणी, नविनकुमार नेपाल वि. नेपाल सरकार*

पुनरावेदकउपर परेको किटानी जाहेरी तथा सोही बेहोरा समर्थन हुने गरी जाहेरवालाले अदालतसमक्ष गरिदिएको बकपत्र, पीडितको मौका कागज तथा निजले अदालतसमक्ष गरिदिएको बकपत्र, मौकामा कागज गर्ने पीडितको हजुरआमा, पीडितको बाबुसमेतका मानिसहरूले लेखाइदिएको मौकाको कागज तथा सोही मौकाको बेहोरा समर्थन हुने गरी निजहरूले अदालतसमक्ष गरिदिएको बकपत्र, पीडितको शारीरिक परीक्षण प्रतिवेदन तथ्ययुक्त प्रतिवेदन बेहोरा समर्थन हुने गरी शारीरिक परीक्षण गर्ने विशेषज्ञ डाक्टरले गरेको बकपत्रसमेत माथि विवेचित प्रमाण कागजहरूबाट यी पुनरावेदकले पीडितालाई ललाई फकाई आफ्नो घर कोठामा लगी करणी गरेको तथ्य पुष्टि हुन आएकोले उच्च अदालत विराटनगर इलाम इजलासको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन । तसर्थ, पुनरावेदकतर्फका विद्वान् कानून व्यवसायीले लिएको बहस जिकिर तथा पुनरावेदक प्रतिवादीले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित तथ्य, आधार र कारणसमेतबाट यी पुनरावेदक प्रतिवादी नविनकुमार नेपाललाई जबरजस्ती करणीको महलको १ नं. र ३ नं. को देहाय १ अनुसारको कसुर अपराधमा सोही महलको ३ नं. को देहाय १ अनुसार १० (दश) वर्ष कैद हुने र पीडिताले प्रतिवादीबाट रू.५०,०००।– (पचास हजार) क्षतिपूर्तिसमेत भराइपाउने ठहर गरेको सुरू झापा जिल्ला अदालतको मिति २०७३।०६।११ को फैसला सदर हुने ठहर्‍याई उच्च अदालत विराटनगर इलाम इजलासबाट मिति २०७३।१२।०७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः भगवती शर्मा ढुङ्गाना

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल चैत्र १७ गते रोज १ शुभम्।

## इजलास नं.७

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** *०७२-CR-१३२६, लागु औषध, नेपाल सरकार वि. कृष्ण श्रेष्ठ*

बरामद भएको लागु औषधको प्रकृति र परिमाणले पनि लागु औषध के कुन प्रयोजनको लागि ल्याएको हो भनी निर्क्यौल गर्न सघाउ पुग्ने देखिन्छ । प्रतिवादीबाट बरामद भएको लागु औषधको परिमाणको मात्रा अति न्यून रहेको स्थितिमा सो लागु औषध खरीद बिक्री, ओसारपसार प्रयोजनको लागि नभई सेवनको लागि ल्याएको मान्नुपर्ने अवस्था देखिन्छ। प्रतिवादीले लागु औषध ओसारपसार गरेको भन्ने सम्बन्धमा कुनै

वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन। लागु औषध कारोबारीसँग निज प्रतिवादीको कुनै सम्पर्क रहे भएको भन्ने तथ्य कहीँकतैबाट खुल्न आएको नदेखिने।

अभियोग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐनको दफा १४(१)(झ) को कसुर हुनको लागि सञ्चय, खरिद बिक्री, ओसार पसार वा निकासी भएको भन्ने शंकारहित तवरबाट पुष्टि भएको हुनुपर्दछ। मिसिल संलग्न प्रमाणबाट सो प्रमाणित हुन नसकेको अवस्थामा निजको साथबाट १९५ थान नाइटोभेट फेनारगन ट्यावलेट बरामद भएको स्थापित भएको र प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफू लागु औषध सेवन गर्ने र अन्य सेवनकर्तासँग सम्पर्क गर्दा आफ्नो खर्चसमेत उठाउने गरेको भनी बयान गरेको देखिँदा प्रतिवादी कृष्ण श्रेष्ठले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ मा उल्लिखित अपराध गर्ने, षड्यन्त्र वा उद्योग गर्ने, त्यस्तो अपराध गर्न अरूलाई दुरूत्साहन गर्ने वा त्यस्तो गर्नेमा मतियार हुनेभित्रको कसुरभित्र पर्ने देखिँदा सोबमोजिमको कसुर अपराध गरेको मान्नुपर्ने देखिन आउने।

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा बरामद भएको लागु औषध बिक्री गर्न लिएर हिँडेको भनी उल्लेख गरेको तर कसैलाई बिक्री गर्न भने नपाएको अवस्था देखिएकोले यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान भएकोमा सोसँग यस इजलास सहमत हुन नसकी प्रतिवादी कृष्ण श्रेष्ठले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ अनुसारको कसुर गरेको देखिन आएकोले निजलाई सोही ऐनको दफा १४(१)(झ) अनुसार हुने सजायको आधी सजाय अर्थात् १(एक) वर्ष कैद र रू.५०,०००।– (पचास हजार रूपैयाँ) जरिवानासमेत हुने ठहर गरी पर्सा जिल्ला अदालतबाट मिति २०७१/०३/१५ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२/०२/३२ मा भएको फैसला मनासिब नै देखिन आएको हुँदा अन्यथा गरिरहन नपर्ने।

अतः माथि विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट प्रतिवादी कृष्ण श्रेष्ठले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ अनुसारको कसुर गरेको देखिन आएकोले निजलाई सोही ऐनको दफा १४(१)(झ) अनुसार हुने सजायको आधी सजाय अर्थात् १(एक) वर्ष कैद र रू.५०,०००।– (पचास हजार रूपैयाँ) जरिवानासमेत हुने ठहर गरी पर्सा जिल्ला अदालतबाट मिति २०७१/०३/१५ मा भएको फैसला सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२/०२/३२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७४ साल चैत्र १ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CR-२०९५, जालसाजी, दलबहादुर थापा क्षेत्रीसमेत वि. मिनाकुमारी थापा मगरसमेत

जिल्ला रूपन्देही टिकुलीगढ गा.वि.स. वडा नं.४ग कि.नं.११९४ ज.वि. ०-७-११ जग्गा धनबहादुरले दलबहादुर थापा क्षेत्रीलाई र.नं. २५२१(ङ) मिति २०६६/०७/२९ मा राजीनामा गरिदिएको सो लिखतमा वादीहरूको मन्जुरी लिएको कुनै प्रमाण पेस गर्न सकेको अवस्था देखिँदैन । विवादित लिखतमा वादीहरू साक्षी पनि बसेको देखिँदैन। यसरी उक्त मितिको लिखतमा उल्लिखित विवादित जग्गामा प्रतिवादी धनबहादुर थापा मगरको एकाघर सगोलको अंशियारा वादीहरूको समेत हक लाग्ने कुरा प्रतिवादीहरूलाई थाहा थिएन भनी भन्न सकिने अवस्था नदेखिने।

जमुना आले मगर विरूद्ध शम्भुबहादुर थापासमेत भएको जालसाजी मुद्दा (ने.का.प.२०४८ अङ्क १२ नि.नं.४४३५ पृ.८४९) **"जहाँ कानूनले दुईवटा उपचारको व्यवस्था गरेको हुन्छ, त्यहाँ दुई उपचारमध्ये कुन उपचारको मार्ग अवलम्बन गर्ने हो सो वादीको इच्छामा निर्भर रहने कुरा हो । दुईमध्ये एक उपचारको मार्ग अवलम्बन गरी आएकोमा अर्को मार्गतर्फ जानुपर्ने भनी अदालतले भन्न मिल्दैन" भनी यो अदालतका पूर्ण इजलासबाट** सिद्धान्त प्रतिपादन भएको पाइन्छ । उपर्युक्त कानूनी सिद्धान्तअनुसार, जहाँ कानूनले दुईवटा उपचारको व्यवस्था गरेको हुन्छ, त्यहाँ दुई उपचारमध्ये कुन उपचारको बाटो अवलम्बन गर्ने हो भन्ने कुरा वादीको इच्छामा भर पर्ने हुँदा दुईमध्ये एक उपचारको मार्ग अवलम्बन गरी आएकोमा अर्को मार्गतर्फ जानुपर्ने भनी अदालतले भन्न नमिल्ने हुँदा वादीहरूले लिखत बदरतर्फ नालिस गर्न जानुपर्ने भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

वादीहरूको मन्जुरी नलिई बिक्री गरेको मिति २०६६/०७/२९ को र.नं.२५२१(ड) को राजीनामाको लिखतको ५ खण्डको ३ खण्ड वादीहरूको अंश हकमा असर पर्ने देखिई किर्ते कागजको ३ नं. अनुसारको कार्य भएको देखिँदा जालसाज गर्ने धनबहादुर थापालाई बिगोबमोजिम रू.३४,०००।– जरिवाना हुने र वादीमध्येका २१ वर्ष उमेर पूरा गरेका मिना कुमारी, प्रकाश थापा र सुरेशका हकमा मिति २०६६।७।२९ को र.नं. २५२१(ङ) को राजीनामा लिखतको ५ खण्डको ३ खण्डको हदसम्म र सोही अनुपातमा प्रतिवादी विनिता खाती क्षेत्रीले लिएको मिति २०६६/०९/०९ र निजबाट विष्णुकुमारी सार्कीले २०६७/०१/१७ मा राजीनामा गरी लिएका जग्गाको पनि सोही अनुपातमा लिखत बदर हुने र वादीमध्येकी शिला थापा जग्गा बिक्री गर्दा निजको उमेर २१ वर्ष पुगेको मिसिल संलग्न कागजातबाट देखिन नआएको हुँदा निजको हकमा सम्म वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६९/०५/२५ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७०/११/२८ मा भएको फैसला मनासिब नै देखिँदा यस अदालतबाट लेनदेन व्यवहारको १० नं.को हदम्याद नाघी दायर गरेको फिरादबाट जालसाजी ठहर गर्ने गरी भएको फैसलामा दोहोऱ्याउने निस्सा (अनुमति) प्रदान गर्ने गरी भएको आदेशसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार, कारणहरूसमेतबाट प्रस्तुत मुद्दा मुलुकी ऐन, किर्ते कागजको महलको हदम्यादभित्रै दायर भएको अवस्था देखिन्छ । प्रतिवादी धनबहादुर थापाको नाममा यो विवादित जग्गा बिक्री हुँदाको अवस्थामा प्रस्तुत मुद्दासँगै चलेको अंश मुद्दाबाट कुनै जग्गा नदेखिएको हुँदा वादीहरू निरंशी हुने अवस्था देखिएकोले मिति २०६६/०७/२९ मा र.नं.२५२१(ङ) बाट पारित राजीनामाको लिखतको ५ खण्डको ३ खण्डसम्म वादीहरूको हकसम्मको जालसाजपूर्ण हुँदा सो अनुपातमा मिति २०६६/०९/०९ र मिति २०६७/०१/१७ को पारित राजीनामाको लिखतसमेत जालसाजपूर्ण हुँदा त्यस हदसम्म लिखत निष्क्रिय भई प्रतिवादी धनबहादुर थापा मगरलाई जरिवाना हुने ठहऱ्याई भएको सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६९/०५/२५ मा सुरू अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७०/११/२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७४ साल चैत १ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७१-CR-०७०८, लागु औषध डाइजेपाम, नेपाल सरकार वि. रमेश परियार*

प्रतिवादीबाट लागु औषध डाइजेपाम

इन्जेक्सन २५ एम्पुल, व्युप्रिनोर्फिन इन्जेक्सन २५ एम्पुल, र फेनार्गन इन्जेक्सन २५ एम्पुल बरामद भएको बरामदी मुचुल्काबाट देखिन्छ । लागु औषध ठुलो मात्रामा बरामद भएको देखिएको छैन । बरामदी मुचुल्का गर्ने प्रतिवेदक प्र.स.नि. जटाशंकर प्रसाद कलवारले प्रतिवादी रमेश परियारले आफ्नो खुट्टाको तिघ्रामा टेपले बाँधी लुकाई छिपाई ल्याएको अवस्थामा बरामदी मुचुल्कामा उल्लिखित लागु औषध डाइजेपाम बस चेकजाँचको क्रममा बरामद गरेको हो भनी बकपत्र गरेको देखिन्छ । निज प्रतिवादीले लागु औषध बिक्री वितरण गर्न लागेको अवस्थामा लागु औषध बरामद भएको देखिँदैन । लागु औषधको परिमाणलाई दृष्टिगत गर्दा उक्त लागु औषध सेवनको लागि बाहेक बिक्री वितरणको लागि लिई हिँडेको अवस्था देखिँदैन । प्रतिवादीले लागु औषध बिक्री गरेको वा यो यस व्यक्तिलाई बिक्री गर्न ल्याएको वा बिक्री गर्न लागेको भन्ने देखिन आएको छैन । यसरी निजले बोकेको लागु औषधको परिमाण र निजले बिक्री वितरण गर्ने गरेको वा सोसँग सम्बन्धित कारोबारीसँग सम्पर्क सम्बन्ध रहेको सबुद प्रमाणको अभाव देखिएकोमा बिक्री वितरण र सोका लागि ओसारपसार गरेको कसुर पुष्टि नभई निज प्रतिवादीले लागु औषध सेवनसम्म गरेको कुरा पुष्टि भइरहेको अवस्था देखिने ।

लागु औषधको मात्रा र प्रतिवादीसँग अरू कसैको संलग्नता रहे भएको नदेखिएको, सङ्गठनात्मक रूपले संलग्नता रहेको नदेखिएको, बरामद लागु औषध ओसारपसार गरी यो यसलाई बिक्री वितरण गरेको भन्नेसमेत नदेखिएबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ज) बमोजिम लागु औषध सेवनतर्फ १(एक) महिना कैद र रू.२,०००।– जरिवाना र लागु औषध खरिद बिक्री वितरण समेतको कसुरमा ऐ.ऐनको दफा १४(१)(झ) बमोजिम कैद वर्ष ३(तीन) र रू.१,००,०००।–(एक लाख रूपैयाँ) जरिवाना हुने ठहरी सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७०/०६/०९ मा भएको फैसला केही उल्टी भई प्रतिवादीले सोही ऐनको दफा ४(छ) सम्मको कसुर गरेको देखिँदा सोही ऐनको दफा १४(१)(ज) अनुसार रू.२,०००।– जरिवाना र २(दुई) महिना कैद सजाय हुने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१/०१/३० मा भएको फैसला मनासिब नै देखिन आउने ।

अतः माथि विवेचित आधार र कारणहरूसमेतबाट प्रतिवादीबाट बरामद भएको लागु औषधको मात्रासमेतलाई विचार गर्दा सेवनको लागि ल्याएकोसम्म देखिई रहेको र लागु औषध (नियन्त्रण) ऐन, २०३३को दफा ४ को देहाय (छ) अनुसार कसुर गरेको देखिएको र प्रतिवादीले सोही ऐनको दफा ४ को (घ)(ङ) र (च) को कसुर गरेको पुष्टि भएको नदेखिँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ज) बमोजिम लागु औषध सेवनतर्फ १(एक) महिना कैद र रू.२,०००।– जरिवाना र लागु औषध खरिद बिक्री वितरणसमेतको कसुरमा ऐ. ऐनको दफा १४(१)(घ) बमोजिम कैद वर्ष ३(तीन) र रू.१,००,०००।–(एक लाख रूपैयाँ) जरिवाना हुने ठहरी सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७०/०६/०९ मा भएको फैसला केही उल्टी भई प्रतिवादीले सोही ऐनको दफा ४(छ) सम्मको कसुर गरेको देखिँदा सोही ऐनको दफा १४(१)(ज) अनुसार रू.२,०००।– जरिवाना र २(दुई) महिना कैद सजाय हुने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१/०१/३० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७४ साल माघ ८ गते रोज २ शुभम् ।

**४**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७०-CR-०८३५, जालसाजी, रूबी*

*सिद्दीकी वि. हाजरा सिद्दीकीसमेत*

मोहम्मद रियाज सिद्दीकीले निजको नाममा रहेको पूर्व उत्तर एकनाले पिछुवार भन्ने लखेरन टोल नं. ९६१/१ को ०-०-१०½ जग्गा र सो जग्गामा बनेको घरसहित मिति २०६६/१/१६ मा दिने मोहम्मद रियाज सिद्दीकी र लिने प्रतिवादी अव्वास अलि सिद्दीकी भई राजीनामा लिखतमा रजिस्ट्रेसन भएको देखियो। सो घर जग्गामा वादीसमेतको अंशहक रहेको र वादीको मन्जुरी नलिई बिक्री गरेकोले सो लिखतलाई जालसाजी घोषित गरिपाउँ भन्ने वादी दाबी भएको देखियो। सो घर जग्गा बिक्री गर्ने मो. रियाज सिद्दीकीको मृत्यु भइसकेको कारण निजलाई प्रतिवादी बनाएको नदेखिने।

वादीको फिराद परेको मितिपूर्व नै वादीका पति मो. रहिस सिद्दीकीले निजका बुबा मो. रियाज सिद्दीकीबाट अंश बुझेको भरपाई गरी र.नं. १७८८ बाट मिति २०६४।१।३ मा मालपोत कार्यालय बाँकेबाट रजिस्ट्रेसन पारित भएको देखिन्छ। वादीका पतिले आफ्नो बुबाबाट गरिलिएको उल्लिखित अंश भरपाईलाई चुनौती दिएकोसमेत मिसिल संलग्न कुनै कागजातबाट नदेखिँदा सो अंश बुझेको भरपाई यथावत् कायम नै रहेको देखियो। यसरी अंश बुझी लिएको अस्थित्वलाई चुनौती नदिएपश्चात् सो लिखतले कानूनी मान्यता प्राप्त गर्ने नै हुन्छ र सो लिखतका आधारमा यी वादीका पतिले अंश बुझिसकेको मान्नु पर्ने।

लेनदेनको व्यवहारको १० नं. मा भएको कानूनी व्यवस्थाअनुसार छुट्टी भिन्न भइसकेको वादीका पतिको मन्जुरी लिनुपर्ने अवस्था देखिएन। घर जग्गा बिक्री गर्दाको अवस्थामा वादी र वादीको ससुरा एकासगोलको अंशियारसमेत नभएकोले वादी दाबीको घर जग्गा राजीनामा गरिदिएको कार्यबाट वादीको अंशहक मेटिएको अवस्थासमेत नभएकोले वादी दाबीको घर जग्गा राजीनामा गरिदिएको लिखतलाई जालसाज घोषित गरिपाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर र निजका कानून व्यवसायीको बहस बेहोरासँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार, कारणबाट सुरू बाँके जिल्ला अदालतको मिति २०६८।३।२७ को फैसला सदर गर्ने गरी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०६९।१।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रकाशदत्त भट्ट

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७६ साल वैशाख ५ गते रोज ५ शुभम्।

- यसमा यसै लगाउको ०७०-CR-०८३४,०६३१ सम्बन्ध विच्छेद, दर्ता बदर, रूबी सिद्दीकी वि. हाजरा सिद्दीकीसमेत भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

**५**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७१-CI-१३०९, लिखत दर्ता बदर दर्ता, प्रसाद साह कानु वि. विशम्भर दयाल शर्मासमेत*

यिनै वादी प्रतिवादीहरूबिचमा सुरू अदालतमा चलेको दे.नं. ६०८ तथा पुनरावेदन अदालतमा चलेको ०६९-DP-१०३९ को टिप्पणी आदेश बदर दर्ता बदर नक्सा सुधार हक कायम मुद्दामा सुरू अदालतबाट ०-०-३-१५½ जग्गा वादीको कि.नं. ५६० को जग्गा भई प्रतिवादीले कि.नं. ७ मा मिसाई हाल साबिक गराई नक्सा कायम गरेको भनी ठहर गरेकोमा उक्त फैसला उल्टी हुने ठहरी पुनरावेदन अदालत हेटौंडाबाट मालपोत कार्यालयको मिति २०५९/७/५ को हाल साबिक गर्ने विषयको टिप्पणी आदेश सदर हुने र प्रतिवादी विशम्भर दयाल शर्माले मालपोत कार्यालयको मिति ०५९/५/७ को टिप्पणी आदेशअनुसार हाल साबिक गरेको आफ्नो जग्गा नै लिखत गरिदिएको देखिँदा प्रतिवादीहरूले लिनु दिनु गरेको मिति २०६१/४/६ को र.नं. १६०/ख र मिति २०६४/७/२६ को र.नं. १०२३/क को लिखत सदर

कायम हुने ठहर्छ भनी फैसला गरेको देखिने।

सोही पुनरावेदन अदालतमा चलेको ०६९-DP-१०३९ को मुद्दामा भएको फैसलाको आधारमा नै प्रस्तुत मुद्दामा समेत प्रतिवादीहरूले लिनु दिनु गरेको मिति २०६१/४/६ को र.नं. १६०/क र मिति २०६४/७/२६ को र.नं. १०२३/ख को लिखत सदर कायम हुने ठहर्छ भनी फैसला भएको देखिन्छ। पुनरावेदन अदालतमा लगाउ रहेको ०६९-DP-१०३९ को मुद्दामा पुनरावेदन अदालत हेटौडाबाट भएको फैसलालाई स्वीकार गरी यी पुनरावेदक वादी बसेको अवस्थामा देखिन्छ। मूल मुद्दाको रूपमा रहेको उक्त मुद्दामा भएको फैसलालाई स्वीकार गरी बसेको अवस्थामा प्रस्तुत मुद्दामा पुनरावेदकले विपक्षीले आफ्नो कि.नं. ४६० को जग्गामा म पुनरावेदकको ज.वि. ०-०-४-८ जग्गा मिसाई हालसाबिक गराई कि.नं. ७ कायम गरेकोले उक्त जग्गाको हदसम्मको मिति २०५९।७।५ को टिप्पणी आदेश र विपक्षीका नाउँको दर्तासमेत बदर गरी साबिक नक्साअनुसार नक्सा संशोधन गरी मेरो हक कायम गरिपाउँ भन्ने फिराद दाबी स्वत: रूपमा निजले लगाउको मुद्दामा स्वीकार गरेको देखिन आउँछ । यस्तो अवस्थामा निजको पुनरावेदन जिकिर औचित्यविहीन हुन आउने।

तसर्थ उपर्युक्तबमोजिमका समग्र प्रमाणहरूको मूल्याङ्कनबाट यी पुनरावेदकको भोगमा रहेको जग्गा र स्रेस्ता पुर्जामा कायम भएको जग्गाको क्षेत्रफल लगभग समान देखिएको, प्रतिवादीको नाउँको जग्गामा समेत निजको साबिक कायम स्रेस्ताभन्दा बढी रहेको नदेखिएको तथा पुनरावेदन अदालतबाट लगाउको ०६९-DP-१०३९ को मुद्दामा भएको फैसलालाई पुनरावेदन नगरी स्वीकार गरी बसेको सो विषयवस्तु यसभन्दा फरक नरहेको अवस्थामा पुनरावेदन अदालतबाट प्रतिवादीहरूका बिचमा भएको लिखत बदर नहुने ठहरी भएको फैसलालाई अन्यथा मान्न नमिल्ने।

अत: उपर्युक्तबमोजिमका आधार र प्रमाणको आधारमा पुनरावेदन अदालत हेटौंडाबाट मिति २०५९/७/५ को मालपोत कार्यालयको हाल साबिक गर्ने विषयको टिप्पणी आदेशअनुसार कायम भएको जग्गा र उक्त जग्गालाई र.नं. १६०ख र र.नं. १०२३क बाट प्रतिवादीहरूले लिनुदिनु गरेको लिखत सदर हुने ठहर गरी भएको मिति २०७१/५/८ को फैसला मिलेकै हुँदा सदर हुने।

इजलास अधिकृत:- विष्णुप्रसाद आचार्य

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७५ साल पौष १० गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७३-CR-०८३९, जबरजस्ती करणी, अशोककुमार बढई वि. नेपाल सरकार*

जबरजस्ती करणीजस्तो जघन्य फौजदारी अपराधमा पीडित नाबालिगको कथन निजको शारीरिक परीक्षण, पीडितले अदालतमा गरेको बकपत्र जस्ता प्रमाणहरू प्राप्त भइरहेको अवस्थामा प्रतिवादीले मलाई फसाउने उद्देश्यले जाहेरी दिएका हुन् भनी पुनरावेदन जिकिर लिए तापनि ७ वर्षकी नाबालिगले कसैप्रति रिसइवी लिने कसैलाई फसाउने भावनाले गलत वा झुट्टा कुराको पोल गर्नेसम्मको ज्ञान पनि विकास भइसकेको हुँदैन। एक निर्दोष नाबालिगले आफूमाथि जबरजस्ती करणी नगरेको भए प्रतिवादीलाई किटान गरी देखाउनुपर्ने कुनै कारण वा परिस्थितिसमेत नहुँदा पीडित बालिकाले गरेको मौकाको कागज, बकपत्र र निज पीडिताको शारीरिक परीक्षण प्रतिवेदनसमेतलाई प्रमाणको रूपमा लिनु पर्ने।

यौनजन्य क्रियाकलापको सामान्य जानकारी पनि राख्न नसक्ने र यौन अङ्गहरूको पूर्णतः विकास भई नसकेकी अवोध बालिकाउपर प्रतिवादीबाट भएको उक्त क्रियाकलाप समाज र मानवताकै विरूद्धको जघन्य अपराध हो भन्न सकिन्छ । जबरजस्ती करणीको

महलको १ नं. मा **"कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ"** भन्ने कानूनी व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्थाअनुसार, प्रस्तुत मुद्दामा जाहेरवालाले मौकामा दिएको जाहेरी दरखास्त पीडितको शारीरिक परीक्षण प्रतिवेदन पीडितको मौकामा गरेको कागज, प्रतिवादीले अनुसन्धानको क्रममा गरेको साबिती बयान र पीडित तथा जाहेरवालाले मौकाको कागज/जाहेरी दरखास्तलाई समर्थन हुने गरी गरेको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादीले वर्ष ७ को पीडित "क कुमारी" लाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि हुन आएकोले निज प्रतिवादीलाई मुलुकी ऐन जबरजस्ती करणीको १ नं. अनुसारको कसुरमा सोही ३ नं. को देहाय १ बमोजिम १२ (बाह्र) वर्ष कैद सजाय र सोही महलको १० नं. बमोजिम प्रतिवादी अशोककुमार बढईबाट पीडित "क कुमारी" लाई २५,०००।- (पच्चिस हजार रूपैयाँ) क्षतिपूर्ति भराइदिने गरी भएको सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७२/०६/२० मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७३/०१/०५ मा भएको फैसला मनासिब नै देखिँदा अन्यथा गरिरहनुपर्ने अवस्था नदेखिने ।

अतः माथि विवेचित आधार, कारणहरूसमेतबाट प्रतिवादीले वर्ष ७ को पीडित "क कुमारी" लाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि हुन आएको देखिएकोले निज प्रतिवादीलाई मुलुकी ऐन जबरजस्ती करणीको १ नं. अनुसारको कसुरमा सोही ३ नं. को देहाय १ बमोजिम १२ (बाह्र) वर्ष कैद सजाय र सोही महलको १० नं. बमोजिम प्रतिवादी अशोककुमार बढईबाट पीडित "क कुमारी" लाई २५,०००।- (पच्चीस हजार रूपैयाँ) क्षतिपूर्ति भराइदिने गरी भएको सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७२/०६/२० मा भएको फैसला सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत बुटवलबाट मिति २०७३/०१/०५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल मङ्सिर २७ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६७-CR-१३३१, ११८८, कर्तव्य ज्यान, नेपाल सरकार वि. पदमबहादुर वि.क. समेत*

अन्य प्रतिवादीहरूको उक्त कार्यमा अर्थात् औषधी छर्कने कार्यमा कुनै संलग्नता नभएको र आफ्नो हक भोगभित्रको जग्गा नभएको प्रतिवादीमध्येकी मनकुमारीको हक भोग स्वामित्वको जग्गामा आफूहरूले विषादी छर्केको छर्काउने कार्य नगरेको भनी बयान गरेको र निजहरूको उक्त कार्यमा संलग्न रहेको तथ्यगत आधार प्रमाणसमेत केही नदेखिएको अर्थात् आफ्नो नाउँको बारीसमेत रहेको नदेखिएबाट निजहरूको संलग्नता रहेको देखिँदैन । प्रतिवादीहरूको यो यस प्रकारले संलग्नता रहेको र ज्यान मार्नेसम्मको रिसइवी भएको कुरासमेत कहीँकतैबाट स्थापित हुन सकेको अवस्था देखिँदैन । वादी पक्षले प्रतिवादीहरूको आपराधिक कार्यलाई पुष्टि हुने गरी प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार पुष्टि गराउन सकेको देखिँदैन । ज्यान जस्तो अपराधमा विनाप्रमाण कसुरदार ठहर गर्नु फौजदारी न्यायको सर्वमान्य सिद्धान्तविपरीत हुन जाने देखिएबाट प्रतिवादी पदमबहादुर वि.क., रमेश वि.क. र लक्ष्मी वि.क. समेतको संलग्नता सन्दर्भमा नेपाल सरकारको अभियोग दाबीअनुसार सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ प्रतिवादीहरू पदमबहादुर वि.क., रमेश वि.क. र लक्ष्मी वि.क.लाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याई पुनरवेदन अदालत पाटनबाट मिति २०६७/०७/११

मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने ।

प्रतिवादीमध्येकी मनकुमारी वि.क.ले दुई पोका पाउडर घरबारीमा भएको दाख फल कुहिन र कीराले खान लागेको कारण चौतारा बजारबाट थाहा नभएको पाउडर किनी मट्टितेलमा मिसाई फलमा छर्केकी थिएँ । निज दिलबहादुर श्रेष्ठ के कारणले मरेको हो थाहा छैन भनी मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गरेको भए तापनि घरवारीको दाख फलमा मैले विष किनी मट्टितेलमा घोली दाखको बोटमा छरेको होइन भनी सुरू अदालतमा इन्कारी बयान गरिदिएको देखिने ।

मिति २०६१/०३/०२ मा परेको सुरू जाहेरी दरखास्तको बेहोरामा डम्मरबहादुर श्रेष्ठलगायतका चार पाँचजना बालबालिकाले सोही दिन छिमेकी खड्गबहादुर वि.क.को जुठ्यान बारीमा गई काँचो दाख (अंगुर) टिपी खाँदा लडेछन् । हेर्न जाँदा सबै बेहोस भई उपचार गर्न लगेकोले कारबाही गरिपाउँ भनी उल्लेख भएकोमा त्यसको ९ दिनपछि ऊनै कृष्णबहादुर श्रेष्ठसमेतले अर्को जाहेरी दरखास्तमा दाख फलमा विष हाली मार्ने नियतले फलमा विषादी प्रयोग गरेको भन्ने कुरासम्म उल्लेख गरी प्रतिवादीको बारीको दाख फल जाहेरवालाहरूको बच्चाहरूले आफैँले टिपी खाएको भन्ने कुरालाई स्वीकार गरी जाहेरी दिएकोमा त्यसको ६ महिनापछि निज मृतकसमेतका नाबालिगहरूलाई प्रतिवादीहरूले दाख अंगुर टिपी कचौरामा राखी सो फलमा किटनाशक औषधी राखी मुछी जाहेरवालाका नाबालिग छोराहरूलाई नाबालिग सुभाष वि.क. र बैमा वि.क. मार्फत बोलाउन लगाई उक्त विष मिसाएको दाख फल खान दिएको भनी अर्कै बेहोरा उल्लेख गरी जाहेरी दरखास्त दिएको देखियो । यसरी जाहेरी दरखास्त नै तिन थरीको देखिँदा प्रतिवादी मनकुमारीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान खण्डित भई जाहेरी दरखास्तको बेहोराहरूबाट तथ्यको कुरामा अभियोजन पक्षको भनाइमा नै विरोधाभाष भएको देखिने ।

मौकामा बुझिएका वादी पक्षका साक्षीहरू टिकामाया श्रेष्ठसमेतका मनिसहरूको बकपत्रबाट यी प्रतिवादीले नै दाख फल टिपी विष मिसाई मृतक दिलबहादुर श्रेष्ठलगायतका नाबालकहरूलाई खुवाएको भन्ने कुरा पुष्टि हुन सकेको देखिँदैन । मृतक दिलबहादुर श्रेष्ठसँगै दाख फल खाने भनिएका अन्य बालकहरू सुरेश श्रेष्ठ, उमेश श्रेष्ठसमेतको कागज बेहोराबाट निजहरूले गरेको बकपत्रबाट पनि त्यसरी मार्ने नियतले टिपेको दाख फलमा विषादी मिसाई प्रतिवादीले मृतक दिलबहादुर श्रेष्ठलाई खुवाएको भन्ने कुरा पुष्टि हुन सकेको देखिँदैन । विष मिसाएको दाख फल खुवाउने भनिएका सुभाष वि.क. र बैमा वि.क. यी प्रतिवादीले के कस्तो अपराधको लागि के कस्तो काम कुरा गर्न लाए अह्राएको थियो भन्ने कुरा अभियोजन पक्षले पुष्टि गर्न सकेको देखिएन । यसै गरी मृतकको भिषेरा रिपोर्टमा विषादी नदेखिएको अवस्था देखिँदा यी प्रतिवादी मनकुमारी वि.क.ले होस नपुर्‍याई विषादी औषधी छर्केको दाख फल खाएको कारणबाट मृतकको मृत्यु हुन गएको भनी प्रतिवादी मनकुमारी वि.क.ले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. अनुसारको कसुर गरेको नदेखिने ।

अतः माथि विवेचित आधार र कारणहरूसमेतबाट प्रतिवादी मनकुमारी वि.क.ले होस नपुर्‍याई लापरवाहीपूर्ण तरिकाले विष छर्केको कारणबाट भवितव्य परी सोही विष छर्केको दाख फल (अंगुर) खाई मानिसको मृत्यु भएको देखिँदा प्रतिवादीमध्येकी मनकुमारीको कसुर मुलुकी ऐन, ज्यानसम्बन्धीको ५ नं. अनुसार कसुर गरेको देखिँदा सोही महलको ६(२) नं. अनुसार रू.५००।- जरिवाना तथा ६(छ) महिना कैद हुने ठहरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६७/०७/११ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई अनुमान र शंकाको भरमा कसुरदार कायम गर्न नमिल्ने हुँदा प्रतिवादीहरूउपरको

कर्तव्य ज्यान मुद्दाको अभियोग दाबी पुग्न नसक्ने भई प्रतिवादीहरू पदमबहादुर वि.क., रमेश वि.क. मनकुमारी वि.क. र लक्ष्मी वि.क.ले आरोपित कसुरबाट सफाइ पाउने ठहरी सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०६६/०५/०२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल
कम्प्युटर: विपिनकुमार महासेठ
इति संवत् २०७४ साल चैत्र २६ गते रोज २ शुभम्।

## इजलास नं.८

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७०-CI-१२१८, दूषित नापी दर्ता स्रेस्ता बदर हक कायम दर्ता, राममाया लामा वि. रामजित छुमी*

जिल्ला मकवानपुर, चित्लाङ गा.वि.स. वडा नं. २ को पाना नं. ६०० रै.नं.३३० को निगुरे नेल्टदेखि पश्चिम, खोरेचौर चिहान डाँडादेखि दक्षिण, मानसिँहका घरदेखि पूर्व, बोगेल खोलादेखि उत्तर यति चार किल्लाभित्रको सुना लामाले आवाद गरेको हाल मोही चित्लाङ सिरान पौवा बस्ने जितबहादुर छुमी तामाङ पाखो खेत कित्ता १ को रोपनी ४।।२ को।१९।१०-७८ पैसा तिरो लाग्ने भनी वादीले आफ्नो स्रोत देखाएको जग्गा वादीका बाजे जितबहादुरको चिरकालदेखि घरवास, भोगचलन, तिरोको जग्गा रहेको भन्ने देखिन्छ। सोलाई मालपोत कार्यालय हेटौंडाको च.नं. ८७७ मिति २०६८।५।२७ को पत्रबाट मु. जितबहादुर जिम्माको लिलानिधि विष्टको पालाको ८८ सालदेखि बाली आउने भनी लेखिएको साबिक स्रेस्ताको रै.नं. ३३० को ४।।।२ जग्गा जितबहादुर लामाको पाखो खेत भनी उल्लेख गरी पुष्टि गरेको देखिन्छ। सोलाई प्रतिवादीले अन्यथा भन्न सकेको नदेखिने।

प्रतिवादीले आफ्नो हकको स्रोत भनी देखाएको काले थिङबाट प्राप्त गरेको मिति २०२५।१।१० को राजीनामाको लिखतमा प्रतिवादीले पाएको जग्गाको चार किल्लामध्ये पूर्वतर्फको कित्ता जग्गा ज्ञानबहादुरको भन्ने उल्लेख भएको देखिन्छ। ज्ञानबहादुर हालका वादीको बाबु हुन् भन्ने नै देखिन्छ। सो पूर्वपट्टिको जग्गा निज ज्ञान बहादुरले दर्ता गराएको भन्ने देखिन आउँदैन। नापी कार्यालय मकवानपुरको च.नं. १६५७ मिति २०६७।१२।१५ को पत्रबाट प्राप्त हुन आएको विवादित कि.नं. ३६२ को ६-१५-३-३ जग्गाको नक्सा ट्रेस तथा मकवानपुर जिल्ला अदालतबाट भई आएको मिति २०६८।१२।३ को सर्जमिन मुचुल्कामा विवादित वादी दाबीको जग्गाको चार किल्ला उल्लिखित रै.नं. ३३० मा उल्लेख भएअनुरूपको नै देखिएको छ। सो जग्गामा वादीका बाजेले घर बनाएको र साबिकदेखि हालसम्म पनि वादीकै भोग भई घर बसोबास रहेको भन्ने पनि सर्जमिन बेहोराबाट देखिने।

नापी कार्यालयबाट प्राप्त सर्वे नापीको क्षेत्रीय किताब र सर्वे नक्सासमेतबाट कि.नं.३६४ को पूर्वमा वादी दाबीको कि.नं.३६२ को जग्गा रहेको देखिन्छ। सो कि.नं.३६२ को जग्गाको पूर्वमा ज्ञानबहादुर वा वादीको बाबुको नामको अन्य जग्गा रहेको भन्नेसमेत देखिन आउँदैन। यसबाट पनि प्रतिवादीको कि.नं.३६४ को जग्गाभन्दा पूर्वमा वादीको बाबु ज्ञानबहादुरको जग्गा रहनुपर्ने देखिन्छ। कि.नं. ३६४ भन्दा पूर्वमा कि.नं.३६२ को जग्गा रहेको देखिन आएको अवस्थामा सो कि.नं. ३६२ को जग्गा नै वादीको स्रोतको लिखतमा देखिएको रै.नं. ३३० को जग्गा नै हो भन्ने तथ्य स्थापित हुने।

प्रतिवादीका दाता भनेका सुर्जबहादुर छुमी तामाङले खोलाघारी बारी कित्ता १ ऐ.ऐ. को घरबारी जम्मा माटो मुरी ८ को २०२७ को सेर्मा रू.३।६० मिति २०२८।१।२ मा जिम्मुवाललाई बुझाएको रसिद देखिन्छ। सोही रसिदको पछाडि कि.नं. ३६२ x ३६४ को जग्गा भिडी दर्ता हुने भनी ३ नम्बर नापी टोलीबाट

प्रमाणित गरेको पाइयो । मिति २०२५।१।१० को राजीनामाको लिखतमा प्रतिवादीले पाएको जग्गाको चार किल्लामध्ये पूर्वतर्फको कित्ता जग्गा वादीका बाबु ज्ञानबहादुरको जग्गा रहेको भन्ने तथ्य स्पष्ट छ । सो मिति २०२८।१।२ को रसिदमा एक कित्ता जग्गा मात्र उल्लेख भएको छ । एक कित्ता जग्गाको रसिद देखाई दुई कित्ता जग्गा दर्ता गराएको देखिने ।

वादीले पेस गरेको साबिक रै.नं. ३०० को कित्ता जग्गासँग सुर्जबहादुर छुमीको नाममा दर्ता भएको विवादित कि.नं. ३६२ को ६-१५-३-३ जग्गाको कित्ता भिड्न आएको भन्ने पुष्टि भएको देखिएको हुँदा एकाको हकको जग्गा अर्काले दर्ता गराएको कार्य दूषित भई सो दूषित कार्यले कानूनी मान्यता प्राप्त गर्न सक्ने देखिन आउँदैन । अतः वादी दाबीको जग्गामा वादीको पुर्खाको पालादेखि नै हक भोग बसोबास रहेको देखिन आएको छ । यस अवस्थामा कानूनी रूपमा हक टुटाई अन्यत्र नगएसम्म सो जग्गामा वादीको हक रहेकै भन्ने देखिने ।

प्रस्तुत मुद्दामा पनि पाना ६०० रै.नं. ३३० मा जग्गा कायम रहेको, सोको चार किल्ला सर्जमिनवाट भिडेको, सो जग्गा अन्यत्र रहेको छ भनी प्रतिवादीले देखाउन नसकेको, प्रतिवादीले देखाएको स्रोतको मिति २०२५।१।१० को लिखतमा पूर्वतर्फको किल्ला ज्ञानबहादुर भन्ने उल्लेख भएको, सर्वे नक्सामा कि.नं. ३६४ को पूर्वमा दाबीको कि.नं. ३६२ को जग्गा देखिएकोसमेतका आधार प्रमाणबाट दाबीको कि.नं.३६२ को जग्गा वादीको पुर्खाको हकभोगको देखिएकोमा प्रतिवादीले स्रोतको कुनै लिखत बेगर दूषित तवरले नापी दर्ता गराएको भन्ने नै देखिने ।

वादीको हकको स्रोतको लिखतविपरीत दाबीको उक्त जग्गा प्रतिवादीको नाममा दर्ता भएको देखिन आएको छ । यस अवस्थामा सो दर्ता पनि दूषित दर्ता नै मान्नुपर्ने हुन आएको छ । यस्ता कार्यले समय सीमाको कारणले मान्यता पाउने स्थिति नरहोस् भनेर नै दूषित दर्ता बदर गराउन हदम्याद नलाग्ने सिद्धान्त कायम भएको देखिन्छ । दूषित दर्ता बदरमा हदम्याद बाधक नहुने भनी सिद्धान्तसमेत कायम भइसकेको परिप्रेक्ष्यमा प्रत्यर्थी वादीकै घर बसोबास र भोगसमेत रहेको उक्त जग्गा प्रतिवादीले अन्य व्यक्तिलाई लिखत गरी दिएपश्चात् पुनरावेदक प्रतिवादी उक्त जग्गामा भोग गर्न आएपछि जानकारी पाएको भन्ने प्रत्यर्थी वादीको फिराद कथनलाई अन्यथा भनी हदम्यादभित्र फिराद नपरेको भनी भन्न मिल्ने नदेखिने ।

तसर्थः उपर्युक्त विवेचित आधार कारण र प्रमाणहरूसमेतबाट वादी दाबीको कि.नं. ३६२ को जग्गामा वादीको दाबी पुग्न नसक्ने ठहर्छ भनी सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०६९।२।१० मा भएको फैसलालाई उल्टी गरी वादी दाबीबमोजिम नापी दर्ता तथा स्रेस्ता बदर गरी दाबीको उक्त कि.नं.३६२ को जग्गामा वादीको हक कायमसमेत हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौडाको मिति २०७०।९।२१ को फैसला मनासिब नै देखिएकोले सदर हुने ।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७६ साल कार्तिक २६ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७०-CI-१२१९, ०७०-CI-१२१७, घर हटाई जग्गा खिचोला मेटाई चलन, हालैको बकसपत्र लिखत बदर, कृष्णमाया लामासमेत वि. रामजित छुमी, जानकीमाया लामासमेत वि. रामजत छुमी भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०६९-CI-०००८, जग्गा खिचोला चलन, लछुमन गुरूङ  वि. उत्तरकुमार गुरूङसमेत*

प्रतिवादीहरू उत्तरकुमार गुरूङसमेतले

दाबी लछुमान गुरूङको कि.नं.६१८ को जग्गा वादीकै हकभोगको जग्गा हो, उक्त जग्गामा आफूहरूले कुनै प्रकारले खिचोला नगरेको भन्ने प्रतिउत्तर जिकिर लिएको देखिन्छ । यसैगरी सुरू संखुवासभा जिल्ला अदालतको मिति २०६७।११।११ को आदेशानुसार मिति २०६८।०२।२८ मा भएको नक्सा मुचुल्कामा समेत दाबीको कि.नं.६१८ को जग्गा यी प्रतिवादीहरूले खिचोला गरेका छैनन्, होइन, सो जग्गा साबिकदेखि नै वादी लछुमन गुरूङले भोगचलन गरिआएका छन् भनी उत्तरकुमार गुरूङसमेतले बेहोरा लेखाएको देखिन्छ । प्रतिवादीका साक्षी गणेश राई र गंगाबहादुर गरूङ सुरू अदालतमा उपस्थित भई कि.नं.६१८ को जग्गा वादीकै भोगचलनमा रहेको, प्रतिवादीहरूले खिचोला नगरेको भनी प्रतिवादीहरूको प्रतिउत्तर जिकिरलाई समर्थन गरी बकपत्र गरेको पाइने ।

यसैगरी प्रमाणको रूपमा पेस भएको २३-०६६-००४२८ को लुटपिट मुद्दाको मिसिल हेर्दा, वादी लछुमन गुरूङसमेत र प्रतिवादी उत्तरकुमार गुरूङसमेत भएको अलैंची लुटपिट मुद्दा सुरू संखुवासभा जिल्ला अदालतमा मिति २०६६।०९।१२ मा दायर भएको देखिन्छ । उक्त लुटपिट मुद्दामा वादी लछुमन गुरूङसमेतले प्रतिवादी उत्तरकुमार गुरूङसमेतले कि.नं.५५६, कि.नं.६१८ र कि.नं.६१७ समेतको जग्गाको अलैंची २०० मन लुटपिट गरेको भन्ने दाबी लिएको देखिन्छ । सो मुद्दामा वादीहरू लछुमन गुरूङसमेतले आफूहरूले दाबी प्रमाणित गर्न नसक्ने भनी मुलुकी ऐन, अ.बं.९२ नं. बमोजिम मुद्दा फिर्ता लिएको देखिन्छ । लुटपिट मुद्दामा कि.नं.६१८ को जग्गाको हकमा समेत दाबी प्रमाणित गर्न नसक्ने भनी वादीले मुद्दा फिर्ता लिएको हुँदा वादीको कि.नं.६१८ को जग्गामा निजै वादीको भोग छ, खिचोला गरेको छैन भनी प्रतिवादीले लिएको जिकिर र नक्सा मुचुल्कामा उल्लिखित बेहोरा पुष्टि हुने ।

मूलतः वादी दाबीको न.नं.१७ को कि.नं.६१८ को जग्गा वादीकै हो, वादीको हकको हो भनी प्रतिवादीहरूले सुरू प्रत्तिउत्तर जिकिरबाटै स्वीकार गरिरहेको देखिन्छ । प्रतिवादीहरूले सोही जिकिर नक्सा मुचुल्कामा समेत उल्लेख गरेको देखियो । उक्त न.नं.१७ को कि.नं.६१८ को जग्गामा वादीले दाबी गरेझैं अलैचीलगायतका बोटविरूवा फाँडफुँड, खनखान लगायतका कुनै कार्य गरी प्रतिवादीहरूले सो जग्गा खिचोला गरेको तथ्य पुष्टि हुन आएको देखिएन । देवानी मुद्दामा वादी दाबी पुष्टि गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २६ बमोजिम वादीमा निहित रहेको हुन्छ । यिनै प्रतिवादीसमेतउपर कि.नं.६१८ समेतको जग्गाको अलैंची लुटपिट गरेको भनी वादीसमेतले अलैची लुटपिट मुद्दा दायर गरेकोमा आफूहरूले दाबी प्रमाणित गर्न नसक्ने भनी मुद्दा फिर्ता लिएबाट वादीले लिएको दाबी निजैले खण्डन गरिरहेको देखियो। वादी दाबीबमोजिमको जग्गा खिचोला पुष्टि हुन नसकेको स्थितिमा पुनरावेदन अदालत धनकुटाबाट वादीदाबी पुग्न नसक्ने ठहर गरी भएको फैसला अन्यथा भन्न नमिल्ने ।

अतः माथि विवेचित आधार कारणबाट वादी दाबी पुग्ने ठहर गरी सुरू संखुवासभा जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर गरी पुनरावेदन अदालत धनकुटाबाट मिति २०६९।०२।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः नरहरि ढकाल, कालिबहादुर साम्यू लिम्बू

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल मङ्सिर १९ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६९-CI-१११२, लिखत बदर दर्ता बदर, जमुना थापासमेत वि. रामकाजी थापासमेत*

दाबीका कि.नं. ३८४, ३८५ र ५९२ का

जग्गा १९९९ सालमा भक्तबहादुर नेवार जिम्माको मानबहादुर बस्नेत नाउँ दर्ताको भई निजबाट वादीहरूको जेठा ससुरा पहलबहादुर थापाले राजीनामा लिई विपक्षीका ससुरा भक्तबहादुरले अंशमा पाएको र उक्त जग्गा सर्भे नापीमा वादीका पतिहरू रामकाजी थापा, ठाकुरबहादुर थापा र गोपाल थापा नाबालक भएकै अवस्थामा निजहरूको संयुक्त नाउँमा दर्ता हुन आएको पैतृक सम्पत्ति देखिएको छ । ससुरा भक्तबहादुरको अंश भागमा प्राप्त भएको जग्गामध्ये कि.नं. ३८४, ३८५ र ५९२ का जग्गाहरू निजका छोराहरू रामकाजी थापा, ठाकुरबहादुर थापा र गोपाल थापा तीनैजनाको नाउँमा संयुक्त दर्ता गराएको भन्ने देखिन्छ । उक्त जग्गाहरू वादीहरूका ससुरा भक्तबहादुरले छोराहरूको अधिकृत वारेससमेत लिई हक हस्तान्तरण गरेको भन्ने पारित लिखत बेहोराबाट देखिन्छ । घरको मूल व्यक्ति ससुराले घर खर्च गर्न भनी पैतृक सम्पत्ति बिक्री गरेको सो लिखतबाट देखिने ।

वादी र निजहरूका पति तथा ससुरासमेत एकासगोलमा रहेको भन्ने कुरामा विवाद देखिएन । प्रतिवादीहरूबिच राजीनामा पारित गरी लिनुदिनु गरेको र.नं. २२६५ को लिखतमा घरखर्च गर्न जग्गा बिक्री गरी लिए दिएको भन्ने उल्लेख भएको देखिने ।

त्यस्तै, अंशबन्डाको १९ नं. को देहाय १ मा भएको व्यवस्थाले एकाघर सगोलमा रहेको पिता पुर्खाको पालादेखिको सम्पत्तिमध्ये चलमा सबै र अचलमा आधासम्म एकासगोलका उमेर पुगेका अंशियारहरूको मन्जुरी नभए पनि घर व्यवहार चलाउनलाई बिक्री गर्नसक्ने व्यवस्था गरेको देखिने ।

प्रतिवादीहरू रामकाजी थापा, ठाकुरबहादुर थापा र गोपाल थापाले एकासगोलको निजहरूको संयुक्त नाउँको विवादका जग्गा बिक्री गरी हक हस्तान्तरण गरेकोले सोमध्ये वादीहरूको हक हिस्साजति लिखत बदर हुनुपर्ने भन्ने दाबी जिकिरको सन्दर्भमा यी प्रतिवादीहरूले बिक्री गरेबाहेक जि. खोटाङ, बाम्राङ गा.वि.स. वडा नं. ७ कि.नं. ११७ को २७-२-३-१ र ऐ.ऐ. कि. नं. १२६ को ४-१५-०-२ समेतका जग्गा वादीका पतिहरू रामकाजी थापा, ठाकुरबहादुर थापा र गोपाल थापाको संयुक्त नाउँमा कायम रहेको देखिन्छ । त्यस्तै प्रतिवादी रामकाजी थापाका नाउँमा ऐ. ऐ. वडा नं. ७ कि. नं. ५४४ क्षे.फ. ३-८-०-० जग्गा र वादीकै ससुरा भक्तबहादुर थापाका नाउँमा ऐ. ऐ. वडा नं. ७ कि. नं. ३९५ क्षे.फ. २-१२-०-३, ऐ.ऐ. कि.नं. ७५६ क्षे.फ. ८-१-२-१ र ऐ.ऐ. कि. नं. ५४५ क्षे.फ. ७-६-१-२ समेत ज.रो. ५३-१४-०-१ जग्गा वादीका एकासगोलका अंशियार विपक्षी पतिहरूसमेतका नाउँमा कायमै रहेको मिसिल संलग्न प्राप्त दर्ता स्रेस्ताबाट देखिन्छ । उक्त दर्ता स्रेस्ता तथा पारित लिखत प्रमाणसमेतबाट बिक्री गरेको जम्मा क्षेत्रफल ज.रो. ९-८-०-२ भन्दा बढी क्षेत्रफल ज.रो. ५३-१४-०-१ जग्गा यद्यपि वादीका पतिहरू तथा एकासगोलका ससुराको नाउँमा दर्ता रहेको देखियो । वादीहरूलाई निरअंशी बनाउने उद्देश्यले विवादित जग्गा बिक्री गरेको देखिन आएको छैन । घरको मूल व्यक्तिलाई घर व्यवहार सञ्चालन गर्न कानूनले नै सुविधा दिएको र एकासगोलमा रहेका वादीहरूसमेतको लागि घर व्यवहार चलाउने दायित्वसमेत घरमूलीको नै हुने हुँदा रीतपूर्वक हक हस्तान्तरण भएको लिखत बदर गरिपाउँ भन्ने वादी दाबी मनासिब देखिने ।

अत: माथि विवेचना गरिएका आधार कारणबाट वादीहरू एकासगोलमा नै रहेका र दाबीको र. नं. २२६५ को लिखतबाट बिक्री भई हक हस्तान्तरण गरेको जग्गाभन्दा बढी क्षेत्रफल जग्गा विपक्षी पतिहरूको संयुक्त तथा अलग अलग एवं ससुरासमेतको नाउँमा कायमै रहेको देखिएकोले अंशबन्डाको १९ नं.को देहाय (१) को अवस्था विद्यमान भई घर व्यवहारको लागि एकाघर सगोलका मूल व्यक्ति भक्तबहादुर थापासमेत अधिकृत वारेस भई दाबीका जग्गा बिक्री गरी लिनुदिनु गरेको देखिएकोले सुरू अदालतले लिखत बदर गरेको

फैसला उल्टी गरी पुनरावेदन अदालत राजविराजले वादी दाबी नपुग्ने ठहराएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नरहरि ढकाल

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल मङ्सिर १९ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा. न्या.श्री** टंकबहादुर मोक्तान, *०७०-CR-००६३, ०७०-CR-०५९६, मानव अपहरण तथा शरीर बन्धक, नेपाल सरकार वि. अजय चौधरीसमेत, माया निरौला राई वि. नेपाल सरकार*

पीडितको बसको टिकटसमेत प्रतिवादी माया निरौला राईले खरिद गरिदिएकी र पीडितलाई काकडभिट्टासम्म पुऱ्याई आफ्नो घर लगेको तथ्य घटनाक्रमबाट देखिन्छ । पीडितको पर्सबाट विदेशी रकमसमेत हराएको अवस्था छ । निज पीडितलाई उद्धार गरेलगतै औषधोपचारको लागि काठमाडौं स्थित मेरिडियन हेल्थ केयर सेन्टर प्रा.लि. (Meridian Health Care Centre Pvt. Ltd.) मा लगिएको देखिन्छ। पीडितलाई प्रतिवादी माया निरौलाले जुस खान दिएपछि बेहोस भएकी छन् । सोही कारणले निजलाई लामो समयसम्म औषधोपचार गर्नु परेको भन्ने देखिने।

विना चिनजानका व्यक्तिलाई बसको टिकट काटिदिई पीडित चन्द्रनिगाहपुरमा उत्रनुपर्ने भन्ने प्रतिवादी मायालाई थाहा भएको अवस्थामा समेत झापास्थित आफ्नो घरसम्म पुऱ्याउने कार्य किन गर्नु परेको हो ? सोको युक्तिसङ्गत र सन्तोषजनक कारण प्रतिवादी माया निरौलाले उल्लेख गर्न सकेको पाइँदैन। निजउपर उपकार गरेको भए प्रहरीमा खबर गर्नुपर्ने स्थिति थियो । पीडितलाई प्रहरी प्रशासनमा नबुझाई आफ्नो घरमा राखेको कार्यबाट प्रतिवादी माया निरौला राईको असल नियत रहेको देखिएन । यस अवस्थामा निज निर्दोष रहेको मान्न नमिल्ने।

प्रतिवादीउपर किटानी जाहेरी परेको अवस्था छैन । निज प्रतिवादी सुरूदेखि नै अभियोग दाबीको कसुरमा इन्कार रहँदै आएका छन् । जाहेरवाला सीतादेवी अधिकारीले अदालतसमक्ष बकपत्र गर्ने क्रममा ड्राइभर अजय चौधरीकै सहयोगमा आफ्नो छोरीको उद्धार भएको र छोरीको साथमा रहेको विदेशी रकम र मोबाइल सेट प्रतिवादी माया निरौला राईले लगेको भनी लेखाएकी छन् । निज प्रतिवादी अजय चौधरीसमेत प्रस्तुत वारदातमा संलग्न रहेको भन्ने बेहोरा पीडितको बयानमा कहीँकतै उल्लेख भएको छैन। बरू निज ड्राइभरले नै पीडित अलपत्र परेको भनी सानाहातहरू नेपाल भन्ने संस्थालाई सूचना दिएको र सोही सूचनाको आधारमा निजको उद्धार भएको भन्ने तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको छ। अजय चौधरीले नै पीडितसँग भएको विदेशी रकम र मोबाइल लगेको हो भन्ने प्रतिवादी माया निरौलाको बयान भए पनि ठोस प्रमाणबाट प्रस्तुत वारदातमा अजय चौधरीको संलग्नता देखाउन सकेको अवस्था छैन। यस्तो स्थितिमा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी अजय चौधरीको अभियोगदाबीको कसुरमा संलग्नता नभई निजले सफाइ पाएको अवस्थामा प्रस्तुत मुद्दामा प्रतिवादी माया निरौलाउपर भएको सजायतर्फ विचार गर्दा, पीडित महिलाको धन सम्पत्ति लाने उद्देश्यले प्रतिवादी माया निरौलाले आफ्नो घरमा बन्धक बनाएको तथ्य पुष्टि हुन आएकोले निज पीडितलाई मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. तथा ९ नं.बमोजिम सजाय गर्ने गरी भएको पुनरावेदन अदालत इलामको फैसलालाई अन्यथा गरिरहनु परेन। निज प्रतिवादीलाई सो ऐनको ७ नं. बमोजिम २वर्ष थप गरी सजाय गर्नुपर्ने भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर रहे तापनि प्रस्तुत

मुद्दामा प्रतिवादी माया निरौलाउपरको कसुर मात्र पुष्टि भएको अवस्थामा सङ्गठितरूपमा अपहरण गरेकोमा थप सजाय हुने भन्ने व्यवस्था आकर्षित हुने अवस्था नरहने।

अतः विवेचित आधार प्रमाणबाट प्रतिवादी माया निरौला राईले पीडित विपना अधिकारीलाई धन सम्पत्ति प्राप्त गर्ने उद्देश्यबाट आफ्नो घरमा बन्धक बनाएको तथ्य पुष्टि हुन आएकोले यी पुनरावेदक प्रतिवादी माया निरौला राईलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं.अनुसार ७(सात) वर्ष कैद तथा ९ नं.बमोजिम थप २ वर्ष कैद गरी जम्मा ९ वर्ष कैद र रू.२५,०००।– जरिवाना हुने तथा बिगो रू.१,९१,७७५।– र क्षतिपूर्ति रू.२५,०००।– समेत प्रतिवादी माया निरौला राईबाट पीडित विपना अधिकारीले भरी पाउने एवम् प्रतिवादी अजय चौधरीलाई अभियोग दाबीको कसुरबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत इलामको मिति २०६९।११।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कल्याण खड्का

कम्प्युटर: देविमाया खतिवडा

इति संवत् २०७५ साल साउन २८ गते रोज २ शुभम्।

**५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-RC-००५२, विष खुवाई कर्तव्य ज्यान (ज्यान मार्ने उद्योग), नेपाल सरकार वि. सीता चौधरी*

आफूले मात्र विष सेवन गरेको छोरीहरूलाई विष नखुवाएको भन्ने प्रतिवादीको अदालतको बयान मिसिलबाट पुष्टि हुन आएन। जाहेरी बेहोरा, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको सिलसिलेवार साबिती, नाबालक जमुना चौधरीको मौकाको कागज, शव परीक्षण प्रतिवेदन र मिसिलमा संकलित सबुत प्रमाण, घटनाको अवस्था र प्रकृतिसमेतका आधारमा प्रतिवादीले आफैँले खरिद गरी ल्याएको विष छोरीहरूलाई खुवाएको कार्य कारणबाट नाबालक गंगा चौधरीको मृत्यु हुन गएको र अर्की छोरी जमुना उपचारबाट बाँच्न सफल भएको भन्ने देखिने।

प्रतिवादीको उक्त कार्यमा ज्यानसम्बन्धी महलको १३ (२) तथा ऐ. १५ बमोजिमको अभियोग दाबी रहेको देखिन्छ । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. मा **"---कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नाको उद्योग गर्नु हुँदैन"** भन्ने उल्लेख छ । कानूनले निषेध गरेको कार्य गरे अपराध हुन्छ । त्यस्तै सोही महलको १३ को (२) मा **"विष खुवाई ज्यान मारेमा खुवाउने ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ । मानिसलाई विष खुवाउन लगाउनेलाई जन्मकैद गर्नुपर्छ"** भन्ने कानूनी व्यवस्था छ। त्यस्तै ऐ. १५ मा **"ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नको लागि अरू जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकोमा कुनै कारणले ज्यान मर्न पाएको रहेनछ भने त्यस्तो काम गर्ने वा गर्न लगाउने तथा सो ठाउँमा गई वचन दिने वा मद्दत गर्नेलाई पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्नुपर्छ"** भन्ने व्यवस्था देखिने।

उल्लिखित विवेचित आधार कारण तथा कानूनी व्यवस्थाबाट प्रतिवादी सीता चौधरीले सासू तथा पतिसमेतले हेला गर्ने, घरमा बस्न नदिने, दुःख दिने कार्य गरेकोले आजित भई मर्ने निधो गरी ४ वर्षका जुम्ल्याहा छोरीहरू गंगा र जमुनालाई KI-TOP नामक किटनाशक औषधी सेवन गराई आफूसमेतले सेवन गरेकोले छोरी गंगा चौधरीको मृत्यु भएको अर्की छोरी जमुना चौधरी औषधी उपचारपछि बाँचेको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट समर्थित भएको आधारमा प्रतिवादीलाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र ऐ.ऐनको १५ नं. बमोजिम ५ वर्ष कैदको सजाय गर्ने गरेको सुरू अदालतको फैसला सदर गरेको उच्च

अदालत तुल्सीपुर, नेपालगन्ज इजलासबाट मिति २०७४।७।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीलाई तत्कालीन मुलुकी ऐनको व्यवस्थाअनुरूप सर्वस्वसहित जन्मकैदको सजाय भएको देखिन्छ । प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "**कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन"** भनी उल्लेख गरेको र परिच्छेद १२ को ज्यानसम्बन्धी कसुरमा सर्वस्व गर्ने व्यवस्था रहे भएको नदेखिँदा प्रतिवादीलाई सर्वस्व गर्न नमिल्ने।

साथै वारदात हुँदाको बखत प्रचलित मुलुकी ऐन अ.बं. १८८ नं. मा "...कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहराई आफ्ना चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नु हुन्छ । अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ" भन्ने न्यायकर्ताको स्वविवेकीय अधिकारको व्यवस्था गरेको पाइन्छ । प्रस्तुत कानूनी व्यवस्थाअनुसार पीडकलाई अन्तिम सजाय निर्धारण गर्दा न्यायिक मन प्रयोग गरी न्यायोचित सजाय गर्नु उपयुक्त हुने।

प्रस्तुत मुद्दामा प्रतिवादीले घरमा सासू, पतिसमेतले गरेको व्यवहारबाट जीवनदेखि नै निरास भई आफ्नो जीवनसमेत समाप्त पार्ने योजना बनाई नाबालक छोरीहरूले आफू मरेपछि दुःख पाउने अवस्था रहन्छ भन्ने कमजोर मनस्थिति रहेको अवस्थामा प्रतिवादीले विष सेवन गरी नाबालक छोरीहरूलाई सेवन गराएको भन्ने देखिन्छ । वारदात हुँदा उपचारपछि बाचेकी अर्की छोरीसमेत वर्ष ४ की नाबालक रहेको र आफू पुनः गर्भवती भई हालसालै अर्की छोरीसमेत जन्मिसकेको भन्ने स्थिति प्रस्तुत मुद्दामा विचारणीय पक्ष रहेको छ । आफ्नो छोरीलाई मार्नुपर्ने अन्य कुनै कारण, आधार देखिएको छैन । आफूपनि मर्ने र छोरीहरूले दुःख पाउलान् भनी निजहरूलाई पनि मार्ने उद्देश्य लिएको विषय संवेदनशील छ । निज प्रतिवादीले प्रस्तुत मुद्दामा व्यक्त गरेको भनाइलाई पनि सजाय निर्धारण गर्दा विचार गर्नुपर्ने देखिन्छ । निजले विष सेवन गराएकी अर्की ४ वर्षकी छोरी जमुना चौधरी बाँचेको स्थितिमा निजले सन्तान छोरीप्रति गर्नुपर्ने दायित्व, कर्तव्यसमेत बाँकी रहेको छ । निज प्रतिवादीको विष सेवन गर्नुपर्ने कारण, अवस्था, मनोदशालाई समेत सजाय निर्धारण गर्दा विचार गर्नुपर्ने हुन्छ । प्रतिवादीलाई ठहर भएको जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिन आएकोले तत्कालीन मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १० (दश) वर्ष कैदको सजाय गर्दासमेत न्यायको मकसद पूरा हुने देखिँदा अ.बं.१८८ नं. बमोजिम प्रतिवादीलाई १०(दश) वर्ष कैदको सजाय हुने।

इजलास अधिकृतः- मदन पराजुली

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७६ साल जेठ २९ गते रोज २ शुभम्।

## इजलास नं.९

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७६-WH-००७६, बन्दीप्रत्यक्षीकरण, विकलकुमार गौतम वि. उच्च अदालत जनकपुरसमेत*

विमला कुमारी र विकलकुमार गौतमका बिच जाहेरवाली सिताकुमारीले अंश बुझी लिखत पारित गर्नुभन्दा पहिले नै विवाह गरेकोलगायतका तथ्यहरू प्रस्तुत हुन आएको देखियो । मुद्दामा देखिएका र निरूपण गर्नुपर्ने अवस्थाका प्रश्नहरूको निरूपण मुद्दामा गरिने र सुनुवाइका क्रममा हुने नै देखिन्छ । अहिले नै

रिट क्षेत्राधिकारबाट त्यस प्रकारका तथ्यगत विषयको प्रमाणको मूल्याङ्कन गरी निरूपण गर्नु उचित हुँदैन । निवेदकउपर बहुविवाहको कसुर गरेको भन्ने अभियोग दाबी रहेको देखिन्छ । मुद्दामा कानूनबमोजिम सुनुवाइ भई साधिकार जिल्ला अदालतबाट तथा उच्च अदालत जनकपुरसमेतबाट निवेदक विकलकुमार गौतमलाई मुद्दामा पुर्पक्षका लागि थुनामा राख्ने गरी आदेश भएको पाइयो । तह तह अदालतबाट सुनुवाइ र आदेश भएको भएको नियमित न्यायिक प्रक्रियाको विषयमा अहिले रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्नुपर्नेसम्मको कुनै उचित कारण खुल्न आएको देखिँदैन । कारबाही प्रक्रियामा कानून प्रतिकूल कामकारबाही भएको वा गम्भीर अन्यायको अवस्था रहेको भन्ने पनि देखिन आएन । यस अवस्थामा नियमित न्यायिक प्रक्रियाबाट भएको कारबाहीको परिणामस्वरूप साधिकार अदालतको आदेशबमोजिम मुद्दामा पुर्पक्षका लागि थुनामा राखिएको कुरालाई गैरकानूनी थुना मान्न नमिल्ने ।

अतः नियमित न्यायिक प्रक्रियाबाट मुद्दा चली सुरू जिल्ला अदालत र उच्च अदालत जनकपुरबाट निवेदक विकलकुमार गौतमलाई मुद्दा पुर्पक्षका लागि थुनामा राख्ने गरी आदेश भएको देखियो । न्यायिक प्रक्रियाको सन्दर्भमा तह-तह अदालतबाट भएको काम कारबाही र आदेशमा कुनै त्रुटि रहेको वा गम्भीर अन्यायको अवस्था कायम रहेको देखिएन । तसर्थ निवेदन मागबमोजिम रिट आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत:- राजेन्द्र वाग्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल कार्तिक २५ गते रोज २ शुभम्।

**२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सुष्मालता माथेमा**, *०७६-WH-००५४, बन्दीप्रत्यक्षीकरण, उत्प्रेषण / परमादेश, पृथ्वी राज चेमजोङ वि. श्री उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदकउपर मन्जु श्रेष्ठको जाहेरीले नेपाल सरकार वादी भएको बैंकिङ कसुर मुद्दामा सुनुवाइको मौका नदिई फैसला भएको र सो फैसलाको कारण थुनामा रहनु परेकोले सुनुवाइको मौका दिलाउन बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदन दाबी देखिन्छ । बैंकिङ कसुर मुद्दामा भएको म्याद तामेलीलाई अन्यथा भन्न सक्ने अवस्था छैन । प्रतिवादीलाई बैंकिङ कसुर तथा सजाय ऐनबमोजिम कैद जरिवानासमेत हुने ठहर भएको छ । फैसलाले कैद लागेको व्यक्तिलाई कैद ठेकी कैदी पुर्जी दिई कारागार कार्यालय पठाइएको हो । निवेदन खारेज हुनुपर्छ भन्ने लिखित जवाफ देखिन्छ । मिसिल हेर्दा निवेदकका नाउँमा जारी भएको ३० दिने म्याद मिति २०७५।०३।२७ गते निजको जिल्ला पाँचथर साबिक यासोक गा.वि.स. वडा नं. ८ हाल परिवर्तित कुम्यायक गा. पा. वडा नं. १ मा रहेको निजको घरमा साक्षीहरूसमेतको रोहवरमा रीतपूर्वक टाँस गरी म्याद तामेल भएको देखियो । मिति २०७३।१०।२६ गते बसाई सरेको भनी निवेदकले जिकिर लिएको भए पनि निजले उच्च अदालत पाटनमा मिति २०७४।०९।११ मा दायर गरेको ०७४-WO-०५२६ को निषेधाज्ञाको निवेदनमा पाँचथर जिल्लाकै उपर्युक्त उल्लिखित ठेगानालाई वतन भनी खुलाएको देखियो । तसर्थ बसाई सराईको जिकिर मनासिब देखिएन । निवेदकको नाउँमा कानूनबमोजिम रीतपूर्वक म्याद जारी भई तामेल भएको देखिन्छ । उच्च अदालत पाटन (वाणिज्य इजलास) बाट मिति २०७५/९/१७ मा भएको फैसलाअनुसार थुनामा राखिएको कुरालाई गैरकानूनी थुनामा रहेको भनी मान्न मिलेन । अदालतबाट भएको फैसलाअनुसार थुनामा रहेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु मनासिब नहुने ।

अतः निवेदक नियमित न्यायिक प्रक्रियाअनुसार कानूनबमोजिम मुद्दा चली फैसलापश्चात् थुनामा रहेको र निजलाई गैरकानूनी थुनामा

राखेको भन्ने नदेखिएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणसमेतको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल भाद्र २३ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७६-WH-००५७, बन्दीप्रत्यक्षीकरण, उत्प्रेषण / परमादेश, शंकर धिताल वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

कृषि विकास बैंकबाट ऋण लिएकोमा कर चुक्ता प्रमाण पत्र किर्ते गरेकोले किर्तेमा सुरू काठमाडौं जिल्ला अदालतमा मुद्दा चलेको र मुद्दा पुर्पक्षका लागि थुनामा राखेउपर उच्च अदालत पाटनमा निवेदन गर्दा सदर गरेकोले उक्त कामकारबाही बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन पत्र देखिन्छ । साधारण अधिकार क्षेत्रअन्तर्गत मुद्दाको रोहमा जिल्ला अदालतबाट भएको मुद्दा पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको आदेश उच्च अदालतबाट सदर भएको प्रस्तुत रिट खारेज गरिपाउँ भन्ने लिखित जवाफ रहेको देखिन्छ । निवेदकउपर मुलुकी अपराध संहिता, २०७४ को दफा २७६(३) (ग) बमोजिम सजाय हुन भनी लिखतसम्बन्धी कसुरमा अभियोग पत्र दायर भएको पाइयो । निजहरूलाई मुद्दामा पुर्पक्षका लागि थुनामा राख्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।०१।०९ मा भएको आदेश उच्च अदालत पाटनबाट मिति २०७६।०२।१६ मा सदर भएकोसमेत पाइयो । यसरी नियमित न्यायिक प्रक्रियाको सन्दर्भमा मुद्दाको रोहमा तह तह अदालतबाट मिसिल संलग्न तत्काल प्राप्त प्रमाणको मूल्याङ्कन गरी थुनामा राख्ने गरी भएको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा राखेको देखिएको छ । मुद्दा हेर्ने निकायको अधिकार क्षेत्र नभएको वा हदम्याद नाघेको वा कानूनबमोजिम पूरा गर्नुपर्ने प्रक्रिया नै पूरा नगरी थुनामा राखेको वा थुनाको कारणबाट गम्भीर अन्यायको अवस्था पैदा भएको अवस्थामा तह-तह अदालतबाट भएको आदेशउपर पनि यदाकदा अपवाद स्वरूपको अवस्थामा बन्दीप्रत्यक्षीकरणको रिटको माध्यमबाट न्यायिक उपचार प्रदान गर्न सकिन्छ । तर त्यस प्रकारको अवस्था नदेखिएको स्थितिमा नियमित अदालतबाट मुद्दामा भएको काम कारबाही वा थुनछेकको आदेशको अन्तरवस्तुमा प्रवेश गरी रिट क्षेत्राधिकारबाट अन्यथा आदेश गर्नु मनासिब हुँदैन । तसर्थ रिट निवेदकलाई गैरकानूनी तवरबाट थुनामा राखेको भन्ने नदेखिएको हुँदा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत:- अम्बिकाप्रसाद दाहाल

कम्प्युटर:- मन्दिरा रानाभाट

इति संवत् २०७६ साल भाद्र २३ गते रोज २ शुभम् ।

- यसमा यसै लगाउको ०७६-WH-००५८, बन्दीप्रत्यक्षीकरण, उत्प्रेपण / परमादेश, अनिल अधिकारी वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत भएको मुद्दाको आदेश यसै प्रकृतिको रहेको ।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७६-WH-००५९, बन्दीप्रत्यक्षीकरण, ईच्छा बुढा (दर्जी) समेत वि. काठमाडौं महानगरपालिका वडा नं. १५, स्थित श्री महानगरीय प्रहरी वृत्त, स्वयम्भुसमेत*

निवेदकउपर बालबालिकासम्बन्धी ऐन, २०७५ विरूद्धको कसुर गरेको कुरामा उजुरी परेको देखियो । काठमाडौं जिल्ला अदालतबाट निजलाई पक्राउ गर्न मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा ९(३) बमोजिम अनुमति प्रदान भएकोसमेत

पाइयो । बन्दीलाई थुनामा राखिएको कुराको कानूनी वैधता परीक्षण गरी गैरकानूनी तवरबाट थुनामा राखिएको देखिएमा थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने हो । प्रस्तुत मुद्दामा साधिकार अदालतबाट प्रचलित कानूनी व्यवस्थाबमोजिम हिरासत राख्न अनुमति प्रदान भएको र अनुसन्धान कार्य भइरहेको पाइयो । अदालतबाट प्रदान भएको अनुमतिअनुसार पक्राउ पुर्जी तथा थुनुवा पुर्जीसमेत दिई अनुसन्धानका लागि हिरासतमा राखेको देखिन्छ । यसरी हिरासतमा राख्ने सन्दर्भमा कुनै कानूनी प्रक्रियागत त्रुटि रहेकोसमेत देखिँदैन । प्रवृत्त धारणा राखी कार्य गरेको वा गम्भीर अन्यायको परिणाम आउने अवस्था रहेकोसमेत देखिएन । नियमित न्यायिक प्रक्रियाबाट थुनामा राखिएको अवस्था हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु मनासिब देखिएन । अनुसन्धानको कार्य सम्पन्न भएपश्चात् मुद्दा चलाउनुपर्ने पर्याप्त अवस्था छ वा छैन भन्नेसमेतका समग्र पक्षमा अभियोजनकर्ताबाट विवेकसङ्गत निर्णय हुने नै भएकोले अहिले नै प्रमाण मूल्याङ्कन गरी निवेदकले लिएको निर्दोषितासम्बन्धी जिकिरको निरूपण गर्न नमिल्ने ।

अतः निवेदक नियमित न्यायिक प्रक्रियाअनुसार कानूनबमोजिम थुनामा रहेको र निजलाई गैरकानूनी थुनामा राखेको भन्ने नदेखिएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

कम्प्युटर:- मन्दिरा रानाभाट

इति संवत् २०७६ साल भाद्र २३ गते रोज २ शुभम् ।

**५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७१-CR-०१२३, सवारी ज्यान, नेपाल सरकार वि. मुकेश साह तेलीसमेत*

प्रतिवादी सम्भावित दुर्घटनाप्रति सावधान रही गति नियन्त्रण गरी सवारी चलाउनुपर्नेमा सो गरेको देखिँदैन । अस्पतालको गेटजस्तो भिडभाड हुने स्थानमा होसियारीपूर्वक सवारी चलाएको पनि देखिँदैन । सवारी चलाउनको लागि निश्चित ज्ञान सिप दक्षता आवश्यक पर्दछ । प्रतिवादीले सवारी चलाउनको लागि अनुमतिपत्र (License) पाएको भन्ने पनि देखिँदैन । यस्तो अवस्थामा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को १६१(३) मा परिकल्पना गरिएको अवस्था विद्यमान रहेको नदेखिने ।

प्रतिवादी मुकेश साह तेलीले चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाई दुर्घटना भएकोमा कुनै विवाद देखिँदैन । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ मा "कुनै व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सवारी चलाउनु हुँदैन ।" भन्ने व्यवस्था रहेको छ । सवारी चालक अनुमतिपत्र प्राप्त गर्न निश्चित योग्यता र क्षमता रहनुपर्ने, निश्चित प्रक्रिया र कार्यविधि पूरा गर्नुपर्ने, सम्बन्धित निकायबाट लिइने लिखित र प्रयोगात्मक परीक्षा उत्तीर्ण व्यक्तिहरूलाई मात्र सवारी चालक अनुमतिपत्र प्रदान गरिने व्यवस्था सवारी तथा यातायात व्यवस्था ऐनमा उल्लेख भएको पाइयो । विद्यायिकाले सवारी दुर्घटनाबाट हुन सक्ने जिउधनको सुरक्षा गर्न सवारी चालकमा हुनुपर्ने योग्यता र क्षमता निर्धारण गरी त्यस्तो योग्यता र क्षमताको परीक्षण गर्न लिखित र प्रयोगात्मक परीक्षा अनिवार्य रूपमा पास गर्नुपर्नेलगायतको कानूनी व्यवस्था गरेको पाइन्छ । तसर्थ सवारी अनुमति पत्रविना सवारी चलाउनु आफैँमा गैरकानूनी कार्य रहेको स्पष्ट देखिन्छ । सार्वजनिक सडक, अस्पतालको गेटअगाडि सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले सवारी चलाउने कार्य गर्नु भनेको आफैँमा झनै गम्भीर लापरवाहीपूर्ण कार्य भएको र सोही कार्य प्रतिवादीबाट भएको छ । अस्पतालजस्तो धेरै भिडभाड हुने क्षेत्रमा सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको

व्यक्तिले चलाएको सवारीले बाटो क्रस गर्न लागेका व्यक्तिलाई ठक्कर दिई वा किची ज्यान गएकोमा सो कार्य स्वत: लापरवाहीपूर्वक गरिएको कार्यको परिणाम दुर्घटना भएको मान्नुपर्ने।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) मा भएको कानूनी व्यवस्था एवं मिसिल प्रमाणबाट प्रतिवादी मुकेश साह तेलीको आपराधिक कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिमको अवस्था कायम हुने देखिएन। निजले गरेको कसुर माथि विवेचित आधार प्रमाणसमेतबाट सोही ऐनको दफा १६१(२) अन्तर्गतको हुने देखिने।

अर्का प्रतिवादी ललनप्रसाद महतोको हकमा विचार गर्दा, प्रतिवादी मुकेश साह तेलीले अधिकार प्राप्त अधिकारी एवं अदालतसमक्ष बयान गर्दा मेरो काका नाता पर्ने ललनप्रसाद महतोको BR 05 A 6654 नं. को मोटरसाइकल मागी सोही मोटरसाइकल चलाई चामल पुऱ्याउन जाँदा दुर्घटना भएको भनी बयान गरेको देखिन्छ। सो बयान बेहोरासमेतबाट प्रतिवादीमध्येका ललनप्रसाद महतोले सवारी चालक अनुमतिपत्र प्राप्त नगरेका मुकेश साह तेलीलाई आफ्नो स्वामित्वमा रहेको BR 05 A 6654 नं. को मोटरसाइकल चलाउन दिएको हो भन्ने कुरा निर्विवाद रूपमा पुष्टि हुन आयो। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४६ मा कसैले आफ्नो स्वामित्वको वा आफ्नो जिम्मामा रहेको कुनै सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको कुनै व्यक्तिलाई चलाउन दिन हुँदैन भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। निज प्रतिवादीले सवारी चालक अनुमति प्राप्त नगरेको सवारी चलाउन अयोग्य व्यक्तिलाई सवारी चलाउन दिएको कुरा पुष्टि हुन आएबाट निजलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(५) बमोजिमको सजाय हुने।

अत: विवेचित आधार प्रमाणबाट पुनरावेदन अदालत हेटौँडाको मिति २०७०।१०।७ को फैसला केही उल्टी भई प्रतिवादी मुकेशकुमार साह तेलीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २ (दुई) वर्ष कैद र दफा १६१(४) बमोजिम रू. २०००/- जरिवाना हुने तथा अर्का प्रतिवादी ललनप्रसाद महतोलाई उक्त ऐनको दफा १६१(५) बमोजिम २(दुई) महिना कैद सजाय हुने।

इजलास अधिकृत:- दुर्गाप्रसाद बस्याल

कम्प्युटर :- विजय खड्का

इति संवत् २०७६ साल असार ८ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी**, *०७२-CR-१६१४, किर्ते जालसाज, लक्ष्मीनिया देवीसमेत वि. बलराम सदा*

कि.नं. ४९२ को ०-२-३ जग्गा प्रतिवादी लक्ष्मीनियाले मोही लगत कट्टा गरिपाउँ भनि ब्रह्मपुर गा.वि.स.को कार्यालयमा निवेदन दिएकोमा गा.वि.स. सचिव मखन लालले मोही कैनकी सदाको मृत्यु ३४-३५ सालअगाडि नै भएको, निजको हक खाने स्वास्नी छोरासमेतको मृत्यु भइसकेकोले मोही लगत कट्टा गरिदिए हुन्छ भन्ने बेहोराको सिफारिस (च.नं.१३४ मिति २०६९।२।२२) का आधारमा भूमिसुधार कार्यालयले मोही लगत कट्टा गरेको पाइयो। उक्त सिफारिसको विषयलाई लिएर सप्तरीका स्थानीय विकास अधिकारीले वादीलाई मिति २०६९।१०।८ मा गा.वि.स. सचिव मखनलाल सरदारउपर कारबाही चलाउन अनुमतिसमेत प्रदान गरेको देखियो। उल्लिखित जग्गाको दर्तावाला मोही कैनकी सदा रहेको कुरालाई प्रतिवादीहरूले तथ्यलाई इन्कार गरेको देखिँदैन। उक्त जग्गा प्रतिवादीमध्येको गंगाई मण्डलको नाउँमा दर्ता रहेकोमा निजले प्रतिवादीमध्येको लक्ष्मीनिया देवीलाई मिति २०६८।६।३० मा

राजीनामाको बेहोराले लिखत पारित गरिदिएकोमा पनि विवाद देखिएन। प्रतिवादी गंगाई मण्डलका साक्षी गोपाल मण्डलले वादीको बुबाको नाम मोहीतलाल सदा र हजुरबुबाको नाम कैनकी सदा हो। वादी बलराम सदा जिउँदै छ भनी अदालतमा आई बकपत्र गरिदिएको अवस्थामा बलराम सदाको प्रस्तुत फिराद परेको देखिएबाट वादी दाबी समर्थित भएको देखिने।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ (८) मा उल्लिखित कानूनी व्यवस्थाअनुसार कि.नं. ४९२ को जग्गा हस्तान्तरण गर्दा सोको जानकारी वादी बलराम सदालाई र गा.वि.स. ब्रह्मपुरलाई गराएको देखिँदैन । प्रतिवादीले पनि वादीलाई हक हस्तान्तरणको जानकारी दिएको थिए भन्ने जिकिर लिन सकेको नदेखिने।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ मा “मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक **निजपछि निजको एका सगोलका पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, छोरा, धर्मपुत्र, धर्मपुत्री, छोरा बुहारी, नाति नातिनी बुहारी दाजु भाइ वा दिदी बहिनीहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने छ”** भन्ने कानूनी व्यवस्था रहेको छ । प्रतिवादीहरूको प्रतिउत्तर पत्रमा वादी भारतीय नागरिक भई भारतमा बसेको भन्ने जिकिर लिएकोमा गा.वि.स.को सिफारिस पत्रमा हकवालाहरूको मृत्यु भइसकेको भन्नेसम्म उल्लेख भएको पाइयो। वादीले आफू मृतक मोही कैनकी सदाको नाति जीवित हकवाला हुँदाहुँदै प्रतिवादीहरूले हकवालाहरू सबै मरिसकेको झुट्टा सिफारिस गा.वि.स.बाट बनाई जालसाजीपूर्ण कार्य गरेकाले जालसाजीमा सजाय गरिपाउँ भन्ने दाबी लिएको देखिन्छ। प्रतिउत्तरपत्रमा वादी मृतक मोही कैनकीको नाति हकवाला होइन भन्न सकेको पनि देखिएन। वादी प्रतिवादीका साक्षीहरूले पनि मोही कैनकी सदाको नाति यी वादी वलराम सदा भएको, निज वादी जीवितै छन् भनी बकपत्रमा लेखाइ दिएको एवं मृतकसँग वादीको नाता खुल्ने प्रमाण कागजातसमेत फिरादपत्रसाथ पेस भएको देखिँदा वादी दाबी समर्थित र पुष्टि हुन आएको देखियो। वादी भारतीय नागरिक हुन् भनी प्रमाणित हुने प्रमाण पेस हुन आएको नपाइने।

वादी वलराम सदाको हजुरबुबा कैनकी सदा कि.न. ४९२ को जग्गाको मोही रहेकोमा विवाद नरहेको, साबिक जग्गादाता प्रतिवादी गंगाई मण्डलले उक्त जग्गा मिति २०६८।६।३० मा प्रतिवादी लक्ष्मिनिया देवीलाई राजीनामाको लिखतबाट पारित गरिदिएको देखिएको, प्रतिवादी लक्ष्मिनियाले जग्गा खरिद गरेपछि मोहीको हकवाला कोही पनि छैन भनी निवेदन दिएको, गा.वि.स.कार्यालयका सचिव मखनलाल सरदारले मोही कैनकी सदा र निजको छोरासमेतको मृत्यु भई हकवाला कोही नभएको भन्ने बेहोराले मोही लगत कट्टा गरिदिएमा फरक नपर्ने भन्ने बेहोराको सिफारिस दिएको आधारमा भूमि सुधार कार्यालय सप्तरीबाट मोही लगत कट्टा भएको देखिएको र अन्य प्रतिवादीहरूले सार्वजनिक सूचना, मुचुल्कामा साक्षी बस्ने कार्य गरी सिलसिलावद्ध रूपमा भए गरेको कार्यबाट वादी बलराम सदाको हक मेटाउने मतलबले कार्य भएको देखिने।

अतः विवेचित आधार, प्रमाण र कारणबाट वादी वलराम सदा जीवितै रहेको, कि.न. ४९२ को जग्गाको मोही यी वादीका बाजे कैनकी सदा रहेको कुरामा विवाद नदेखिएको, प्रतिवादी लक्ष्मीनियाले झुट्टा विवरण उल्लेख गरी गा.वि.स.को कार्यालयबाट सिफारिस लिई मोही लगत कट्टा गरेको देखियो । तसर्थ प्रतिवादीहरूले किर्ते कागजको ३ नं. बमोजिम जालसाजीको कसुर गरेको ठहर गरी गा.वि.स.कार्यालय ब्रह्मपुरको च.नं.१३४ को मिति २०६९।२।२२ को सिफारिस र सोका आधारमा भए गरेका सम्पूर्ण कार्य निष्क्रिय हुने र प्रतिवादीहरूलाई ऐ.किर्ते कागजको

१० नं. बमोजिम रू.२००।- जरिवाना गर्ने गरी भएको पुनरावेदन अदालत राजविराजको मिति २०७१।९।८ फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः- राजेन्द्र वाग्ले, ओजा लामिछाने (शा.अ.)

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल कार्त्तिक २७ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री कुमार रेग्मी,** *०७२-CR-१६१७, जालसाज, लालोकुमारी साहु सुँडी वि. रामदेव साहसमेत*

वादीले आफू र प्रतिवादी प्र.रामदेवबिच मिति २०५१।४।१४ मा भएको करारनामाको कागज र दे.नं. १९७१ मिति २०५१।११।५ को मिलापत्रलाई नै आफ्नो हकको स्रोत भनी मिति २०६७।८।६ को सर्जमिन तथा सिफारिस एवं सोका आधारमा मिति २०६८।३।१४ मा प्रतिवादीको नाममा लगत कायम गर्ने गरी मालपोत कार्यालय, सप्तरीबाट भएको निर्णयलाई जालसाजीको विषयवस्तु बनाएको देखियो । वादी प्रतिवादीबिच करारनामा हुँदाका बखत कि.नं.४२६ को जग्गा प्रतिवादी रामदेवको नाममा नरही निजको स्व. पिता पलट साह सुडीको नाममा कायम रहेको देखिन्छ । यसै विषयमा सप्तरी जिल्ला अदालतमा मुद्दा परी वादी प्रतिवादीबिच मिलापत्र हुँदाका बखत पनि प्रतिवादीका नाममा उक्त जग्गा रहेको देखिँदैन । वादी प्रतिवादीबिच भएको करारनामाको बेहोरामा "**यो जग्गा स्व. बाबुको नाउँबाट नामसारी गराई यो करारनामा लिखत भएको मितिले ६ महिनाभित्र रजिस्ट्रेसन पारित गरिदिने छु**" भन्ने सर्त उल्लेख गर्दै "**पारित गरी नदिए कानूनबमोजिम गरी लिनु**" भन्ने बेहोरा उल्लेख गरेको पाइयो। उल्लिखित बेहोरा हेर्दा करारनामाबमोजिमको जग्गा पारित गरी नदिएमा कानूनबमोजिम हुने भन्ने कुरालाई वादी स्वयंले स्वीकार गरेको पाइयो। करारनामाको लिखत हुँदा उक्त कागजको शिरमा "**मिति २०५१।४।१४ को करारनामा लिखत र मिति २०५१।११।५ को करारनामा लिखत सप्तरी जिल्ला अदालतबाट भएको मिलापत्रअनुसार करार गरी दिनेको नामका जग्गा दर्ता नरहेकोले उक्त लिखतको थैली रू.२५,०००।- मात्र पारित भएको**" भन्ने बेहोरा उल्लेख भएको देखिँदा उक्त लिखत पारित हुँदाका बखतसम्म प्रतिवादीको नाममा करारनामामा उल्लिखित जग्गा दर्ता हुन आएको देखिएन। उल्लिखित बेहोरालाई हेर्दा थैलीसम्म पारित भएको देखियो । पारित लिखतबाट करारका पक्षहरूको सो थैलीसम्ममा दायित्व सीमित रहने अवस्था देखिने।

वादीले करारनामाको दायित्व पूरा गराई पाउँ भन्ने मुद्दामा भएको मिलापत्रलाई नै मूल आधार लिई फिराद दायर गरेको देखिन्छ । आफ्ना नाममा नभए नरहेको जग्गामा करारनामा गर्दैमा करारीय दायित्व सिर्जना हुन र करारनामामा उल्लिखित सर्तहरूभन्दा बढी दायित्व सिर्जना हुन नसक्ने सन्दर्भमा मिति २०५१।११।५ मा भएको मिलापत्रले वादीलाई दाबीको जग्गामा हक स्थापित गराएको भन्न मिल्ने देखिँदैन। वादीले उक्त जग्गामा आफ्नो हकभोग रहेको भनी पुनरावेदन जिकिर लिएकोमा सो तथ्यसमेत प्रमाणित भएको पाइएन। वादीले दाबी लिएको कि.नं. ४२६ को जग्गामा वादीको हक स्वामित्व पुष्टि गर्ने कुनै कानूनी आधार नदेखिँदा मालपोत कार्यालय सप्तरीको निर्णयसमेतका आधारमा प्रतिवादीले आफ्ना स्व. बुबाको शेषपछि आफ्ना नाममा नामसारी गरी लिएको निर्णय र काम कारबाहीहरूलाई जालसाज ठहर गर्न नमिल्ने।

अतः विवेचित आधार, प्रमाण र कारणबाट दाबीको जग्गामा वादीको हक स्वामित्व रहेको देखिने प्रमाणको अभावमा प्रतिवादीको नाममा सा.कि. नं.४२६ क्षे.फ.०-१-२ जग्गाको लगत कायम गर्ने गरी मालपोत कार्यालय, सप्तरीबाट भएको निर्णय र त्यसका आधारमा भए गरेका काम कारबाहीहरूलाई जालसाजी ठहर गर्न मिलेन । वादी दाबी नपुग्ने भनी पुनरावेदन

अदालत राजविराजबाट भएको मिति २०७२।४।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: राजेन्द्र वाग्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल कार्तिक २७ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-०५०३, भ्रष्टाचार (रकम हिनामिना), नेपाल सरकार वि. अनिता गुरूङ*

प्रतिवादी अनिता गुरूङमार्फत लगानी गरिएका उद्यमहरूमध्ये दुर्गा भगवती टोल विकास संस्था र डण्डे तरकारी व्यवसायबाट उठ्न बाँकी रहेको पोखरा उपमहानगरपालिकाको मिति २०७३।७।११ को पत्रमा उल्लिखित रकममध्ये साँवा रकम असुल भइसकेको कुरा प्रतिवादीले सुरू विशेष अदालतमा गरेको बयान तथा पोखरा उपमहानगरपालिकाकी कार्यक्रम अधिकृत दुर्गा न्यौपानेले अनुसन्धान अधिकारीसमक्ष गरी दिएको कागजसमेतबाट पुष्टि भएको देखिन्छ। ऋणी उद्यमी व्यवसायीहरूबाट उठन बाँकी रहेको ब्याज रकम मिन्हाको लागि कार्यालयमा कारबाही चलिरहेको अवस्थामा उक्त व्यवसायीहरूबाट असुलउपर हुन नसकेको ब्याज रकम कर्मचारीले तिर्नु बुझाउनुपर्छ भन्न न्यायोचित देखिँदैन । कर्मचारीले ऋणीबाट उठाएको सावाँ ब्याज समयमा कार्यालयमा दाखिला नगरेमा कर्मचारीको सेवा सर्तसम्बन्धी कानूनमा भएको प्रावधानअनुसार असुलउपर गर्नुपर्ने कर्तव्य कार्यालयको हुन जान्छ । यस अवस्थामा प्रतिवादीले उद्यमीहरूबाट उठाएको सावाँ रकम कार्यालयमा दाखिला गरिसकेपछि ब्याज रकमको हरहिसाब मिलानमा केही सामान्य अङ्क फरक परेको भन्नेसम्मको आधारमा कसुर ठहर गर्नु मनासिब नदेखिने।

अतः विवेचित आधार र कारणबाट प्रतिवादी पोखरा उपमहानगरपालिकामा सह–सामाजिक परिचालिका पदमा कार्यरत रहँदा महानगरपालिकाले सञ्चालन गरेको सहरी गरिबी न्यूनीकरण कार्यक्रमअन्तर्गत लगानी भएको रकम असुल गर्ने सम्बन्धमा लगानी गर्दाका बखत ऋणीसँग भएको सम्झौता एवं तमसुकमा उल्लिखित सर्तबमोजिम हुने र रकम उठाउने जिम्मेवारी पाएका कर्मचारीको हकमा समेत निजहरूको सेवा सर्तसँग सम्बन्धित विनियमावलीबमोजिम हुने देखिएको, उक्त सहरी गरिबी न्यूनीकरण कार्यक्रमको कार्यक्रम अधिकृत दुर्गा न्यौपानेको कागजबाट प्रतिवादी अनिता गुरूङबाट बिगोको साँवा रकम असुल भइसकेको भन्ने देखिएकोसमेतका आधारमा प्रतिवादी अनिता गुरूङका विरूद्ध लगाइएको आरोप दाबी पुग्न सक्तैन। निजले आरोप दाबीबाट सफाइ पाउने ठहर्छ भनी विशेष अदालत काठमाडौंबाट मिति २०७५।३।१२ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत:- धनबहादुर कार्की

कम्प्युटर:- मन्दिरा रानाभाट

इति संवत् २०७६ साल श्रावण २८ गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-१२९४, सम्पत्ति शुद्धिकरण (आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी), नेपाल सरकार वि. कुमार चौहानको नामले चिनिने भारतीय नागरिकसमेत*

भारतको NCB_New Delhi बाट प्राप्त आतङ्ककारी सङ्गठनहरूको विवरणको १५ नं. मा PEOPLE'S REVOLUTIONARY PARTY OF KANGLEIPAK (PREPAK) र १६ नं. मा KANGLEIPAK COMMUNIST PARTY (KCP) उल्लेख भएको पाइन्छ । त्यस्तै Interpol India को दिनाङ्क Oct 10-2013 को पत्रमा Members of banned terrorist outfit PREPAK-UPPK उल्लेख भई पत्रको (a) मा Ningthoujam Shanti Matei @Chingkhei @ Chinglemba @ Takhelchangbam Hemanta Sharma s/o) Late N. Surendrakumar @ Dhanabir, Born on 21-5-1967, Resident of Wahengbam

Leikai, Manipur. He Was the SS General Secretary Of PREPAK-UPPK, a faction of Proscribed terrorist organization PREPAK. (b) मा Elangbam Bobo @ Kha Naganba, s/o E. Inaocha Singh, born in November, 1978. He was the SS Major of PREPAK-UPPK. (c) मा Langpoklakpam Inaocha Singh @ Brijit @ Jit @ Tomba @ Raj Singh @ Lalcha, s/o Shri L. Gourahari Singh, born on 3rd March, 1973. He was the SS Finance Secretary of PREPAK-UPPK. (d) मा Laishram Jiten Singh @ Selkai, s/o Late Laishram Naboni Sigh, born on 10th October 1977. He was the SS caption of PREPAK-UPPK उल्लेख भई पत्रको (२) मा During course of their examination in custody, they have revealed their travel in foreign countries, on foreign Passports made in fake identities to countries like Bangladesh, Nepal, Thailand, Pakistan and Myanmar, in furtherance of their anti-national activities of their banned organization like organizing training camps, extortion, arms purchase, etc. उल्लेख भई आएबाट प्रतिवादीहरू Ningthoujam Shanti Matei (शान्ति तामाङ), Langpoklakpam Inaocha Singh (राजेश थापा) र Laishram Jiten Singh (जीतबहादुर चौधरी) समेत भारतीय नागरिक भई निज प्रतिवादीहरू भारतको आतङ्ककारी सङ्गठन PREPAK-UPPK नामक आतङ्ककारी सङ्गठनका पदाधिकारी रहेको भन्ने मिसिल संलग्न कागजातबाट देखिने।

प्रतिवादी सुरेश अधिकारीको अनुसन्धान अधिकारीसमक्षको बयान हेर्दा मैले झुट्ठा विवरण पेस गरी नेपाल नागरिकता बनाएको हो। म राजेश भट्टराईको पसलमा काम गर्दछु, सो पसल राजेश भट्टराई र शान्ति तामाङको संयुक्त लगानीमा चलेको थियो। शान्ति तामाङ, कुमार चौहान र कर्णजीत रोकाया उक्त आतङ्ककारी सङ्गठनका सदस्यहरू हुन। निजहरूले झुट्ठा विवरण पेस गरी नेपाली नागरिकता लिएका हुन्। राजेश भट्टराईले सो आतङ्ककारी सङ्गठनको लगानीमा व्यवसाय गरेका हुन् भनी बयान गरेको देखिन्छ भने शंकरप्रसाद गुरागाईँले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा म शान्ति तामाङसँग एउटै घरमा बस्थेँ। मेरो घरभाडा रू.२५,०००।– निजले नै तिरिदिन्थे। शान्ति तामाङको वित्तीय कारोबारमा मैले सहयोग गरेको थिएँ। निज मणिपुरलाई भिन्नै राज्य कायम गर्नुपर्ने भनी माग राखी भारत सरकारसँग आन्दोलन गर्ने आतङ्ककारी लिष्टका व्यक्ति हुन् भनी बयान गरेको पाइन्छ। मिति २०७१।१।२९ मा प्रतिवादी शंकरप्रसाद गुरागाईँले डेरा गरी बसेको कोठा खानतलासी गर्दा HISTORY OF KANGLEIPAK लेखिएको निलो रंगको वाइन्डिङ गरिएको १८४ पानाको किताब फेला परी दशीको रूपमा पेस हुन आएको र सो किताब उक्त आतङ्ककारी सङ्गठन PREPAK-UPPK को आधिकारिक दस्ताबेजको रूपमा रहेको पाइने।

प्रतिवादी सीता भट्टराईको नाममा रहेको एभरेष्ट बैंक न्युरोडको बैंक खाता नं. ००२००५०१२००९२७ मा भारतका विभिन्न स्थानहरूबाट नौ पटक रू. ७८,०८०।– का दरले जम्मा रू. ७,०२,७२०।– जम्मा भएको, सबै विवरणमा IMPHAL उल्लेख भएको र रकम जम्मा भए लगत्तै न्यूनतम ब्यालेन्स मात्र राखी झिक्ने गरेको प्राप्त बैंक स्टेटमेन्टबाट देखिन्छ। त्यस्तै प्रतिवादी सुरेश अधिकारीको नाममा एभरेष्ट बैंक न्युरोडमा रहेको बैंक खाता नं. ००२००५०१००९३९४ मा भारतका IMPHAL र IRILBUNG भन्ने विभिन्न स्थानहरूबाट उन्नाइस पटक रू. ७८,०८०।– का दरले जम्मा रू. १४,८३,५२०।– जम्मा भई जम्मा भए लगत्तै न्यूनतम ब्यालेन्स राखी झिक्ने गरेको देखियो। उक्त जम्मा भएको रकमहरूमा नौ पटक जम्मा हुँदाको विवरणमा IRILBUNG उल्लेख भएको,

नौ पटक IMPHAL उल्लेख भएको र एक पटक SANTACRUZ MUMBAI उल्लेख भएको मिसिल संलग्न बैंक स्टेटमेन्टबाट देखिन्छ । त्यस्तै प्रतिवादी करणजित रोकायाका नाममा एभरेष्ट बैंक न्युरोडमा रहेको बैंक खाता नं. ००२०००५०१२०२४०० मा भारतका विभिन्न स्थानहरूबाट रू.७८,०८०।– का दरले नौ पटक गरी जम्मा रू. ७,०२,७२०।– जम्मा भएको र रकम जम्मा भए लगत्तै न्यूनतम ब्यालेन्स राखी झिक्ने गरिएको मिसिल संलग्न बैंक स्टेटमेन्टबाट देखिन्छ । प्रतिवादीहरू सिता भट्टराई र करणजित रोकायाको खाताबाट उल्लेख्य रकम प्रतिवादी सुरेश अधिकारीलाई भुक्तानी दिएको देखिन्छ भने प्रतिवादी सुरेश अधिकारी स्वयम्को खाताबाट भने विभिन्न व्यक्तिलाई भुक्तानी दिएको पाइन्छ । प्रतिवादीहरू सुरेश अधिकारी र शंकरप्रसाद गुरागाईँले कसुरमा इन्कार रही अदालतसमक्ष बयान गरेको भए तापनि निजहरूको बैंक खातामा भारतका विभिन्न स्थानहरूबाट रकम जम्मा हुन आएको कुरा बैंक स्टेटमेन्टबाट देखिएको, उक्त रकम के कुन प्रयोजनका लागि कसरी प्राप्त हुन आएको हो सो सम्बन्धमा प्रतिवादी सुरेश अधिकारीले सो रकमको स्रोत पुष्टि गर्न सकेको देखिन नआउने ।

प्रतिवादी करणजित रोकाय, सीता भट्टराई, कुमार चौहान समेतले जारी भएको म्यादै गुजारी बसी आरोपित कसुरमा संलग्नता नरहेको भन्ने कुराको कुनै प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन । प्रतिवादीमध्येका शंकरप्रसाद गुरागाईँले शान्ति तामाङका नाउँमा विभिन्न मितिमा रकम जम्मा गरिदिएको मिसिल संलग्न बैंक स्टेटमेन्टबाट देखिन्छ । निजले जम्मा गरिदिएको रकम के कुन स्रोतबाट प्राप्त भएको हो सोको प्रमाण प्रस्तुत गर्न सकेको देखिएन । प्रतिवादी शंकरप्रसाद गुरागाईँले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा PREPAK-UPPK नामक संस्थाका बारेमा आफूलाई थाहा भएको, भट्टराई ट्रेडर्समा भारतको माथि उल्लिखित स्थानबाट आएको रकम राजेश भट्टराईको भट्टराई ट्रेडर्समा लगानी गरेको भन्ने कुरा उल्लेख गरेको देखिन्छ । आरोप दाबीमा रू.८०,००,०००।– (असी लाख) लगानी गरेको भनी दाबी लिए तापनि मिसिल संलग्न प्रमाणबाट रकमसम्म जम्मा गर्ने निकाल्ने कार्य भएको देखियो । उल्लिखित अवस्थाबाट प्रतिवादीहरूमध्येका Shanti Matei भन्ने शान्ति तामाङ, शंकरप्रसाद गुरागाई, सुरेश अधिकारी, राजेश भट्टराई, सीता भट्टराई र कुमार चौहान अभियोग दाबीको कसुरमा संलग्न रहेकै देखिन आउने ।

प्रतिवादीमध्येका Laishram Jiten Singh (जीतबहादुर चौधरी), L. Inaocha Singh (Raj Singh Lalcha) र सोमनाथ चौहानका नाउँमा भारतबाट कुनै रकम नेपालमा प्राप्त हुन आएको मिसिल संलग्न कागजातबाट देखिँदैन । प्रतिवादी Laishram Jiten Singh Lalcha ले सुरू म्यादै गुजारी बसे तापनि निजले नेपालमा वित्तीय लगानी गरेको भन्ने मिसिल संलग्न बैंक स्टेटमेन्टलगायतका प्रमाणबाट पुष्टि भएको देखिँदैन । प्रतिवादी सोमनाथ चौहानका नाउँमा रहेको रकम तथा निजको कारोबारसमेत आरोपित गरिए जस्तै गरी आतङ्ककारी सङ्गठनलाई वित्तीय लगानी गर्ने उद्देश्यबाट गरिएको भन्ने मिसिल प्रमाणबाट देखिन आएको छैन । निजका नाउँमा भारतबाट रकम प्राप्त भएको भन्ने बैंक स्टेटमेन्टबाट देखिँदैन । प्रतिवादी सोमनाथ चौहानका छोरा नाताका व्यक्तिहरू रमेश चौहान, मोहन चौहानसमेत वैदेशिक रोजगारमा रहेका समयमा निजहरूले पठाउने गरेको रकम जम्मा गर्ने गरेको भनी जिकिर लिएको केही रकम त्यसरी प्राप्त भई जम्मा भएकोसमेत देखिन्छ । उक्त खातामा अन्य स्रोतबाट रकम प्राप्त भएको भनी वादीले देखाउन सकेको पनि पाइँदैन । यसरी प्रतिवादीहरू Laishram Jiten Singh (जीत बहादुर चौधरी), L. Inaocha Singh (Raj Singh Lalcha भन्ने राजेश थापा) र सोमनाथ चौहानको आरोपित कसुरमा संलग्नता रहेको भन्ने अवस्था मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन सकेको नपाइने ।

प्रतिवादीहरूमध्ये शान्ति तामाङ भनी नेपालमा चिनिने शान्ति मेटाई (Shanti Matei) भन्ने हेमन्त शर्मा (Hemanta Sharma) ले नेपालको झापा

जिल्लाबाट नेपाली नागरिकताको प्रमाणपत्र लिई बैंक अफ काठमाडौंको बालुवाटार शाखामा बैंक खाता नं. २४०२००००००२८५२४ खोली रकम जम्मा गरी सो खातामा विदेशबाट समेत रकम जम्मा गराउने गरेको र सो खाता बन्द नभई केही रकम खातामा मौज्दात रहेको सो खाताको बैंक स्टेटमेन्टबाट देखिन्छ । मिसिल कागजातबाट निज प्रतिवादीले भारतका विभिन्न स्थानबाट रू. ५१,१५,६६०।– रकम भित्र्याई सोही सङ्गठनको निमित्त खर्च गरेको कुरा मिसिल संलग्न कागजातहरूबाट देखिँदा निजले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) नियन्त्रण ऐन, २०६४ को दफा ४ को (क) र (ग) को कसुर गरेको पाइयो । प्रतिवादी शंकरप्रसाद गुरागाईँले शान्ति तामाङलाई उक्त रू.५१,१५,६६०।– रकम नेपाल भित्र्याउन र लगानी गर्न सहयोग गरेको, प्रतिवादी सुरेश अधिकारीले आफ्नो बैंक खाताबाट उक्त आतङ्ककारी सङ्गठनको रकम भन्ने जान्दाजान्दै पनि आफ्नो बैंक खातामा भारतबाट जम्मा भएको रू.१४,८३,५२०।– रकम निकाली शान्ति तामाङसमेतलाई दिई सहयोग गरेको, प्रतिवादीहरू करणजित रोकाया र सीता भट्टराईले भारतबाट निजहरूलाई बैंकमार्फत प्राप्त रकम आतङ्ककारी सङ्गठनको रकम हो भन्ने जान्दाजान्दै बैंकबाट जनही रू. ७,०२,७२०।– का दरले रकम निकाली शान्ति तामाङसमेतलाई दिएको र राजेश भट्टराईले आफ्नो श्रीमतीको नामको रकम रू. ७,०२,७२०।– शान्ति तामाङलाई दिलाउन सहयोग गर्नुको साथै शान्ति तामाङ आतङ्ककारी क्रियाकलापमा रहेको जान्दाजान्दै पनि शान्ति तामाङको समेत लगानीमा पसल व्यवसाय गरेको, कुमार चौहानले बैंक खाताबाट निकालिएको रकम रू. ७,०२,७२०।– शान्ति तामाङलाई दिलाएको समेतका कार्य गरेबाट उक्त आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी गर्ने कार्यमा प्रतिवादी शान्ति तामाङलाई सहयोग गरी प्रतिवादीहरू शंकरप्रसाद गुरागाईँ, सुरेश अधिकारी, करणजित रोकाया, सीता भट्टराई, राजेश भट्टराई र कुमार चौहानले मतियारको रूपमा कार्य गरी सोही ऐनको दफा ४(क) र (ग) को कसुर गरेको देखिन आउने।

अतः विवेचित आधार, प्रमाणबाट प्रतिवादीहरू नेपालमा शान्ति तामाङ भनिने भारतीय नागरिक N. Shanti Matei (Hemanta Sharma), नेपालमा राजेश थापा भनिने भारतीय नागरिक L. Inaocha Singh @ Birjit, नेपालमा जीतबहादुर चौधरी भनिने भारतीय नागरिक L. Jiten Singh समेतका व्यक्तिहरू भारतीय आतंकवादी समूह PREPAK-UPPK को सक्रिय सदस्य रहेको कुरा Interpol India को दिनाङ्क Oct 10, 2013 को पत्रबाट खुलेको, निजहरूले भारतमा आतङ्कवादी गतिविधि सञ्चालन गरी विभिन्न समयमा नेपाल प्रवेश गरी झुट्ठा विवरणका आधारमा नेपाली नागरिकता प्राप्त गरी भारतमा आतङ्कवादी गतिविधिबाट आर्जित रकम भारतको विभिन्न स्थानबाट नेपाल स्थित विभिन्न बैंकमार्फत प्रतिवादीहरू करणजित रोकाया, सुरेश अधिकारी र सिता भट्टराई समेतको नाममा पठाई नेपालमा लगानीसमेत गरेको देखिएकोले प्रतिवादीहरूमध्येका शान्ति तामाङ नामले चिनिने N. Shanti Matei (Hemanta Sharma) लाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ४(१)(३) को कसुर गरेको ठहर गरी ऐ. ३०(३) बमोजिम रू.२,५५,७८,३००।९० जरिवाना भई ३ वर्ष कैदसमेत हुने र कायम भएको बिगो रकम जफत हुने, प्रतिवादी सुरेश अधिकारीलाई ऐ. ऐनको दफा ३०(४) बमोजिम रू.३७,०८,८००।- जरिवाना हुने तथा एक वर्ष छ महिना कैद सजाय हुने, प्रतिवादी शंकरप्रसाद गुरागाईँलाई ऐ. ऐनको ४(४)(क)(ग) को कसुर ठहर गरी ऐ. दफा ३०(४) बमोजिम रू.१,२७,८९,१५०।४५ जरिवाना हुने तथा एक वर्ष छ महिना कैदसमेत हुने, प्रतिवादी करणजित रोकाया र सीता भट्टराईलाई ऐ. ऐनको दफा ४ (क)(ग) को कसुर ठहर गरी रू.१७,५६,८००।- का दरले जरिवाना भई एक वर्ष छ महिनाका दरले कैद सजाय हुने, प्रतिवादी कुमार चौहानलाई ऐ. ऐनको दफा ४(क)

र (ग) को कसुर ठहर गरी ऐ. ऐनको दफा ३०(४) बमोजिम रू.१७,५६,८००।- जरिवाना भई एक वर्ष छ महिना कैद हुने, प्रतिवादी राजेश भट्टराईलाई ऐ. ऐनको दफा ४ (क)(ग) को कसुर ठहर गरी ऐ. दफा ३०(४) बमोजिम रू.१७,५६,८००।- जरिवाना भई एक वर्ष छ महिना कैद तथा प्रतिवादीहरू जीतबहादुर चौधरीको नामले चिनिने Laishram Jiten Singh, राजेश थापाको नामले चिनिने L. Inaocha Singh (Raj Singh Lalcha) र सोमनाथ चौहानले आरोपित कसुरबाट सफाइ पाउने ठहरी विशेष अदालतबाट मिति २०७४।४।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: धनबहादुर कार्की

इति संवत् २०७६ साल श्रावण २८ गते रोज ३ शुभम् ।

## इजलास नं.१०

**१**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सपना प्रधान मल्ल,** *०६९-WO-०३९३, उत्प्रेषण, सत्यवती उपाध्याय अर्याल वि. काठमाडौं महानगरपालिका कार्यालयसमेत*

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा बागमती सभ्यता एकीकृत विकास समितिसमेतको लिखित जवाफबाट समेत निवेदिकाको जग्गा सडकमा परेको देखिए पनि त्यसको दायित्व लिन कोही तयार भएको अवस्था मिसिलबाट देखिएन । परिणामतः एउटा महिला न्यायको खोजीमा वर्षौं भौंतारिनु परेको अवस्था यहाँ देखियो। संविधानले सम्पत्तिको हक प्रत्याभूत गरेको छ भने सो हकको हरहालतमा संरक्षण गरिनु पर्दछ । यसो नगरिएमा अन्याय हुन जान्छ त्यस्तो भएको अवस्थामा अदालतले आफ्नो दायित्व निर्वाह गर्दै हक प्रचलन गराउन उचित र उपयुक्त आदेश दिनुपर्छ, देखादेख अन्याय भएको टुलुटुलु हेरेर बस्ने कुरा नहुने । यस दृष्टिबाट हेर्दा, निवेदिकाको जग्गा अधिग्रहणमा परेको, अधिग्रहणमा परेको जग्गाको क्षतिपूर्ति नपाएको भन्ने समेत देखिदा अधिग्रहणमा परेको जग्गाको मुआब्जा निवेदिकाले कानूनबमोजिम पाउनुपर्ने नै देखिने ।

सडकमा प्रयोग भएको काठमाडौं महानगरपालिकाभित्र रहेको र सो जग्गा बागमती करिडोरको बाटो विस्तारमा परेको बागमती सभ्यता एकीकृत विकास समिति गुहेश्वरी एवं स्थानीय विकास मन्त्रालयसमेतको लिखित जवाफलगायतका मिसिल संलग्न कागजातबाट देखिँदा क्षतिपूर्ति दिने सबै निकायहरूको दायित्व हुने नै देखिने ।

अतः माथि विवेचित आधार, तथ्य र कारणबाट निवेदिकाको नाममा दर्ता स्रेस्ता कायम रही निजको भोगचलनमा रहेको साबिक स्रेस्ताको वार्ड नं. १० हालको वार्ड नं. ३४ मा पर्ने साबिक कि.नं. २६ को क्षे.फ. ०-६-०-० र कि.नं. २७ को क्षे.फ. ०-८-०-० जग्गामध्ये बागमती करिडोर सडकमा परेको जग्गाको कानूनबमोजिमको मुआब्जा निवेदिकाले पाउने नै हुँदा निवेदिकाको हक भोगको उक्त जग्गाको हकमा जे जस्तो प्रक्रिया पुऱ्याउनुपर्ने हो पुऱ्याई मुआब्जा नपाएको जग्गा पुनः यकिन गर्नुपर्ने भए सो सम्बन्धमा निवेदिकासमेतलाई रोहवरमा राखी नापी कार्यालयबाट यकिन नापी गराई एकआपसमा समन्वयसमेत गरी गराई मुआब्जा दिने कार्य सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले गर्नू । यस विषयमा सरकारलगायत जो जहाँबाट निकासा लिनुपर्ने हो मन्त्रालयले लिनू । साथै मुआब्जा दिने दिलाउने विषयमा उक्त मन्त्रालयलाई आवश्यक सहयोग गर्नु भनी सबै विपक्षीहरू अर्थात् काठमाडौं महानगरपालिका, बागमती सभ्यता एकीकृत विकास समिति र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

इति संवत् २०७४ साल कार्तिक ७ गते रोज शुभम् ।

**२**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०६९-CI-०५९४, सार्वजनिक*

*जग्गा कायम गरी खिचोला मिटाई चलन चलाई पाऊँ, जगनाराण ठठेरसमेत वि. प्रभाकरमणि त्रिपाठी*

मिसिल सामेल सम्पूर्ण कागज प्रमाण अध्ययन गरी कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६७।८।२१ मा **"बालबिटोरी नं. १९१ र १२४ को चारकिल्ला र सो स्थानमा बाटो रहे नरहेको, रहेको भए के-कुनतर्फ रहेको हो सोसमेत खुलाई बालबिटोरीको स्रेस्ता संलग्न गरी पठाउनू"** भनी आदेश भएकोमा सिर्सिहवा गा.वि.स.को कार्यालयले उक्त आदेशानुसार **"वादी प्रभाकरमणि त्रिपाठीको बालबिटोरी नं. १९१ को चारकिल्लामा पूर्वमा सडक, पश्चिममा कृष्णदेवमणि त्रिपाठी, उत्तरमा रहत्न बानिया र दक्षिणमा अस्थायी टिनको छाना"** भनी उल्लेख गरेको त्यस्तै **"प्रतिवादी जगनारायण ठठेरसमेतको बालबिटोरी नं. १२४ को चारकिल्लामा पूर्वमा अस्थायी टिनको छाना, पश्चिममा बद्रीप्रसाद मिश्र, उत्तरमा प्रभाकरमणि त्रिपाठी र दक्षिणमा द्वारिका बानिया"** भनी मिति २०६७।११।३० मा पत्र पठाएको देखियो। उक्त पत्रमा वादी प्रभाकरमणि त्रिपाठीको दक्षिणतर्फ र प्रतिवादी जगनारायण ठठेरको पूर्वतर्फ रहेको विवादित जग्गा उक्त पत्रमा अस्थायी टिनको छाना भनी लेखिएको तर को-कसको भोगमा रहेको हो सो भने खुलाएको पाइँदैन । यसरी पुनरावेदक प्रतिवादी जगनारायण ठठेरसमेतले भोगचलन गरेको विवादित जग्गा आफ्नो दर्ता स्रेस्ताको जग्गा हो भनी निजहरूले कुनै ठोस सबुत प्रमाण पेस गरेको मिसिलबाट नदेखिने।

कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६६।३।२० मा भई आएको नक्सा मुचुल्का हेर्दा, न.नं. १ मा वादी प्रभाकरमणि त्रिपाठीको हकभोकको जग्गा, न.नं. ३, ४ र ५ प्रतिवादीमध्येका जगनारायण ठठेरको हकभोगको जग्गा, न.नं. ९, १० र ११ प्रतिवादीमध्येका पट्टेश्वरी ठठेरको हकभोगको जग्गा, न.नं. ६, ७ र ८ प्रतिवादी जगनारायण ठठेरसमेतले भोगचलन गरेको विवादित जग्गा, न.नं. १२ इनार, न.नं. १४ गाउँको मूल सडक र न.नं. १५ शिव मन्दिर भनी उल्लेख भएको देखिन्छ। प्रतिवादीहरूले न.नं. ६, ७ र ८ को विवादित जग्गा सार्वजनिक नभई पुर्खादेखि भोगचलन गरेको जग्गा हो भनी जिकिर लिए तापनि नक्सा मुचुल्का एवं सरजमिन मुचुल्काका इसमाइल मनिहार, कणीकराम उपाध्याय, शाह महम्मद खाँ, प्रेमशंकर बानिया र टहल बानियासमेतका भनाइबाट विवादित जग्गा प्रतिवादीहरूले भोगचलन गरेको भए तापनि उक्त जग्गा प्रतिवादीहरूको हकभोगको जग्गा हो भनी भन्न सकेको पाइँदैन। त्यस्तै अब्दुल सलाम खाँ र बालाजी मिश्रासमेतले विवादित जग्गा प्रतिवादीहरूले भोगचलन गरेको तर उक्त जग्गा सार्वजनिक जग्गा हो भनी लेखाएको पाइन्छ। नक्सा मुचुल्काको न.नं. ६, ७ र ८ समेतका विवादित जग्गाको पश्चिममा न.नं. ३, ४, ५, ९, १० र ११ समेतको प्रतिवादीहरूको हकभोगको बालबिटोरी नं. १२४ को जग्गा देखिन्छ । नक्सा मुचुल्का एवं सरजमिन मुचुल्काका अब्दुल सलाम खाँसमेतले विवादको जग्गा यी प्रतिवादीहरूको नभई सार्वजनिक जग्गा हो भनी आफ्नो बेहोरा लेखाई दिएको देखिन्छ। विवादित जग्गासँगै सार्वजनिक प्रयोगको इनार न.नं. १२ मा देखिइरहेको र उक्त जग्गाको अवस्थिति र प्रकृति हेर्दा न.नं. ६, ७ र ८ को जग्गा सार्वजनिक प्रकृतिको नै देखिन्छ। जग्गा सार्वजनिक देखिएको हुँदा यस प्रकारको जग्गा निजी प्रयोगमा प्रतिवादीहरूले ल्याएको कार्यलाई खिचोला ठहर गर्नुपर्नेमा वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०६८।१।१४ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी बमोजिम न.नं. ६, ७ र ८ को जग्गामा प्रतिवादीहरूको खिचोला मेटाई घर भत्काई सार्वजनिक कायम हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

अतः विवेचित आधार र कारणबाट सार्वजनिक जग्गा कायम गरी खिचोला मेटाई पाउँ भन्ने वादी दाबी नपुग्ने ठहऱ्याएको कपिलवस्तु जिल्ला अदालतको मिति २०६८।१।१४ को फैसला उल्टी भई वादी दाबीबमोजिम न.नं. ६, ७ र ८ को

जग्गामा प्रतिवादीहरूको खिचोला मेटाई घर भत्काई सार्वजनिक कायम हुने ठहर्‍याएको पुनरावेदन अदालत बुटवलको मिति २०६९।१।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: करूणा श्रेष्ठ

इति संवत् २०७६ साल पुस २१ गते रोज २ शुभम्।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-२०२१, राहदानी किर्ते, मनोज कर्मचार्य वि. नेपाल सरकार

राहदानी सरकारी निकायबाट जारी भएको सरकारी कर्मचारीको दस्तखत तथा सरकारी छाप लागेको सरकारी कागजमा रहेको एकाको फोटो उप्काई एउटा प्रयोजनको लागि तयार भएको सरकारी कागजको अर्कै प्रयोजनमा प्रयोग हुने गरी तयार गर्ने कार्य मुलुकी ऐन, किर्ते कागजको १ नं. को परिभाषामा नसमेटिने भन्ने तर्क गर्नु युक्तिसङ्गत हुने देखिँदैन। यस स्थितिमा प्रस्तुत मुद्दामा प्रतिवादीले गरेको उक्त कार्य किर्ते कागजको १ नं. मा उल्लिखित कार्यको परिभाषाभित्र पर्न आउने देखिएकोले यी प्रतिवादी बेकसुर रहेको मान्न नमिल्ने।

राहदानी सरकारी निकायबाट जारी हुने सरकारी कागज रहेको र सरकारी छाप दस्तखत लागेको त्यस्तो कागजमा रहेको एकाको फोटो उप्काई अर्को फोटो टाँसी एउटा प्रयोजनको लागि तयार गरिएको कागजलाई अर्कै प्रयोजनका लागि तयार गर्ने कसुरमा मुलुकी ऐन, किर्ते कागजको १, ९ र १२ नं. समेत आकर्षित हुने भई यस्तो अवस्थामा दुवै ऐनअन्तर्गत कारबाही हुने गरेको कैयौँ उदाहरण छन्। यसबाट प्रस्तुत वारदातमा मुलुकी ऐन, किर्ते कागजको १,९ र १२ नं. आकर्षित हुने होइन भन्ने पुनरावेदकको जिकिर कानूनसम्मत नदेखिएकाले यो इजलास सहमत हुने अवस्था नरहने।

सहयोगको लागि आर्थिक लाभ नलिई उक्त कार्य गरेको, किर्ते कार्य गरेको छैन, होइन भन्ने पुनरावेदकको अर्को जिकिर रहेकोमा प्रथमतः सहयोगको याचना गर्ने व्यक्तिको पहिचान पुनरावेदकले नदिएको, निज पक्राउ नपरेको, निजउपर दाबी नरहेको अवस्थामा पुनरावेदकको उक्त भनाइ नै खम्बिर हुन आएको छैन भने प्रचलित कानून बर्जित कार्य गरी कसैलाई कुनै प्रकारको सहयोग गर्न कानूनले कसैलाई छुट दिँदैन। आर्थिक लाभ लिए नलिएको जे भए पनि कानूनले निषेध गरेको कार्य गर्नु कसुरजन्य मानिन्छ र कानूनबमोजिम सजायको भागी हुनु स्वाभाविक हुने हुँदा पुनरावेदकको उक्त पुनरावेदन जिकिर मनासिब नदेखिने।

प्रतिवादी सरकारी अड्डाको छाप तथा सरकारी कर्मचारीको सहीछापसमेत लागेको अर्काको नाउँमा जारी भएको सरकारी कागज राहदानीमा अर्कै व्यक्तिको फोटो टाँस्ने कार्यमा संलग्न रहेको प्रमाणित भएको अवस्था हुँदा यी प्रतिवादी किर्ते कागज बनाएको अड्डाको कर्मचारी भएको प्रमाणित नभएबाट निज प्रतिवादीलाई उक्त मुलुकी ऐन, किर्ते कागजको १२ नं. बमोजिम १ (एक) वर्ष कैद हुने नै देखिने।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणहरूबाट समेत प्रतिवादीले सरकारी अड्डाको छाप सरकारी कर्मचारीको छाप दस्तखत लागेको सरकारी कागज राहदानीमा भएको एकाको फोटो उप्काई अर्काको फोटो टाँस गरेको कुरा प्रमाणित हुन आएको हुँदा यी पुनरावेदक प्रतिवादी मनोज कर्मचार्यलाई समेत किर्ते कागजको ९ नं. बमोजिम रू.५०।– जरिवाना गरी सोही महलको १२ नं. बमोजिम थप १ (एक) वर्ष कैद सजायसमेत हुने भनी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०/०१/१५ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०/११/०६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दिपेन्द्र तिवारी

इति संवत् २०७५ साल असार ३१ गते रोज १ शुभम्।

४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री टंकबहादुर मोक्तान**, *०७३-CI-१०९८, जग्गा*

*नामसारी दा.खा. चलन, खडानन्द खतिवडा वि. प्रकाश खतिवडा*

वादी, प्रतिवादीको बुबा, हजुरबुबा र हजुरआमाबिच मिति २०३६ सालमा बन्डा भई छुट्टी भिन्न बसेकोमा दुवै पक्षको मुख मिलेको देखियो । मिसिलमा पारित बन्डापत्र भेटिँदैन तर बन्डापत्रको कुरालाई दुवै पक्षले अदालतमा कागज गर्दा स्वीकार गरेकोले अब बन्डा भएको रहेनछ भन्न मिलेन । सो बन्डापत्रपश्चात् वादीकी आमा तथा प्रतिवादीका हजुरआमा नैनकला खतिवडाले यसैले मेरो सेवा टहल गरेको हो भनी कुनै लिखत गरी दिएको देखिँदैन । प्रतिवादीका हजुरआमा नैनकलाको पालन पोषण, औषधी उपचार यी प्रतिवादीले गरेको भनी यी प्रतिवादीले गाउँ विकास समितिको कार्यालय, सतासीधामबाट मिति २०७१।४।१८ मा सिफारिस प्राप्त गरी पेस गरे पनि सो सिफारिस मिति २०७०।६।१ मा फिराद परिसकेपश्चात्को मितिमा तयार पारिएको देखियो । यस अवस्थामा हजुरआमा नैनकला खतिवडाको सेवा सम्भार यी प्रतिवादीले नै गरेको कुरा निर्विवाद रूपमा कहीँकतैबाट स्थापित हुन आएको अवस्था नदेखिने ।

२०३६ सालमा वादी, प्रतिवादीका बुबा, हजुरबुवा तथा हजुरआमा नैनकला खतिवडाबिच बन्डापत्रको लिखत पारित भएको भनी फिराद तथा प्रतिउत्तरपत्रहरूबाटै स्वीकार गरेकोबाट निजहरूको हकमा बन्डा भएको रहेनछ भन्न मिलेन । तर बन्डापश्चात् नैनकला अलग भई बसेको भन्ने लिखत प्रमाणबेगर भन्न सकिएन। २०६० सालमा नैनकलाको मृत्यु भइसकेको र विवादित जिल्ला झापा शिवगन्ज गा.वि.स वार्ड नं. ७(ल) को कि.नं. २९३ को ज.वि. ०-१९-३ जग्गामध्ये बाँकी रहेको ०-८-३ जग्गा वादीको आमा र प्रतिवादीको हजुरआमा नैनकलाको नाममा देखिएकोबाट सो जग्गा अबन्डा रहेछ भन्नुपर्ने देखियो। अंशबन्डाको ३५ नं. ले सो जग्गामा बाँचेका छोरा र छोराका सन्तानहरूले भागशान्ति खान पाउने नै हुन आयो । यहाँ जग्गा अबन्डा रहेको र वादीको फिराद मुलुकी ऐन जग्गा मिच्नेको १८ नं. र जग्गा पजनीको १७ नं. अन्तर्गत परेकोसमेतबाट वादीको आधा जग्गामा सम्म हक पुग्ने नै देखिन आयो । सो जग्गामध्ये आधासम्म जग्गामा यी वादीको हक कायम गरी नामसारी दा.खा. हुने ठहर गर्नुपर्नेमा वादी दाबी नपुने ठहराएको सुरू झापा जिल्ला अदालतको मिति २०७२।२।२४ को फैसला सदर गरेको पुनरावेदन अदालत इलामको मिति २०७३।५।२३ को फैसला सो हदसम्म मिलेको नदेखिने ।

अतः उल्लिखित तथ्य, कानूनी व्याख्या एवं विवेचनासमेतका आधारमा नैनकला खतिवडाको नाउँमा रहेको विवादित जग्गाबाट नरम गरम मिलाई आधा जग्गासम्म वादी दाबीबमोजिम वादीका नाउँमा नामसारी दा.खा. दर्ता गरी चलनसमेत चलाई दिनुपर्नेमा सो नगरी वादी दाबी पुग्न नसक्ने ठहराएको शरू झापा जिल्ला अदालतको मिति २०७२।२।२४ को फैसला सदर गरेको पुनरावेदन अदालत इलामको मिति २०७३।५।२३ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई नैनकला खतिवडाको नाउँमा दर्ता रहेको जिल्ला झापा शिवगन्ज गा.वि.स वार्ड नं.७(ल) को कि.नं. २९३ को ज.वि.०-१९-३ जग्गा मध्ये बाँकी रहेको ०-८-३ जग्गाबाट नरम गरम मिलाई आधा जग्गासम्म वादी दाबीबमोजिम वादीका नाउँमा नामसारी दा.खा. दर्ता भई चलनसमेत पाउने ।

इजलास अधिकृत: दिपेन्द्र तिवारी

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल असार ३१ गते रोज १ शुभम् ।

५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी,** *०७४-WO-०५२३, उत्प्रेषण, सुरेन्द्र सिलवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

Flow Meter को व्यवस्था अन्तःशुल्क नियमावली, २०५९ को नवौं संशोधनबाट राखिएको देखिन्छ । उक्त नियमावलीको नियम २३क मा उल्लिखित व्यवस्थाअनुसार प्रतिष्ठानमा जडान

गरिएको Flow Meter ले मिति २०६७।६।२४ देखि नै काम नगरेको कुरा निवेदक र विपक्षीले स्वीकार गरेकै देखिन्छ । प्रस्तुत रिट निवेदनमा पनि ठुला करदाता कार्यालयबाट अन्तःशुल्क निर्धारण गरेको विषयमा विवाद रहेको देखिन्छ । यस्तै विषयमा गोर्खा ब्रुअरी प्रा.लि. को तर्फबाट सुरेन्द्र सिलवालले अन्तःशुल्क निर्धारण गरेउपर राजस्व अनुसन्धान विभागसमेतलाई विपक्षी बनाई संवत् २०६५ सालको रिट नं. ०५७७ को उत्प्रेषण रिट निवेदन दायर गरेकोमा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि निवेदन गर्ने भनी यस अदालतमा निवेदन दिई यस अदालतको मिति २०६५।१२।२० को आदेशबाट उक्त रिट निवेदन फिर्ता भएको देखिन्छ । त्यसैगरी यिनै रिट निवेदकबाट यस अदालतमा दायर भएको ०६७-WO-०९६१ को रिट निवेदनमा "विपक्षी आन्तरिक राजस्व कार्यालय भरतपुरले अन्तिम अन्तःशुल्क निर्धारण गरेउपर चित्त नबुझेमा रिट निवेदकले प्रशासकीय पुनरावलोकनको उपचारको मार्ग अवलम्बन गर्नुपर्नेमा रिट निवेदन दिएको भनी लिखित जवाफमा जिकिर भएको देखिएकाले मिति २०६७।११।१५ को अन्तःशुल्क निर्धारण आदेश निवेदकलाई रितपूर्वक बुझाएको भए त्यसको निस्सा वा आधिकारिक प्रमाण विपक्षी आन्तरिक राजस्व कार्यालय भरतपुरबाट महान्यायाधिवक्तको कार्यालयमार्फत झिकाई लगाउको ०६९-WO-१२२३ को मुद्दासमेत साथै राखी पेस गर्नू" भनी यस अदालतबाट मिति २०७२।२।३२ मा आदेश भएकोमा आदेशानुसारको निस्सा प्राप्त भई मिसिल सामेल रहेको देखिन्छ । यसरी अन्तःशुल्क निर्धारण आदेशको जानकारी निवेदकलाई बुझाएको निस्सा प्राप्त भएपछि रिट निवेदकले उल्लिखित ०६७-WO-०९६१ र ०६९-WO-१२२३ को रिट निवेदनमा मिति २०७२।४।२७ गतेदेखि तारेख गुजारी बसेबाट दुवै रिट निवेदनहरू यस अदालतको मिति २०७२।१०।१८ को आदेशले तामेली गएको देखिन्छ । त्यसैगरी आ.व. २०७०/७१ र आ.व. २०७१/७२ को हकमा प्रशासकीय पुनरावलोकनका लागि गएकोमा प्रशासकीय पुनरावलोकनबाट भएको मिति २०७४।११।२९ को निर्णयउपर रिट निवेदकको तर्फबाट राजस्व न्यायाधिकरणमा पुनरावेदनसमेत परेको देखिन्छ । यसबाट विवादित विषयमा आ.व. २०७०/७१ अघिका वर्षहरूमा अन्तःशुल्क लगाएको हकमा निवेदकको रिट निवेदनहरू तामेलीमा गएबाट निजले लिएको अडान छाडेको भन्नुपर्ने अवस्था छ भने आ.व. २०७०/७१ तथा आ.व. २०७१/७२ को हकमा कानूनले निश्चित गरेको उपचारको नियमित मार्ग अनुशरण गरेको अवस्था देखिन्छ । नियमित मार्गबाट उपचार प्राप्त हुने स्थितिमा पक्षलाई सोही मार्ग अनुशरण गर्न प्रेरित गर्नु अदालतको कर्तव्य हुन्छ । निवेदकले प्रस्तुत रिट निवेदनमा जे जति तर्क लिएको छ सो तर्कहरू पुनरावेदनको तहमा लिन नसक्ने भन्ने नहुने ।

प्रस्तुत विवादमा पनि प्रारम्भिक कर निर्धारण आदेश भएको देखिन्छ । यस्तो आदेशमा चित्त नबुझेमा रिट निवेदकले अन्त:शुल्क ऐन, २०५८ को दफा १९(१) बमोजिम आन्तरिक राजस्व विभागका महानिर्देशकसमक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिनसक्ने र प्रशासकीय पुनरावलोकनको लागि दिएको निवेदनमा आन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको आदेशमा चित्त नबुझे अन्त:शुल्क ऐन, २०५८ को दफा १९ को उपदफा १ र ६ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी व्यवस्थालाई यी रिट निवेदकले समेत अवलम्बन गर्नसक्नेमा सो नगरी असाधारण अधिकार क्षेत्रअन्तर्गत यस अदालतमा आएको देखिने ।

करसम्बन्धी विवादलाई छिटो छरितो रूपमा न्याय निरूपण गर्ने र कर दातालाई मुद्दा मामिलाको झन्झटमा पर्नु नपरोस् भनेर करसम्बन्धी कानूनहरूमा पूर्वादेश, प्रशासकीय पुनरावलोकनलगायतका व्यवस्था गरिएको हो भने करसम्बन्धी विवादहरू जटिल प्रकृतिको हुने र त्यसमा प्राविधिक विषयहरूसमेत समावेश हुने भएकाले कानून विज्ञको अध्यक्षतामा राजस्व र लेखा

सदस्य रहने गरी छुट्टै न्यायाधिकरण गठन गरिएको हो । यसको अर्थ राज्यले करसम्बन्धी विवादलाई विशेष महत्त्व दिएर छिटो छरितो रूपले न्याय निरूपण गर्न नियमित अदालतभन्दा प्रभावकारी हुने परिकल्पना गरी राजस्व न्यायाधिकरण गठन गरेको हो । राजस्व न्यायाधिकरणमार्फत प्राप्त हुने कानूनी उपचार के कति कारणले यी निवेदको हकमा पर्याप्त हुन नसकेको हो सो कुरा रिट निवेदनमा खुलाउन सकेको देखिँदैन । विना आधार र कारण करसम्बन्धी विवादहरूमा सोझै असाधारण क्षेत्रमार्फत आउन पाउने बाटो खुलाइदिने हो भने करसम्बन्धी कानूनी व्यवस्थाहरू र राजस्व न्यायाधिकरण ऐन, २०३१ समेत अर्थहिन भई निष्प्रयोजन हुन जान्छ । यी रिट निवेदक नियमित उपचारको मार्ग प्रशस्त हुँदाहुँदै पनि नियमित कानूनी उपचारको बाटो अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गरेको देखिन्छ । यसमा प्रारम्भिक कर निर्धारण आदेश भई हाल रिट निवेदनमा अन्तरिम आदेश जारी भएको कारणबाट मात्र अन्य कारबाही रोकिएपनि निवेदकले आफ्नो कुरा भन्न पाउने र वैकल्पिक उपचारको बाटो विद्यमान रहेको हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्था नदेखिने ।

अतः उपर्युक्त विवेचित आधार, कारण, प्रतिपादित सिद्धान्त र विद्यमान कानूनी व्यवस्थासमेतको आधारमा रिट निवेदकलाई कर कार्यालयले प्रारम्भिक कर निर्धारण आदेशमा चित्त नबुझेमा त्यस्तो आदेशउपर अन्त:शुल्क ऐन, २०५८ को दफा १९(१) बमोजिम आन्तरिक राजस्व विभागका महानिर्देशकसमक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिनसक्ने र प्रशासकीय पुनरावलोकनको लागि दिएको निवेदनमा पनि आन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको आदेशमा चित्त नबुझे अन्त:शुल्क ऐन, २०५८ को दफा १९(१),(६) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्ने नियमित उपचारको कानूनी व्यवस्था हुँदाहुँदै पनि रिट निवेदकले उक्त कानूनी व्यवस्थालाई अवलम्बन गरेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने । रिट निवेदन खारेज हुने ठहरेकाले यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०७४।११।२ मा भएको अन्तरिम आदेश र सो आदेशलाई निरन्तरता प्रदान गर्ने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०७४।११।२३ मा भएको आदेश स्वतः निष्क्रिय हुने ।

इजलास अधिकृत: महेन्द्रबहादुर कार्की

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल पुस १५ गते रोज ३ शुभम् ।

६

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** ०७४-CI-११७७, दूषित अंशबन्डा लिखत बदर, चिरिमाया महर्जन वि. बद्री महर्जनसमेत

मिसिल संलग्न फिराद, प्रतिउत्तर र अन्य कागज प्रमाण अध्ययन गरी हेर्दा, स्व. नारायणकृष्ण महर्जन र निजका छोराहरू यी पुनरावेदक वादी चिरिमाया महर्जनका पति बद्री महर्जन र देवर दिलीप महर्जनका बिच र.नं. ३३१ मिति २०५७।४।१७ मा अंशबन्डाको लिखत पारित भएकोमा विवाद देखिँदैन । उक्त अंशबन्डाको लिखत निज बाबु-छोराहरूको आपसी सहमतिबाट भएको भन्ने प्रतिवादीहरूको प्रतिउत्तरबाट देखिन्छ । उक्त बन्डापत्रको प्रतिलिपि हेर्दा, पिता नारायणकृष्ण महर्जनले कुल क्षे.फ. ४-६-०-२ जग्गा, प्रतिवादी दिलीप महर्जनले कुल क्षे.फ. ४-११-०-० जग्गा र वादीका पति बद्री महर्जनले कुल क्षे.फ. ५-१०-१-० जग्गा र नगद रू. १०,००,०००।- (दश लाख) अंशबापत कानूनी रितपूर्वक समान तहका अंशियारबिच लिनुदिनु गरी नरमगरम / सापोनापो मिलाई बन्डापत्र पारित भएको देखियो । वादीका पति बद्री महर्जनको अंशभागमा अन्य अंशियारहरूको तुलनामा केही बढी क्षेत्रफल जग्गा आएको र निजले रू.१०,००,०००।- रकम नगदै बुझेको देखिन्छ । अंश मुद्दामा यी प्रतिवादी बद्री महर्जनबाट पेस भएको तायदाती फाँटवारीमा निजको अंशभागको उक्त जग्गाहरू हालसम्म पनि निजकै नाममा रहेको देखिने ।

प्रस्तुत मुद्दाको दोहोऱ्याई हेर्ने निस्सा प्रदान हुँदा उल्लेख भएको ललितपुर जिल्ला, सुनाकोठी गा.वि.स. वडा नं. ६(क) को कि.नं. ४४० ज.रो. २-५-०-० र ऐ.ऐ. वडा नं. ४(क) कि.नं. १५० ज.रो. ०-१३-१-० को जग्गा पुर्णलाल महर्जनबाट बद्री महर्जनले हालैदेखिको बकसपत्रबाट प्राप्त गरी निजले मिति २०५४।८।२० मा कि.नं. ४४० गिरिधर डंगोललाई बेचेकोमा मिति २०५७।४।६ मा प्रतिवादी दिलीप महर्जनले गिरिधर डंगोलबाट खरिद गरेको त्यस्तै कि.नं. १५० बद्री महर्जनले नै मिति २०५६।२।९ मा कर्म महर्जनलाई बेचेकोमा दिलीप महर्जनको श्रीमती पानमैया महर्जनले मिति २०५७।४।९ मा कर्म महर्जनबाट खरिद गरेको भन्ने उक्त हालैदेखिको बकसपत्र र राजीनामाको प्रतिलिपिबाट देखिँदा निजी आर्जन भन्ने प्रतिवादीको जिकिर पुष्टि हुन आएको पाइयो । सोमध्ये कि.नं. ४४० को जग्गा यी प्रतिवादीहरू बद्री महर्जन र दिलीप महर्जन दुवैकी दिदी कृष्णकुमारीलाई दिलीप महर्जनले राजीनामा गरी दिएको देखिने।

मुलुकी देवानी संहिता, २०७४ को दफा २२६ मा **"सम्पत्ति लुकाउन छिपाउन नपाउने"** भन्ने व्यवस्था गरी उपदफा (१) मा **"कसैले पनि अंशबन्डा गर्नुपर्ने सम्पत्ति लुकाउन छिपाउन पाउने छैन ।"** उपदफा (२) मा **"अंशबन्डा हुँदा वा अदालतले सम्पत्तिको फाँटवारी मागेका बखत कुनै अंशियारले आफ्नो नाममा रहेको बन्डा हुने सम्पत्ति लुकाए वा छिपाएको कुरा पछि ठहरेमा त्यसरी लुकाउने वा छिपाउनेले त्यस्तो सम्पत्ति लिन पाउने छैन ।"** उपदफा (३) मा **"उपदफा (२) बमोजिम लुकाए वा छिपाएको सम्पत्ति अन्य अंशियारले अंश भाग लगाई लिन पाउने छ ।"** भन्ने व्यवस्था भएको।

मूल अंशियारहरूको आपसी सहमतिमा भएको मिति २०५७।४।१७ को अंशबन्डापत्रमा चित्त नबुझेमा साबिक मुलुकी ऐन, अंशबन्डाको ३२ नं. बमोजिमको हदम्यादभित्र नालेस गर्नुपर्नेमा वादीले उक्त हदम्यादभित्र बदरको लागि आएको नदेखिएको, अंशबन्डा लिखतअनुसार पिता नारायणकृष्ण महर्जनले क्षे.फ. ४-६-०-२ जग्गा प्रतिवादी दिलीप महर्जनले क्षे.फ. ४-११-०-० जग्गा वादीका पति बद्री महर्जनले क्षे.फ. ५-१०-१-० जग्गा र नगद रू.१०,००,०००।- अंश हकबापत बुझिलिएको अंशबन्डाको लिखत कानूनी रीतपूर्वकको देखिएको साथै अंशबन्डाअनुसार अंशियारका नाउँमा असमान क्षेत्रफल र सम्पत्ति भन्ने नदेखिएको तथा वादीका पति बद्री महर्जनको अंश भागमा बढी क्षेत्रफल र नगद रू.१०,००,०००।- देखिँदा वादीका पतिले अंशबन्डाबाट प्राप्त सम्पत्ति न्यायोचित नै देखिएको, उक्त बन्डापत्रबाट प्राप्त सम्पत्ति कि.नं. ३१७ क्षे.फ. ०-५-१-० जग्गा कि.नं. ३१८ क्षे.फ. ५-५-०-० जग्गा हाल यसै लगाउको अंश चलन मुद्दामा बद्री महर्जनले फाँटवारी पेस गर्दा यथावत् देखिएकोबाट उक्त मिति २०५७।४।१७ र.नं. ३३१ बाट भएको बन्डापत्रलाई दूषित भन्न मिल्ने आधार नदेखिएबाट दूषित बन्डापत्र बदर गरिपाउँ भन्ने वादी दाबी नपुग्ने ठहऱ्याएको ललितपुर जिल्ला अदालतको फैसला सदर गरी उच्च अदालत पाटनले गरेको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

अतः विवेचित आधार कारणबाट मिति २०५७।४।१७ र.नं. ३३१ बाट भएको अंशबन्डापत्र दूषित ठहर गरी बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको मिति २०७३।९।१२ को ललितपुर जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७४।१०।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: करूणा श्रेष्ठ

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७६ साल पुस २० गते रोज १ शुभम्।

- यसमा यसै लगाउको ०७४-CI-११७८, ११७६, ११७५ र ०७४-CR-१७०३, १७०४ र १७०५, अंशचलन, मानाचामल र जालसाजी चिरिमाया महर्जन वि. बद्री महर्जनसमेत भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

**इजलास नं.११**

**१**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७१-CR-११९२, अपहरण तथा शरीर बन्धक डाँका, अजयकुमार कलवार वि. नवराज कडरियासमेत*

जाहेरवाला अजयकुमार कलवारले प्रतिवादी सन्तोष कलवारलाई मल पठाएको, यी जाहेरवाला अजयकुमार कलवारलाई अर्का जाहेरवाला रबिन मैनालीले जाहेरी दिइसकेपश्चात मात्र घटनाको बारेमा जानकारी भएको, आफ्नो मलको पैसा सन्तोष कलवारले नपठाएका कारण सो रकम असुल गर्नका लागि प्रहरीमा उजुरी गर्न जाँदा प्रहरीले चोरीमा जाहेरी दिनु भनेकोले जाहेरी दिएको, अजयकुमार कलवार र सन्तोष कलवारबिच अन्य लेनदेन कारोबारसमेत रहेको भन्नेसमेतको अवस्था देखिने।

प्रतिवादी सन्तोष कलवारले यी जाहेरवाला अजयकुमार कलवारलाई मलसमेतको रकम नपठाएका कारण सो रकम असुल गर्ने प्रयोजनका लागि प्रहरी कार्यालयमा जाँदा प्रहरीले सो मलका सम्बन्धमा रबिन मैनालीको जाहेरी परेकोले चोरीमै जाहेरी गर्दा उपयुक्त हुने सुझाव यी जाहेरवालालाई दिएबाट मात्र यी अजयकुमार कलवारले जाहेरी दिएको अवस्था छ। यी जाहेरवाला अजयकुमार कलवारको र रबिन मैनालीको जाहेरी बेहोराका शब्द एवम् वाक्य चयनमा तात्त्विक भिन्नता रहेको देखिँदैन । यसको मतलब प्रहरीले पहिले परेको रबिन मैनालीको जाहेरी बेहोराअनुसारकै जाहेरी तयार गरेर यी जाहेरवालाको सहीछाप गराएको भन्ने अनुमान सहजै गर्न सकिने अवस्था देखिने।

सरकारी निकायमा पेस भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुने व्यवस्था प्रमाण ऐन, २०३१ को दफा १८मा उल्लेख छ। एकभन्दा बढी व्यक्तिहरूले फरक-फरक दिनमा आफ्नो बेहोरा जाहेरीमा लेख्दा वा लेखाउँदा तथ्य भिड्न सक्छ, तर शब्द-शब्द नै भिड्न सक्दैन। शब्द-शब्द नै भिड्नका लागि या त पूर्वतयारी गरी बेहोरा कण्ठस्थ गरी लेखाएको हुनु पर्दछ या त जाहेरी तयार गर्ने व्यक्तिले एकै बेहोरा एकभन्दा बढी जाहेरीमा लेखी यान्त्रिकरूपमा लिखत तयार गरी सहीछापसम्म गराएको हुनु पर्दछ । यी जाहेरवालाको हकमा पछि परेको जाहेरीमा भएका शाब्दिक एकरूपताले उक्त जाहेरी यान्त्रिकरूपमा तयार गरेको विश्वास गर्नुपर्ने पर्याप्त कारण र आधार देखिन्छ। यी जाहेरवाला घटनाको स्वयम् प्रत्यक्षदर्शी होइनन्, आफ्नो रकम असुल हुनसक्छ कि भन्ने अभिप्रायले प्रहरीमा उजुरी गर्न जाँदा प्रहरीको भनाइ मान्नु यी जाहेरवालाका लागि अस्वाभाविक देखिँदैन । यी जाहेरवाला अजयकुमार कलवारले आफ्नो रकम असुल गर्ने प्रयोजनका लागि प्रहरीको विश्वासमा परी प्रहरीको भनाइअनुसार जाहेरी दिएको भनी अदालतमा बकपत्र गरेको र अदालतमा गरेको बकपत्र बेहोरा सत्य भएको कुरा अन्य तथ्य एवम् प्रमाणहरूबाट समेत पुष्टि भइरहेको हुँदा निजले सुरू अदालतमा गरेको बकपत्र बेहोरा नै सत्य भएको मान्नु पर्ने देखिने।

सरकारी मुद्दासम्बन्धी ऐन,२०४९ को दफा २८(१) मा ***"अनुसूची -१ वा २ मा लेखिएको मुद्दामा पोल उजुर गरेबापतको सजाय हुने छैन"*** भनी दफा २८(२) मा ***"उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफू गवाह भई नेपाल सरकार, प्रहरी कर्मचारी वा अन्य अधिकारीलाई विश्वास पर्ने किसिमसँग कुरा वा सबुत प्रमाण देखाई पोल उजुर गरेकोबाट अदालतमा मुद्दा चलिसकेपछि सो कुरा वा सबुत प्रमाण झुट्टा वा बनावटी हो भन्ने देखिएमा अदालतले सजाय गर्न सक्ने छ"*** भनी उल्लेख भएको देखिन्छ। उक्त ऐनको दफा २३ मा अनुसूची-१ वा २ मा उल्लिखित मुद्दासम्बन्धी सूचना दिने व्यक्ति वादी नेपाल सरकारको गवाह मानिने हुँदा यी जाहेरवाला नेपाल सरकारको गवाह हुनेमा विवाद देखिँदैन। उक्त

२८(२) को कानूनी व्यवस्थाअनुसार यी जाहेरवालाले प्रहरी कर्मचारीलाई विश्वास पर्ने किसिमसँग कुनै कुरा गरेको वा सबुत प्रमाण देखाई पोल उजुर गरेको नभई आफ्नो मलसमेतको रकम उठाउने प्रयोजनका लागि प्रहरी कार्यालयमा जाँदा प्रहरी कर्मचारीले निज जाहेरवालालाई मल चोरीका सम्बन्धमा रबिन मैनालीको पनि जाहेरी परेको जानकारी गराई निजलाई पनि चोरीमा नै जाहेरी दिए रकम उठ्ने विश्वास दिलाई वा विश्वासमा पारी जाहेरी दिन लगाएको अवस्था छ । यहाँ जाहेरवालाले प्रहरीलाई विश्वास गराएको नभई प्रहरीले जाहेरवालालाई विश्वास गराएको अवस्था देखिन्छ। अर्कोतर्फ मिसिलमा यी अजयकुमार कलवारको जाहेरी संलग्न रहे पनि मुद्दा दायर गर्दा रबिन मैनालीको जाहेरीले नेपाल सरकार वादी भई मुद्दा चलेको देखिँदा यस्तो अवस्थामा उक्त दफा २८(२) को कानूनी व्यवस्था यी जाहेरवाला भनिएका अजयकुमार कलवारको हकमा आकर्षित हुने नदेखिने।

अतः उल्लिखित विवेचित आधार कारणबाट यी अजयकुमार कलवारले झुट्टा जाहेरी दिएको वा झुट्टा बकपत्र गरेको पुष्टि नभएकोले झुट्टा बकपत्र गरेको भन्ने आधारमा निजलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८(२)(क) बमोजिम २(दुई) महिना कैद हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१/८/२१ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई निजलाई भएको उक्त २(दुई) महिना कैदको सजाय बदर हुने।

इजलास अधिकृत: कुलप्रसाद दाहाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल मङ्सिर २ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** *०७६-WH- ०१५६, बन्दीप्रत्यक्षीकरण, विमला थापा वि. वैदेशिक रोजगार न्यायाधिकरण, बबरमहलसमेत*

सरिताकुमारी सापकोटाले मिति २०७३/०२/३१ मा दिएको जाहेरी दरखास्तमा विमला थापाको ठेगाना काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका १० भई हाल काठमाडौं जिल्ला, मण्डिखाटार १३ भन्ने उल्लेख भएको छ । निवेदक विमला थापाले जाहेरवाली सरिताकुमारी सापकोटालाई मिति २०७१।०७।१९ मा गरिदिएको कागजमा पनि हालको ठेगाना बुढानिलकण्ठ नगरपालिका १३ मण्डिखाटार नै उल्लेख गरेको देखिन्छ । निवेदकको स्थायी ठेगानामा रहेको घर मुद्दाको सुरूवात हुनुभन्दा पहिला नै मिति २०६७।११।१२ गते साकिला राईसमेतलाई बिक्री गरिसकेको मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको राजीनामा लिखतबाट देखिएको छ। वैदेशिक रोजगार न्यायाधिकरणबाट जारी म्याद तामेल गर्दा पनि घर ठेगानामा कोही पनि फेला नपरेकाले घर दैलोमा म्याद टाँस भएको अवस्था छ । निवेदिका विमला थापाले वैदेशिक रोजगार विभागको बयानमा स्थायी ठेगाना नागरिकतामा उल्लेख भएबमोजिम काठमाडौं महानगरपालिका १० भने तापनि मिसिल संलग्न जाहेरी दरखास्तलागायतका प्रमाणहरूबाट हाल निज मण्डिखाटारमा नै रहे बसेको कुरामा जाहेरवाला र वैदेशिक रोजगार विभाग पनि जानकार रहेको देखिन्छ। काठमाडौं महानगरपालिका १० स्थित घरमा मिति २०७३।०५।२६ मा म्याद टाँस हुँदा निज विमला थापा तथा निजका एकाघरका कोही पनि फेला नपरेपछि घर दैलोमा टाँस भएको छ । सहरी क्षेत्रमा घर जग्गाहरू बिक्री भइरहने हुँदा छिटो छिटो घरधनीहरू परिवर्तन भइरहने हुन सक्दछ र त्यसको यथार्थ जानकारी टोल छिमेकलाई नहुन पनि सक्दछ। तसर्थ सहर बजार क्षेत्रमा म्याद तामेल गर्दा घरमा सम्बन्धित मानिस फेला नपरेको अवस्थामा उक्त घर कसको हो ? घरधनी कहाँ बस्दछन ? भन्ने विषयमा सोध खोज गरी यकिन जानकारी लिने र सोहीबमोजिम म्याद तामेल गर्नु पर्दछ । यहाँ तामेलदारले सोको कुनै प्रयत्न नगरेको कुरा म्याद तामेल गर्दा हालका घरधनी वा डेरावाल कोही पनि रोहवरमा नरहेबाट पुष्टि हुन्छ । म्याद तामेल हुनुभन्दा निकै अघि उक्त घर बिक्री भइसकेको र जाहेरी दरखास्तलगायतका

प्रमाण कागजहरूमा निवेदिकाको हालको ठेगाना बुढानिलकण्ठ नगरपालिका मण्डिखाटार नै उल्लेख भएको अवस्थामा निवेदिका सूचना पाएर पनि कानूनले थाम्ने थमाउने म्यादभित्रसमेत न्यायाधिकरणमा प्रतिवाद गर्न उपस्थित नभएको भन्ने नदेखिने।

सुनुवाइको मौका भनेको प्राकृतिक न्यायको आधारभूत विधिशास्त्रीय सिद्धान्तको रूपमा रहेको छ। जुन व्यक्तिको हक वा हितको प्रतिकूल कारबाही वा निर्णय गर्न लागिएको हो, सो व्यक्तिको कुरा सुन्न (Audi alteram partem) तथा निजलाई आफ्नो प्रतिरक्षा गर्न मनासिब अवसर दिइनु पर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्तको आधारभूत मान्यता हो। नेपालको संविधानको धारा २० मा उल्लिखित न्यायसम्बन्धी हकअन्तर्गत **"प्रत्येक व्यक्तिलाई निज विरूद्ध गरिएको कारबाहीको जानकारी हुने छ"**, धारा २०(८) तथा **"प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने छ"**, धारा २०(९) भन्ने व्यवस्था रहेको छ। अर्थात् कुनै व्यक्तिको हक अधिकारमा असर पर्ने गरी निर्णय गरिन्छ भने त्यस्तो अधिकारीले स्वच्छ किसिमले कारबाही गरी निर्णयमा पुगेको देखिनु पर्दछ र जसका विरूद्ध अभियोग वा दाबी पेस गरी निर्णय गरिन्छ उसलाई आफ्नो दाबी र भनाइ राख्ने र प्रमाण पेस गर्ने मौका प्रदान गरिनुपर्दछ भन्ने नै उल्लिखित संवैधानिक व्यवस्थाको मूल मर्म हो। प्राकृतिक न्यायको सिद्धान्तले मुख्यरूपले आत्मसात् गरेको पनि यसै विषय भएको देखिने।

मुद्दाको फैसलाको चरण पुग्नुभन्दा पहिले त्यसका पूर्व चरणका रूपमा रहेको उजुरी, उजुरीपछिका पक्ष झिकाउने, प्रमाण पेस गर्ने, पेस भएका प्रमाणको सही मूल्याङ्कनको कानूनी विधि र प्रक्रिया मुद्दाका अभिन्न अङ्ग हुन्। कानूनले तोकेको विधि र प्रक्रियाको अनिवार्य रूपले पालना गर्नुपर्ने अनिवार्य तत्त्व हो भने त्यसमा तजबिजी अधिकारसमेत प्रयोग गर्न मिल्ने देखिँदैन। पक्षलाई सूचना दिने कानूनी प्रावधान गरिनुको विधिशास्त्रीय मान्यता भनेको पक्षले आफ्नो प्रमाणहरू जुटाएर अदालत आई न्यायिक प्रक्रियामा समावेश होस भन्ने हो। तसर्थ, म्याद तामेललाई मुद्दाको सामान्य प्रक्रियाको रूपमा मात्र बुझ्नु हुँदैन। पक्षले जानकारी पाउन सक्ने अवस्था छ, छैन ? पक्षको अन्यत्र पनि बसोबास छ, छैन भन्ने हेरी जुन स्थानमा म्याद तामेल गर्दा पक्षले सजिलै सूचना प्राप्त गर्दछ भने सोही स्थानमा म्याद तामेल गर्नु नै विधायिकी मनसाय भएकाले सोतर्फ सम्बन्धित निकाय संवेदनशील हुनै पर्ने।

निवेदिकाको हालको बसोबास वुढानिलकण्ठ नगरपालिका-१३ मण्डिखाटार रहेको कुरा जाहेरी दरखास्तलगायतका प्रमाणहरूबाट पुष्टि भएको र नागरिकतामा उल्लेख भएको निजको स्थायी ठेगानामा काठमाडौं महानगरपालिका-१० को घर मुद्दाको सुरूवात हुनुभन्दा पहिले नै हकहस्तान्तरण गरी बिक्री गरिसकेको अवस्थामा बिक्री गरी हक टुटिसकेको घरमा टाँस भएको म्यादबाट निजले मुद्दाको बारेमा कानूनी रूपले सूचना पाएको भनी मान्न सकेको अवस्था देखिएन। मुद्दाको बारेमा सूचना पाएर पनि प्रतिवाद र प्रतिरक्षाका लागि वैदेशिक रोजगार न्यायाधिकरणमा उपस्थित नभएको भनी मान्न मिलेन। निवेदिका प्राकृतिक न्यायको सिद्धान्तअनुसार कानूनबमोजिम रीतपूर्वकको सुनुवाइको मौका नपाई थुनामा रहनुपरेको अवस्था विद्यमान रहेको देखिएकोले सुनुवाइको मौका बिना थुनामा राखेको कार्यले कानूनी मान्यता प्राप्त गर्न नसक्ने भएबाट मिति २०७३।०५।२६ मा तामेल भएको म्याद सोपछि भएका वैदेशिक रोजगार न्यायाधिकरणबाट भएका सम्पूर्ण काम कारबाही र फैसलासमेत बदर हुने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। अब: निवेदिकालाई वैदेशिक रोजगार न्यायाधिकरणमा हाजिर गराउन पठाई वैदेशिक रोजगार न्यायाधिकरणबाट नै न्यायाधिकरणकै रोहवरमा म्याद जारी गरी, कानूनबमोजिमको प्रक्रिया पूरा गरी बाँकी कारबाही गर्न वैदेशिक रोजगार न्यायाधिकरणमा लेखी

पठाइदिने।

इजलास अधिकृत: अञ्चन भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल मङ्सिर २६ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७५-WH-०१९१, बन्दीप्रत्यक्षीकरण, अजितकुमार सिंहसमेत वि. काठमाडौं जिल्ला अदालतसमेत*

यस अदालतको आदेशबमोजिम इजलाससमक्ष प्राप्त भएको अनुसन्धानसँग सम्बन्धित मिसिल तथा काठमाडौं जिल्ला अदालतबाट प्राप्त म्याद थप रजिस्ट्ररसमेत हेर्दा, यी निवेदकहरूउपर ठगी तथा सङ्गठित अपराध मुद्दामा परेको जाहेरीका सम्बन्धमा साधिकार निकायबाट कानूनबमोजिम म्याद थप गरी अनुसन्धानका कार्यहरू जारी रहेको भन्ने देखिन्छ। आरोपितहरूको बयानका कार्यहरू विभिन्न सम्बन्धित निकायमा पत्राचार गर्ने तथा बरामद दशी प्रमाणहरूको वैज्ञानिक परीक्षणसमेतका कार्यहरू जारी रहेको भन्ने विपक्षीहरूको लिखितजवाफ तथा प्राप्त सक्कल मिसिलसमेतबाट देखिने।

नेपालको संविधानको धारा १३३(२) ले यस अदालतलाई प्रदान गरेको असाधारण अधिकारक्षेत्रका आधारमा कुनै व्यक्तिको वैयक्तिक स्वतन्त्रता कानूनविपरीत अपहरण गरी कुनै प्रकारले बन्दी बनाइएको र त्यस्तो बन्दी बनाउँदा कानूनले तोकेको प्रक्रिया पूरा नगरेको वा पूर्वाग्रह र प्रवृत्त भावना देखिएकोलगायतका अवस्थामा उपयुक्त आदेश जारी गरी बन्दीलाई गैरकानूनी थुनाबाट मुक्त गर्न सक्ने व्यवस्था सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ मा रहेको छ। यस प्रकृतिको निवेदन सुनुवाइ गर्दा बन्दी बनाउनुको औचित्य तथा थुनामुक्त राख्ने अधिकारी वा निकायको काम कारबाहीको वैधानिकताको परीक्षण गर्नुपर्ने हुन्छ। थुनामा राख्न प्रचलित कानूनबमोजिमका कार्यविधि अपनाइएको छ, छैन ? बदनियत प्रवृत्त भावना, कानूनविपरीत वा अनिवार्यरूपमा पालना गर्नुपर्ने कार्यविधि पालना भएको छ, छैन ? कानूनबमोजिम अधिकारप्राप्त अधिकारीको बन्दी बनाउने कार्य मनासिब तथा पर्याप्त छ, छैन ? बन्दीका सम्बन्धमा अदालतको साधारण अधिकार क्षेत्रअन्तर्गत रीतपूर्वक कुनै कारबाही उठान भएको छ, छैन ? इत्यादि विषयहरूबारे जानकारी लिई मात्र अदालतले बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरिन्छ। सामान्यतः रीतपूर्वक अनुसन्धान चलिरहेको अवस्थामा साधारण उपचार क्षेत्रअन्तर्गत कारबाही चलिरहेकोमा वा अन्य उपचारको मार्ग पर्याप्त वा प्रभावकारी भएमा अदालतले यस प्रकृतिको आदेश जारी गर्न इन्कार गर्ने गरिने।

प्रस्तुत निवेदकहरूको हकमा हेर्दा, जाहेरवाला सारदा अधिकारीलाई खाता खोल्न लगाई रकम जम्मा गराएको, गौरीदेवी घिमिरे र चन्द्रबहादुर अधिकारीबाट महेन्द्र सिंहलाई रकम दिएपछि निज सम्पर्कविहीन भएको भनी जाहेरी परेकोमा अनुसन्धानको क्रममा यी निवेदकहरूलाई याक एण्ड यति होटल, दरबारमार्गमा गोष्ठी गर्दैको अवस्थामा पक्राउ परेको भन्ने मिसिलबाट देखिन्छ। कसैले आरोप लगाउँदैमा कुनै व्यक्ति अपराधी भइहाल्ने होइन। तर प्रमाण ऐनको प्रयोजनार्थ प्रमाण सङ्कलन गर्न अति आवश्यक देखिएमा र त्यस्ता व्यक्तिहरूलाई हिरासतमा नलिए प्रमाण हराउने मासिन सक्ने सम्भावना भएमा कानूनको रीत पूऱ्याई हिरासतमा राख्न सकिने नै हुन्छ। त्यस क्रममा यी निवेदकउपर अनुसन्धान प्रारम्भ गरिएको र पक्राउ पुर्जी दिई पक्राउ गर्दा मिति २०७६।१।२८ मा २०७६।१।२७ देखि लागु हुने गरी पहिलो पटक ७ दिन, मिति २०७६।२।३ बाट लागु हुने गरी दोस्रो पटक ५ दिन र मिति २०७६।२।८ बाट लागु हुने गरी तेस्रो पटक ७ दिनको म्याद थप भएको देखिन्छ। उक्त थप म्यादहरूमा केही निवेदकहरूको बयान सम्पन्न भएको र केहीको बयान लिन बाँकी नै रहेको भन्ने लिखित जवाफबाट खुल्न आएको छ। सो अनुसन्धानको कारबाहीबारे लिखित जवाफमा उल्लिखित बेहोराहरूलाई निवेदकहरूले अन्यथा भन्न सकेको देखिएन। यसरी अदालतको

अनुमति लिई हिरासतमा राखिएको र अनुसन्धान हुँदै गरेको अवस्था मिसिल संलग्न प्रमाणहरूबाट देखिन्छ। अनुसन्धानको दायरामा धेरै व्यक्तिहरू रहेको र कानूनले तोकेको म्यादभित्र प्राप्त प्रमाणहरूको विश्लेषण गरी कसको विरूद्ध मुद्दा चलाउन पर्याप्त प्रमाण संकलित छ र कसको विरूद्ध प्रमाण छैन भन्ने निष्कर्षमा पुगी मुद्दा चलाउने वा नचलाउने भन्नेबारे अभियोजन पक्ष निष्पक्ष एंव वस्तुनिष्ठ प्रमाणका आधारमा निर्णय गर्नुपर्ने।

अनुसन्धानका लागि प्रहरी हिरासतमा रहेका यी निवेदकहरू के कुन कसुरमा के कस्तो आपराधिक दायित्व वहन गर्नुपर्ने हो वा निर्दोष साबित हुन जान्छन् भन्ने विषयमा हाल जारी रहेको अनुसन्धान, निवेदकहरूको बयान तथा ठगी तथा सङ्गठित अपराध मुद्दामा जाहेरवालाहरूले पेस गरेको प्रमाण कागजातको सूक्ष्म, स्वतन्त्र, वैज्ञानिक अनुसन्धानबाट मात्र निर्क्यौलमा पुग्न सकिने विषय हो। निवेदकले माग गरेबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनका लागि बन्दीहरूलाई गैरकानूनी थुनामा राखिएको, प्रवृत्त धारणा बनाई वा बदनियत वा कपटपूर्ण तवरले थुनामा राखिएको अवस्था देखिनुपर्ने हुन्छ। अख्तियारवाला बाहेक अरूबाट भएको काम कारबाही वा आदेशले अनधिकृत तवरबाट स्वच्छ सुनुवाइको अवसरबेगर स्पष्ट कानूनी प्रक्रियाको त्रुटि तथा अधिकार क्षेत्रात्मक त्रुटिसमेत रहेको थुनालाई मात्र गैरकानूनी थुना मानी त्यस्तो अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था हुन्छ। प्रस्तुत रिट निवेदनमा विपक्षीहरूको लिखित जवाफ तथा अनुसन्धानको सिलसिलामा रहेको ठगी तथा संगठित मुद्दाउपरको मिसिलबाट यी र यस्ता कुनै अवस्था स्पष्ट देखिएको छैन। **"बन्दीप्रत्यक्षीकरणको उपचार प्रदान गर्दा, पर्याप्त सावधानी, सुझबुझ, संयम र बुद्धिमत्ताको प्रयोग अपेक्षित रहने गर्दछ। प्रमाण मूल्याङ्कनसम्बन्धी विषय वा तजबिजी अधिकारको प्रयोग गर्दा विविध मानवीय दृष्टिकोणमा रहने स्वाभाविक विविधताको कारणबाट देखा पर्ने अन्तरभिन्नता जस्ता कुरालाई हेरेर मातहतका अदालतले साधारण अधिकार क्षेत्रअन्तर्गत मुद्दाको नियमित प्रक्रियाका सन्दर्भमा गरेका निर्णय वा आदेशानुसार थुना वा कैदमा परेको विषयलाई लिएर बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु स्वीकृत न्यायिक मान्यता वा परिपाटीअनुकूल हुँदैन। बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने अधिकारको खुकुलो वा हलुको प्रयोगले न्याय पद्धतिमा खलबली वा गडबडी नमच्चियोस् भन्ने पक्षमा वाञ्छित विवेक पुग्नु आवश्यक हुने"** भनी ने.का.प. २०७५, अङ्क १०, नि.नं. १०१०८ मा व्याख्या भइरहेको अवस्थामा प्रस्तुत निवेदनमा उल्लिखित निवेदकहरूका हकमा समेत प्रमाणको मूल्याङ्कन हुनुपर्ने विषयमा र अदालतको आदेशबाट अनुसन्धानको लागि म्याद थप भएको अवस्थामा अनुसन्धानका नियमित प्रक्रियालाई प्रभावित हुने गरी बन्दीप्रत्यक्षीकरणको माध्यमबाट तत्काल यस अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गरी हस्तक्षेप गरिहाल्नु वाञ्छनीय देखिँदैन। निश्चित कसुरको सूचनाका आधारमा भएको पक्राउ र साधिकार निकायबाट कानूनबमोजिम म्याद थपको अनुमति लिई अनुसन्धानका लागि प्रहरी हिरासतमा राखिएको विषयलाई गैरकानूनी थुना भनी बन्दीप्रत्यक्षीकरणको रिट जारी गरी निवेदकहरूलाई थुनामुक्त गरिपाउँ भन्ने रिट निवेदन तथा निवेदकका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन सकिएन। प्रस्तुत निवेदन खारेज हुने।

बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज भए पनि के कुन आरोपित निवेदकका विरूद्ध के, कस्ता प्रमाण संकलन भएका छन् र निवेदकहरूलाई अब थुनामै राख्नुपर्ने गरी भएको अनुसन्धान सन्तोषजनक छ, छैन ? हिरासतमा राख्न म्याद थप गर्नुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) बमोजिम विचार गरी सम्बन्धित कानून व्यवसायीको बहससमेत सुनी

आवश्यक कारबाही गर्नु भनी विपक्षीहरूलाई जानकारी गराउनू।

इजलास अधिकृत: पाराश्वर कडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल जेठ १६ रोज ५ शुभम्।

- यसै प्रकृतिको ०७५-WH-०१९२, बन्दीप्रत्यक्षीकरण, मोहम्मद सैफ वि. काठमाडौं जिल्ला अदालतसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

## इजलास नं.१२

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-CI-०३१८, कित्ताकाट बदर, निर्णय दर्ता बदर, फैसला बन्डा बदरसमेत, कारी यादव वि. राजो देवी कथवनिया*

यी पुनरावेदक कारी यादवका जग्गा दाता रंजनादेवी दासका ससुरा कारी दासले सा.दे.नं.२३६० को अंश मुद्दामा अंशबन्डा हुने गरी मिति २०३७।६।१ मा मिलापत्र हुँदा दर्पी दासका नाममा दर्ता कायम रहेको जिल्ला सप्तरी गा.वि.स. जमुनी मधेपूरा वडा नं. १ क को कि.नं ३२४ को ०-९-४$^1/_2$ जग्गाको पश्चिमबाट ०-२-२ जग्गा अंशबापत प्राप्त गरेको भन्ने कुरामा कुनै विवाद देखिँदैन। बन्डापत्रअनुसार मालपोत कार्यालय सप्तरीले मिति २०३७।९।२६ मा दा.खा को निर्णय गराउँदा दर्पी दासका नाममा कि. नं. ४९२ को ०-२-१४ जग्गा कायम भएको र कारी दासको नाममा कि.नं ४९३ को ०-१-१४$^1/_2$ र कि. नं. ४९४ को ०-२-२ जग्गा कायम भएको तथ्यमा पनि विवाद देखिँदैन। कारी दासका पत्नी तथा छोराहरूबिच चलेको सा.दे.नं. २१५० को अंश दर्ता मुद्दामा मिति २०५६।६।१४ मा मिलापत्र भएको र मिलापत्रअनुसार मूल कित्ता ३२४ कित्ताकाट भई कायम भएको कि.नं. ४९४ को ०-२-२ जग्गाको दा.खा. गराउँदा पृथ्वी चन्द्र दासका नाममा कि.नं.११०९ क्षेत्रफल ०-१-११ र सुवेचन्द्र दासको नाममा कि.नं.१११० क्षेत्रफल ०-१-११ जग्गा अंश भागमा परेको मिसिलबाट देखिन आउँछ। मिसिल संलग्न रहेको नापी शाखा, सप्तरीबाट च.नं.३४० मिति २०६३।११।१ मा मालपोत कार्यालय, सप्तरीलाई नक्सा सुधार सम्बन्धमा गरिएको पत्राचारमा साबिक कि.नं.३२४ कित्ताकाट भई कायम भएका कि.नं हरूको ट्रायल चेक गर्दा घटीबढी गरी कित्ताकाट भएको भनी उल्लेख हुनुका साथै मालपोत कार्यालय, सप्तरीको मिति २०४७।९।९ को आदेशबाट ट्रायल चेक भई कि.नं. ४९४ को क्षेत्रफल ०-२-२ लाई ०-३-२ अर्थात् ०-१-० बढी कायम गरी स्रेस्ता सुधार भएको स्रेस्ताबाट देखिन्छ भनी उल्लेख गरेको पाइन्छ। सोही पत्रमा कि.नं. ४९४ मा ०-१-० सुधार भएको बढी जग्गामा सबै जग्गा अन्यत्र गइसकेको हाल ०-०-९ मात्र बाँकी रहेको भन्ने बेहोरा उल्लेख भएबाट वादी दाबीको कि.नं.४९२ को जग्गामा बन्डापत्रअनुसारको क्षेत्रफल कम रहेको भन्ने कुरा पुष्टि हुन आउने।

प्रस्तुत मुद्दामा नापी कार्यालयले विवादित जग्गाको कित्ताकाट गर्दा जग्गा धनीबाट पेस भएको विवरणअनुसार नै कित्ताकाट गर्नुपर्नेमा पेस भएको विवरणमा फरक पारी कुनै कित्तामा बढी र कुनै कित्तामा घटी हुने गरी कित्ताकाट गरेको अवस्था छ। वादीको सहमति लिएर कित्ताकाटका लागि पठाइएको विवरण भन्दा फरक पर्ने गरी कित्ताकाट गर्ने निर्णय गरिएको रहेछ कि त भनी त्यसतर्फ हेर्दा पनि सो निर्णयमा वादीको सहमति रहेको कुरा मिसिलबाट कतै पनि देखिँदैन। यसैगरी यी पुनरावेदक र अन्य प्रतिवादीहरूले मिति २०३७।६।१ को मिलापत्रअनुसार अंशबन्डा गर्ने क्रममा नापी कार्यालयबाट कित्ताकाट गर्दा वादी दर्पी दासको अंश भागमा परेको कि.नं.४९२ क्षेत्रफल ०-२-१४ को जग्गामा ०-०-१८ घटाई कि.नं.४९४ मा बढी कायम गरेको भन्ने वादीको दाबीलाई वस्तुनिष्ठ प्रमाणहरू पेस गरी खण्डन गरेको अवस्था नहुँदा वादीको अंश भागमा परेको कि.नं.४९२ को जग्गाबाट ०-०-१८ घटाई कि.नं.४९४ मा रहेको ०-२-२ जग्गाको क्षेत्रफललाई ०-३-२ कायम गराई कि.नं ४९४ को कित्ताकाट गरी

कि.नं ११०९ मा ०-१-१० तथा कि.नं १११० मा ०-१-११ कायम गरी दा.खा. गरेको मालपोत कार्यालय, सप्तरीको टिप्पणी आदेशले कानूनी मान्यता पाउने अवस्था रहेको देखिएन। वादीको अंश भागमा परेको कि.नं.४९२ को जग्गाको क्षेत्रफल घटाई कि.नं.४९४ मा बढाएको तथ्य पुष्टि हुन आएको अवस्थामा यी पुनरावेदकका जग्गा दाता रंजनादेवी दासले सा.दे. नं.४१४१ को अंशदर्ता मुद्दाको फैसलाबाट कि.नं. ४९४ कित्ताकाट भई कायम भएको सुवेचन्द्र दासको नामको कि.नं.१११० जग्गा पुनः कित्ताकाट भई रंजनादेवी दासले अंशबापत कि.नं. ११५४ को जग्गा पाए तापनि वादी कारी दासको हकजतिको जग्गामा निज रंजनादेवी दासको हक पुग्ने देखिन आएन। यसरी यी पुनरावेदक कारी यादवले रंजनादेवी दासबाट मिति २०६३।७।१७ मा र.नं.१६३६ख बाट राजीनामा पारित गरी लिएको लिखत वादी दर्पी दासको हकजति कायम रहन सक्ने देखिएन । साथै यही विवादित जग्गाका सम्बन्धमा पुनरावेदन अदालत राजविराजबाट फैसला भई प्रमाणमा संलग्न रहेको ०६९-DP-६६० को कित्ताकाट बदर, निर्णय दर्ता बदर, फैसला बन्डा बदरसमेतका मुद्दामा वादीको कि.नं.४९१ को ०-१-१४ बाट घटाई ०-१-९ कायम गराएको हदसम्मको दा.खा.निर्णय बदर भई उक्त ०-०-५ जग्गामा वादीको हक कायम हुने र सोही अनुरूप कित्ताकाट संशोधनसमेत हुने ठहऱ्याएको सुरू सप्तरी जिल्ला अदालतको फैसलालाई सदर हुने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।११।१२ मा भएको फैसला अन्तिम भई बसेबाट प्रस्तुत मुद्दामा समेत वादी दाबीअनुसार कित्ताकाट संशोधन भई यी पुनरावेदकले रंजनादेवी दासबाट मिति २०६३।७।१७ मा र.नं.१६३६ख बाट राजीनामा पारित गरी लिएको लिखत वादीको हकजति कायम रहन सक्ने अवस्था नदेखिएबाट प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः सुरू अदालतको फैसला उल्टी गरी वादी दाबीअनुसारको जग्गाको क्षेत्रफल कायम हुने गरी नक्सा कित्ताकाट संशोधन हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।११।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटरः सुप्रभा अर्याल

इति संवत् २०७६ साल पौष २३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-CI-१६६३, ०७३-CI-१६६५, निषेधाज्ञा, रोहितराज पोखरेल वि. अमलावती श्रेष्ठ थापा, विष्णुबहादुर खड्का वि. अमलावती श्रेष्ठ थापा*

निवेदक र विपक्षी दुवै पक्षले प्रयोग गर्न पाउने गरी २०४६ सालमा घरायसी कागज गरी निवेदकको नाममा दर्ता कायम रहेको कि.नं. ८० र ८१ को जग्गाको पश्चिमतर्फ ३ फिटको बाटो छोडिएको र फिल्डमा समेत सो सम्झौताअनुसारको बाटो कायम रहेको तथ्यमा विवाद देखिँदैन। सोही समयदेखि प्रयोग भइरहेको बाटो प्रयोग गर्नमा आफूहरूलाई निवेदकले रोक लगाएको भन्ने विपक्षीहरूको जिकिर रहेको पनि देखिँदैन । विपक्षीहरूले सम्झौता भएको समयदेखि नै आफूहरूले ८ फिटभन्दा बढीको बाटो निरन्तर भोगचलन गरी आएको भन्ने जिकिर लिए तापनि उक्त २०४६ सालको सम्झौतामा निवेदकको कि.नं. ८० र ८१ को जग्गाको पश्चिमतर्फ आवतजावत गर्नका लागि ३ फिटको मात्र बाटो कायम गरेको देखिन आउँछ। विपक्षीहरूले लिखित जवाफमा फिल्डमा ८ फिटको बाटो भएको भन्ने जिकिर लिएतर्फ मिसिल संलग्न नापी कार्यालयबाट प्राप्त ट्रेस नक्सामा कि.नं. ८० र ८१ को जग्गाको पश्चिमतर्फ बाटो नै रहेको देखिँदैन । विवादित बाटोको सम्बन्धमा अदालतबाट भएको नक्सा मुचुल्काको न.नं. ८ मा वादीको कि.नं. ८० र ८१ ले छोडेको ३ फिटको बाटो देखिनुका साथै सो बाटोको निकास यी विपक्षीहरूको जग्गामा गएर अन्त्य भएको देखिन्छ। प्रस्तुत निवेदनमा दुवै पक्षले सम्झौताअनुसारको ३ फिटको बाटोलाई अस्वीकार गरेको अवस्था नदेखिने।

संविधानलगायत कानूनले नागरिकलाई प्रदान गरेको हकको प्रत्याभूति दिने दायित्व राज्यमा निहित रहेको हुन्छ । तर कानूनी आधारबिना कसैले आफ्नो अभीष्ट स्वार्थ पूरा गराउने उद्देश्यले अर्धन्यायिक निकायमा निवेदन दिएकै आधारमा सो निकायबाट व्यक्तिको निजी सम्पत्तिलाई सार्वजनिक कायम गराउनु भनेको व्यक्तिलाई सम्पत्तिसम्बन्धी अधिकारबाट वञ्चित गराउनुसरह हो। यसरी फिल्डमा बाटो देखिए तापनि स्रेस्तामा बाटो नजनिएको, बाटोको रूपमा प्रयोग भएको जग्गासमेत निवेदककै नाममा दर्ता रहेको अवस्थामा सुविधाका लागि घरायसी सम्झौता गरी कायम भएको ३ फिटको बाटोमा सार्वजनिक मापदण्ड लागु गरिदिन कानूनत: मिल्नेसमेत देखिँदैन। निवेदकलाई निर्वाध रूपमा आफ्नो सम्पत्ति उपभोग गर्नमा अवरोध खडा गर्ने गरी विपक्षीहरूले गर्न लागेको कार्यबाट निवेदकको संवैधानिक एवं कानून प्रदत्त अधिकारमा प्रत्यक्ष असर पर्ने सम्भावना रहेको देखिन आउने।

अतः विवेचित आधार, प्रमाणबाट निवेदक र विपक्षीहरूले सुविधाका लागि २०४६ सालमा घरायसी कागज गरी निवेदकको नाममा दर्ता कायम रहेको कि.नं. ८० र ८१ को जग्गाको पश्चिमतर्फ ३ फिटको बाटो कायम गरी दुवै पक्षले प्रयोग गरी आएको र फिल्डमा बाटो देखिए तापनि स्रेस्तामा बाटो नजनिएको, बाटोको रूपमा प्रयोग भएको जग्गासमेत निवेदककै नाममा दर्ता रहेको र सो बाटोको निकास यिनै पक्षहरूको जग्गाका लागि मात्र कायम भएको देखिन आएबाट सुरू भक्तपुर जिल्ला अदालतको मिति २०७२।४।२६ को आदेश उल्टी गरी २०४६ सालको सम्झौताअनुसार ३ फिटसम्म बाटो कायम हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७३।४।१९ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७६ साल पुष २३ गते रोज ४ शुभम्।

## इजलास नं.१३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी**, *०७३-CR-०३४८*, *डाँका, जयराम तिमिल्सिना वि. नेपाल सरकार*

अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा प्रस्तुत मुद्दाका सहप्रतिवादीहरू रमेश लामा र केशव तिमिल्सिनासमेतले आफ्नो घर कोठाबाट जाहेरवालाको सुनको गहनासमेत बरामद भएको कुरालाई स्वीकार गरी बयान गरेको पाइन्छ। मिति २०६०।१।२३ मा भएको खानतलासी मुचुल्कामा पुन्यलाल बज्राचार्यको पाँचतले पक्की घरको चौथो तलाको कोठामा रमेश लामा र ओम खत्रीसँगै बस्ने गरेको र केशव तिमिल्सिना र जयराम तिमिल्सिना सोही घरको भुइँ तलाको कोठामा सँगै बस्ने गरेको र जयराम तिमिल्सिनासमेत यस वारदातमा संलग्न भई हाल फरार रहेको भनी केशव तिमिल्सिनाबाट खुल्न आएको हुनाले दुवै कोठाहरू खानतलासी गर्दा रमेश लामाको कोठाबाट बरामद भएका सामान र केशव तिमिल्सिनाको कोठाबाट बरामद भएका सामानहरूको फेहरिस्त उल्लेख भएको पाइन्छ । केशव तिमिल्सिनाको कोठाबाट चोरीका सामानहरूलगायत यी प्रतिवादी जयराम तिमिल्सिनाको नागरिकताको प्रमाण पत्र र राहदानी बरामद भएको पाइने।

प्रतिवादी जयराम तिमिल्सिनासमेतका १२ जना प्रतिवादीहरूउपर जाहेरवालाले किटानी जाहेरी दिएको पाइन्छ। जाहेरीपश्चात् मुद्दा अनुसन्धान भई १२ जना प्रतिवादीहरूउपर डाँका चोरी मुद्दा दायर भई प्रतिवादीहरू जयराम तिमिल्सिना र ओम खत्री फरार रहेको हुनाले मुलतवीमा रही अन्य १० जना प्रतिवादीहरूलाई डाँका गरेको ठहऱ्याई मिति २०६५।३।१२ मा पुनरावेदन अदालत पाटनबाट फैसला भई अन्तिम भएर रहेको देखिन्छ । प्रतिवादी

जयराम तिमिल्सिना फरार रहेको हुनाले प्रहरीले अदालतमा उपस्थित गराएपश्चात् मुलतवीबाट जागी प्रस्तुत मुद्दाको कारबाही अगाडि बढेको पाइन्छ । यी प्रतिवादी अनुसन्धानको क्रममा फरार रहेको हुनाले आफ्नो भनाइ राख्न सकेको पाइँदैन भने प्रस्तुत मुद्दामा डाँका गरेको ठहर भएका अन्य सबै प्रतिवादीहरूले अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा यी प्रतिवादी जयराम तिमिल्सिना पनि डाँका गर्न सँगै गएको भनी पोल उजुर गरेको पाइन्छ । यी प्रतिवादी डाँका गर्न सहप्रतिवादीहरू सँग सँगै नगएको भए सबै प्रतिवादीहरूले समान रूपमा पोल उजुर गर्नुपर्ने अवस्था पनि देखिँदैन । प्रतिवादी जयराम तिमिल्सिनासमेतका १२ जना प्रतिवादीहरूसमेतले डाँका गरेका हुन् भनी किटानी रूपमा जाहेरवालाले जाहेरी दिएका र अदालतमा आई बकपत्र गर्दा पनि जाहेरीमा उल्लिखित कथनलाई समर्थन गर्ने गरी बकपत्र गर्ने गरेको पाइन्छ । निज प्रतिवादी जयराम तिमिल्सिना अदालतमा आई बयान गर्दा पूर्ण रूपमा कसुरमा इन्कार भई बयान गरेको भए तापनि उनको इन्कारी बयानलाई अन्य वस्तुनिष्ठ प्रमाणले पुष्टि गर्न नसकेको हुँदा प्रस्तुत मुद्दामा डाँका चोरी ठहर भएका अन्य प्रतिवादीहरूको पोल उजुर, बरामदी एवं खानतलासी मुचुल्कामा उल्लेख भएको बेहोरालाई अन्यथा भन्न सकिने देखिन नआउने ।

जाहेरवालाले जाहेरी दरखास्तमा उल्लेख गरेका सम्पूर्ण सामानहरू प्रतिवादीहरूबाट बरामद भएको पाइँदैन । प्रतिवादीहरूका घरकोठाबाट बरामद भएका चोरीका सामानहरूमध्ये जाहेरवालाले सनाखत गरेका सामानहरूको मूल्य बराबरको बिगो कायम गरिएको पाइन्छ । प्रतिवादीहरूको कोठाबाट बरामद नभएका सामानहरूको बिगो कायम गर्ने सम्बन्धमा जाहेरवालाकै घरबाट ती सामानहरू चोरी भएका हुन् भनी वादी पक्षले वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको पाइँदैन । पुनरावेदन अदालतबाट मिति २०६५।०३।१२ मा अन्य प्रतिवादीहरूका हकमा फैसला हुँदा प्रतिवादीबाट बरामद भएका र जाहेरवालाले सनाखत गरेका सामानहरूको मात्र मोल बिगो कायम गरी डाँका चोरी मुद्दामा ठहर भएका अन्य प्रतिवादीहरूलाई सजाय भएको र उक्त फैसलालाई वादी नेपाल सरकारले पनि चित्त बुझाई बसेको देखिँदा बरामदी सामानहरूको मात्र बिगो कायम गरी सजाय गरेको हकमा अन्यथा भन्नुपर्ने देखिन नआउने ।

मुलुकी ऐन चोरीको महलको १४ (४) नं. बमोजिम डाँका गर्नेलाई बिगोको डेढी बढाई जरिवाना गरी पहिलो पटकलाई ६ वर्ष, दोस्रो पटकलाई ९ वर्ष र तेस्रो पटकदेखि जतिसुकै पटक भए पनि १२ वर्ष कैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रस्तुत कानूनी व्यवस्था हेर्दा तेस्रो पटकदेखि माथि जतिसुकै पटक डाँका गरेको अवस्था भएपनि १२ वर्षभन्दा माथि कैद सजाय गर्न मिल्ने देखिन नआउने ।

प्रतिवादी जयराम तिमिल्सिना अदालतमा आई बयान गर्दा कसुरमा पूर्ण इन्कार भई बयान गरेको भए तापनि जाहेरवालाले यी प्रतिवादीसमेतलाई किटानी जाहेरी दिई सोहीअनुरूप अदालतमा आई बकपत्र गरेको, प्रस्तुत मुद्दामा ठहर भएका अन्य प्रतिवादीहरूले यी प्रतिवादी पनि उक्त वारदातमा संलग्न भएको भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको, केशव तिमिल्सिना र यी प्रतिवादी सँगै एउटै कोठामा बस्ने गरेको र उक्त कोठाबाट चोरीका सामान समेत यी प्रतिवादी जयराम तिमिल्सिनाको राहदानी र नागरिकता बरामद भएको तथा यिनैसरहका अन्य प्रतिवादीहरूलाई डाँका गरेको ठहर भई मिति २०६५।३।१२ मा पुनरावेदन अदालत पाटनबाट फैसला भई अन्तिम भएर रहेकोसमेत आधारबाट यी प्रतिवादी जयराम तिमिल्सिनासमेत भई जाहेरवालाको घरमा डाँका गरेको प्रस्ट देखिन आएको हुनाले यी प्रतिवादीको पुनरावेदन जिकिर, निजको कानून व्यवसायीले गर्नुभएको बहस जिकिर र यस अदालतमा मिति २०७३।९।४ मा भएको मुद्दा दोहोऱ्याई हेर्ने गरी निस्सा प्रदान भएको आदेशसँग सहमत हुन नसकिने । अत: उल्लिखित आधार प्रमाण एवं कानूनी व्यवस्थाहरूबाट यी पुनरावेदक प्रतिवादी जयराम

तिमिल्सिनालाई तेस्रो पटक कायम गरी मुलुकी ऐनको चोरीको महलको १४ (४) नं. बमोजिम बरामद भएको बिगो रू. २४,९६०।- को डेढी ३७,४४०।- जरिवाना र १२ वर्ष कैद सजाय हुने ठहरी मिति २०७२।०३।१७ मा सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी मिति २०७३।२।३ मा पुनरावेदन अदालत पाटन (मुद्दा नं.०७२-CS-०३०९ बाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सूर्यप्रसाद भण्डारी**,** शाखा अधिकृत**:** मतिना शाक्य

कम्प्युटर **:** चन्द्रावती तिमल्सेना

इति संवत् २०७६ साल भाद्र २३ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७३-CR-०७८७, डाँका, जयराम तिमिल्सिना वि. नेपाल सरकार
- ०७३-CR-०७८८, डाँका, जयराम तिमिल्सिना वि. नेपाल सरकार
- ०७३-CR-०७८९, डाँका, जयराम तिमिल्सिना वि. नेपाल सरकार
- ०७३-CR-०७९०, डाँका, जयराम तिमिल्सिना वि. नेपाल सरकार
- ०७३-CR-०७९१, डाँका, जयराम तिमिल्सिना वि. नेपाल सरकार
- ०७३-CR-०७९२, डाँका, जयराम तिमिल्सिना वि. नेपाल सरकार
- ०७३-CR-०७९३, डाँका, जयराम तिमिल्सिना वि. नेपाल सरकार
- ०७३-CR-०७९४, डाँका, जयराम तिमिल्सिना वि. नेपाल सरकार
- ०७३-CR-०७९५, डाँका, जयराम तिमिल्सिना वि. नेपाल सरकार
- ०७३-CR-०७९६, डाँका, जयराम तिमिल्सिना वि. नेपाल सरकार
- ०७३-CR-०७९७, डाँका, जयराम तिमिल्सिना वि. नेपाल सरकार
- ०७३-CR-०७९८, डाँका, जयराम तिमिल्सिना वि. नेपाल सरकार
- ०७३-CR-०७९९, डाँका, जयराम तिमिल्सिना वि. नेपाल सरकार
- ०७३-CR-०८००, डाँका, जयराम तिमिल्सिना वि. नेपाल सरकार
- ०७३-CR-०८०१, डाँका, जयराम तिमिल्सिना वि. नेपाल सरकार
- ०७३-CR-०८०२, डाँका, जयराम तिमिल्सिना वि. नेपाल सरकार

## इजलास नं.१४

**१**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-०३८५, ०७२-CI-०३८७, अपुताली हक कायम, श्यामलाल चाई वि. पतियादेवी चाई, बेलासी चाईसमेत वि. पतियादेवी चाई*

अंश र अपुतालीबिच कानूनी रूपमा नै भिन्नता रहेको छ। अंश कानून बमोजिमका अंशियारले मात्र पाउने हुन्छ भने अपुताली अंशियारबाहेक मर्नेका पुरूषतर्फका हाँगाका नजिकका हकवाला र सन्तानले पनि पाउने हुन्छ। ती नजिकका हकवाला अंशियारबाहेकका पुरूषतर्फका हाँगाका नातागोताका व्यक्ति पनि पर्ने हुन्छन्। मर्नेको पुरूषतर्फका हाँगाका नजिकका हकवाला र सन्तान हुने हुन्छन्। त्यसरी पुरूषतर्फका हाँगाका नजिकका हकवाला वा सन्तानमा प्रथमत: सँगै बसेका त्यसपछि भिन्न भएका वा विवाहित भएमा हेरचाह गर्नेको व्यक्ति हुनुपर्ने भनी प्राथमिकता क्रममा तोकेको छ। हेरचाह गर्नेको तथ्य निर्विवाद रूपमा वस्तुगत प्रमाणहरूबाट नै पुष्टि हुन आवश्यक छ। मर्नेलाई हेरचाह गर्ने व्यक्ति मर्नेको पुरूषतर्फको हाँगाका हकवाला वा सन्तानमा आफ्नै बाबुबाट वा आफैँबाट जन्मेका हकवाला र सन्तान नजिकका हुन्छन्। मर्ने नि:सन्तान भएमा उसका दाजुभाइ वा दिदीबहिनी नजिकका हकवाला हुने हुन्छन्। मर्नेको दाजुभाइ

नभई दिदीबहिनी रहेछन् र उनीहरू विवाहित छन् भने उनीहरूले मर्नेलाई हेरचाह नै गरेका छैनन् भनी सतही आधारमा अपुतालीको हकबाट उनीहरूलाई उपेक्षा गर्नु हुँदैन। मर्नेको एकै बाबुबाट जन्मेका दिदीबहिनी रहेछन् र उनीहरू विवाहित भए पनि हेरचाह गरेका रहेछन् भने मर्नेको अपुताली पाउने प्राथमिकतामा उनीहरू नै पर्ने गर्छन्। यसप्रकार अपुतालीमा मर्नेको पुरूषतर्फको हाँगाको हकवाला र सन्तान भएको हेरचाह गर्नेले नै प्राथमिकता पाउने।

मृतक देउतादिनको मृत्यु हुँदासम्मको अवस्था हेर्दा, मृतक देउतादिन आफ्नो पिता मथुरा चाईको एक्ला छोरा र बहिनी वादी पतियादेवी चाई रहेकी र निज पतियादेवी विवाहित रहेकी छिन्। मृतक देउतादिन आफ्नो बाबुका एक्ला छोरा रहेकाले निज अरू अंशियारहरूसँग अलग भएर बस्नुपर्ने अवस्था रहेको देखिँदैन। मृतक आफ्नो अंश भागको सम्पत्तिमा आफ्ना बुबाका समकक्षी अंशियारबाट साबिकदेखि नै एक्लै बसिरहेको स्थिति रहेको छ। प्रतिवादीहरू मृतकका काकाका छोरा रहेका र उनीहरू साबिकदेखि नै अलग-अलग भई बसेको अवस्था देखिन्छ। मृतक देउतादिन साबिकबाटै अलग रही आफ्नै घरमा बसेको अवस्था रहेको छ। मृतक र आफूहरूको घर जोडिएको हुनाले निज देउतादिनलाई हामीले आफ्नो घरमा लगी पालनपोषण गरी मरेपछि काजकिरियासमेत आफूहरूले नै गरेको भन्ने प्रतिवादीको भनाइ जिकिर रहेको छ। साक्षी प्रमाण हेर्दा, मृतकको स्याहार सुसार र मृत्युपछि काजकिरियासमेत आफूले गरेको भन्ने दाबीलाई वादीका साक्षी मेडै खैराहाले सुरू जिल्ला अदालतमा बकपत्र गर्दा वादीको दाबीबमोजिम देउतादिन चाई दाजु नाता पर्ने भएकाले निजको भरणपोषण, रेखदेख, स्याहार सम्भार, देखभाल, औषधी उपचार र मृत्युपछिको काजकिरियासमेत यी वादी पतियादेवी चाईले नै गरेकी हुन् (स.ज.५), निजका काकाका छोरा विपक्षी दाजुभाइले गरेका होइनन्, वादीले नै गरेकी हुन् (स.ज.१३) भनी बकपत्र गरिदिएको देखिन्छ। प्रतिवादीहरू मृतक देउतादिनका ठुलोबुबाको छोरा रहेको र निजको नजिकको हकवाला हामीहरू नै भएकोले अपुतालीको १ र २ नं. को आधारमा मात्र अपुताली पाउँ भनी पुनरावेदक प्रतिवादीहरूसमेतले गरेको दाबी मनासिब देखिँदैन। मृतकको सहोदर बहिनी रहेको अवस्थामा छुट्टी भिन्न भइसकेका मृतकका काकाका छोरा प्रतिवादीहरूले लालनपालनका साथै निजको मृत्युपछि पनि काजकिरियासमेत गरेको भन्ने भनाइ विश्वसनीय मान्न मिल्ने नदेखिने।

माथि उल्लिखित अपुतालीको महलको ७ नं.को कानूनी व्यवस्था हेर्दा, मर्नेको अपुताली पुरूषतर्फको हाँगातर्फका सन्तानले पाउने भन्ने उल्लेख छ। अपुतालीको ७ नं. बमोजिम अपुताली पाउन मर्नेलाई स्याहार सम्भार, पालनपोषण र मरेपछि काजकिरिया गरेको हुनुपर्ने भन्ने कानूनी व्यवस्था रहेको छ। पुरूषतर्फको हाँगाबाट मृतकका दिदीबहिनी यी वादीले पनि दाजुको अपुतालीमा प्राथमिकता पाउने गरी कानूनले व्यवस्था गरेको छ। अपुताली पाउनमा पाल्ने, स्याहार सम्भार गर्नेलाई पनि कानूनले प्राथमिकतामा नै राखेको छ। मर्ने देउतादिन आफ्नो बाबुको एक्लो छोरा र पतियादेवी एक्ली छोरी रहेकी छिन्। पतियादेवी विवाहिता भएपनि निजले आफ्नो एक्लो दाजुलाई बाँचुञ्जेल स्याहार सम्भार, पालनपोषण नै गरेकी छैनन् भन्न मिल्दैन। मिसिल संलग्न कागजात र सर्जमिनबाट अपुताली पर्ने दाजु देउतादिनलाई बाँचुञ्जेल बहिनी पतियादेवीले नै स्याहार सम्भार र पालनपोषण गरेको भन्ने रहेको छ। अपुताली पर्ने देउतादिनको वादी एक मात्र बहिनी रहेकी र निज विवाहित भए पनि मर्ने देउतादिनलाई बाँचुञ्चेल पालनपोषण, रेखदेख, एवं स्याहार सम्भार गरेको नै देखिँदा र अपुतालीको महलको ७ नं. मा पनि मर्नेको एकै बाबुबाट जन्मेको दाजुभाई वा दिदीबहिनीले अपुताली पाउने कानूनी व्यवस्था रहेकोले मर्नेको एक मात्र जीवित बहिनीले मर्ने दाजु देउतादिनको अपुताली पाउने भनी पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने।

तसर्थ: माथि विवेचित आधार कारणबाट

मृतकको नाउँमा रहेको विवादित कि.नं.२२६ र २३७ को जग्गा निज मृतक दाजुलाई लालनपालन, स्याहार र मृत्युपछि काजकिरियासमेत गरेको आधारमा अपुतालीको ७ नं. र ११ नं. बमोजिम प्रत्यर्थी वादीको एकलौटी हक कायम हुने भएकोले सुरू जिल्ला अदालतले वादी दाबीबमोजिम वादीको अपुताली हक कायम गर्नुपर्नेमा दाबी नपुग्ने ठहर्‍याएको फैसलालाई उल्टी गरी प्रत्यर्थी वादीको फिराद दाबीबमोजिम अपुताली हक कायम हुने ठहर्‍याई पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७१।१२।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सीता अधिकारी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल भदौ १ गते रोज १ शुभम्।

- यसै लगाउको ०७२-CI-०३९६, अपुताली हक कायम, श्यामलाल चाई वि. पतियादेवी चाईसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-१२५१, हक कायम दर्ता, रामेश्वरप्रसाद चौधरी वि. रामलखन यादव*

यसरी प्रत्यर्थी वादी रामलखन यादवको निवेदनबमोजिम निग्लिहवा गा.वि.स. ले मिति २०५२।५।२० मा जग्गा दर्ताको लागि गरिदिएको सिफारिस, मालपोत कार्यालय कपिलवस्तुबाट जारी हकदाबीसम्बन्धी सार्वजनिक सूचना मिति २०५७।७।२७ मा टाँस भई उक्त म्यादमा विपक्षी प्रतिवादी रामेश्वरप्रसाद चौधरीको दाबी विरोध नपरेको तथा मिति २०६७।६।२६ को मालपोत कार्यालयबाट भएको सर्जमिन र मालपोत कार्यालयमा गई पुनरावेदक प्रतिवादी रामेश्वरप्रसाद चौधरीले रामलखनको जग्गा हो, निजको नाममा दर्ता गरी दिएमा फरक पर्दैन भनी दिएको निवेदन र सोको सनाखतसमेतको आधारमा विपक्षी वादीको हक कायम भई निजको नाममा दर्ता हुने भनी पुनरावेदन अदालतबाट फैसला भएको देखियो । यसरी पुनरावेदक प्रतिवादीले एक पटक कुनै कुरा यस्तो हो भनी साधिकार निकायमा गई सो काम गरेपछि उक्त कुरा होइन वा थिएन भनी भन्न विबन्धनको सिद्धान्तले समेत निजलाई दिँदैन। तसर्थ विपक्षी वादीको हक कायम भई निजको नाममा दर्ता हुने भनी भएको पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै देखिने।

अतः उपर्युक्त विवेचित आधार र कारणबाट कि.नं.१०३५ र १०३६ को जग्गाको हक कायम दर्ता गराई पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबीबमोजिम वादीको हक कायम भई निजको नाममा दर्ता हुने भनी गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७२।३।२३ गते भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल मङ्सिर १ रोज १ शुभम्।

३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-१६२४, जग्गा खिचोला चलन, समजो मियाँसमेत वि. गीतादेवी दास*

मिसिल अध्ययत गर्दा सप्तरी जिल्ला मलेठ गा.वि.स. वडा नं. ५ कि.नं ४५२ को ०-२-१११/२ जग्गाको स्रेस्ता वादी गितादेवी दासको नाउँमा रहेको मालपोत कार्यालय सप्तरीबाट जारी जग्गाधनी स्रेस्ताबाट देखिन्छ । वादीका साक्षी उदित नारायण मण्डल र रामवृक्ष दासले सुरू अदालतमा बकपत्र गर्दा उक्त विवादित जग्गा वादीको भएको र प्रतिवादीहरूले खिचोला गरेको हो भनी बकपत्र गरेको देखियो । पुनरावेदन अदालत सप्तरीको आदेशबमोजिम मिति २०७२।२।२८ मा गरेको नाप नक्सा मुचुल्काबाट न.नं. ३ कि.नं. ४५२ को जग्गा विभिन्न व्यक्तिहरूले भोग गरेको भन्नेसमेत देखिएको छ। दुवै पक्षको रोहवरमा नक्सा मुचुल्का हुनुपर्ने पुनरावेदकहरूको जग्गाको पनि नाप नक्सा गर्नुपर्ने भनी लिएको पुनरावेदन जिकिर

सम्बन्धमा विचार गर्दा मिति २०७२।२।२८ मा नक्सा मुचुल्का हुँदा पुनरावेदक प्रतिवादीमध्येका भवि यादवको उपस्थिति रहेको देखिन्छ साथै सो नक्सा मुचुल्कामा विवादित न.नं.३ कि.नं.४५२ को प्रत्यर्थी वादीको जग्गाको पश्चिमतर्फ न.नं. २ मा पुनरावेदक प्रतिवादीमध्येका आमिन र जुमनको हक भोगको जग्गा पूर्वमा न.नं.४ कि.नं. ४४१ को पुनरावेदक प्रतिवादीमध्येका जियारत, हनिफ र समजो मियाँको हक भोगको जग्गा दक्षिणमा न.नं. ६ कि.नं. ३४५ को पुनरावेदक प्रतिवादीमध्येका तयैव मियाँका जग्गा देखाइएबाट पुनरावेदकहरूको जग्गाको नक्सा गरेको छैन भन्ने जिकिर पुष्टि हुन आएन । सो मुचुल्कामा प्रत्यर्थी वादीको जग्गा विभिन्न व्यक्तिहरूले भोग गरेको उल्लेख भएको र निजको जग्गा चारैतर्फबाट पुनरावेदक प्रतिवादीहरूको हकभोगको जग्गाबाट घेरिएको अवस्थामा निजहरूले नै कब्जा खिचोला गरेको भन्ने देखिने।

अतः विवेचित आधार कारणसमेतबाट वादीको कि.नं. ४५२ (न.नं.३) को जग्गामा प्रतिवादीहरूले गरेको खिचोला मेटाई वादीलाई चलन चलाइदिने ठहऱ्याएको पुनरावेदन अदालत सप्तरीको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल मङ्सिर १ गते रोज १ शुभम्।

**४**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-CI-०३७८, लिखत बदर दर्ता बदर दर्ता, जीवछी देवी मण्डल वि. हिरण भन्ने हिरियादेवी मण्डलसमेत*

वादीले आफ्नो फिराद दाबीमा दाबी लिएको कि. नं. ३५०, ३७० र ३७३ को कित्ता जग्गाकै सम्बन्धमा आफ्ना पतिका दाजुभाइबिच मिति २०२२।७।२६ गते अंशबन्डा रजिस्ट्रेसन हुँदा छुट भएकोले आफ्नोसमेत भाग लाग्ने अबन्डाको जग्गा बन्डा चलन पाउँ भनी दायर गरेको उल्लिखित मुद्दामा बन्डा पाउने गरी जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालतबाट उल्टी भई वादी दाबी नपुग्ने ठहर भएको र सोउपर यस अदालतमा परेको ०७३-CI-०३८३ को अबन्डा जग्गा बन्डा चलन मुद्दामा यस अदालतबाट मिति २०७४।३।२ मा फैसला हुँदा रामसुनैंर देवी अंश छुट्याई बसिसकेको र विवादित जग्गाको दर्ता सम्बन्धमा पनि यी वादीका लोग्ने खोनाई मण्डलको मृत्युपछि मुद्दा परी तहतह हुँदा यस अदालतबाट मिति २०६७/१०/४ को फैसलाबाट हिरियादेवीका नाउँमा दर्ता हुने ठहरी फैसला भएको भन्ने देखिन्छ र उक्त फैसलाका सम्बन्धमा यी वादीले कहीँकतै उल्लेख नगरेको भन्नेसमेत आधारमा वादी दाबी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला सदर भएको देखिने।

प्रस्तुत मुद्दा दाबीका जग्गा प्रतिवादी हिरियादेवी मण्डलले फैसलाले जिती पाएपछि आफ्नो नाउँमा दर्ता गरेपश्चात् मिति २०६९/६/१७ मा अर्को प्रतिवादीलाई र. नं. ५२१५ को लिखतबाट राजीनामा पारित गरी लिनु दिनु गरेको लिखत बदरको लागि पर्न आएको देखिन्छ । यसरी तहगतरूपमा यस अदालतसम्म मुद्दा आई यस अदालतको मिति २०६७/१०/४ को फैसलाले हिरिया देवीका नाममा दर्ता भएउपर चुनौती नदिई बसेकोसमेत आधारमा निजको अंश हक कायम हुन नसकेको अवस्था देखिँदा प्रतिवादीबिच भएको राजीनामा लिखत दर्ता बदरसमेत हुन सक्ने नदेखिँदा पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मिलेकै देखिने।

तसर्थ उल्लिखित कारणबाट कि.नं. ३५०,३७० र ३७३ का जग्गाको लिखत दर्ता बदर हुन नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत राजबिराजको मिति २०७२/११/१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल मङ्सिर १ गते रोज १ शुभम्।

## ५

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CR-०६८६, लागु औषध ब्राउन सुगरसमेत, नेपाल सरकार वि. शेख मोहम्मद अलीसमेत*

प्रस्तुत मुद्दामा प्रतिवादी शेख मोहम्मद अलीको साथबाट ब्राउन सुगर ६ ग्राम र नाइट्रोसन चक्की ७५ थान तथा नोकिया मोबाइल बरामद भएको कुरामा मुख मिलेको देखिँदा सोतर्फ थप विवेचना गरिरहन परेन। जहाँसम्म वादी नेपाल सरकारले यी प्रतिवादीलाई पटके कायम नगरी एकमुष्ट रूपमा लागु औषध बिक्री वितरणसमेतको कसुरमा लागु औषध ब्राउन सुगरतर्फ मात्र सजाय गरेको नमिलेको भन्ने जिकिर लिएको छ । सो सन्दर्भमा रहेको कानूनी व्यवस्थालाई हेर्दा, लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ (छ) मा *"अफिम, कोका वा सोबाट बनेको लागु औषधको सेवन र खेती गर्ने कार्यबोहक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई (१) पच्चीस ग्रामसम्मको कारोबार गर्नेलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद र पाँच हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुने"* भन्ने बेहोरा रहेको पाइन्छ । निज प्रतिवादी शेख मोहम्मद अलीको साथबाट ६ग्राम ब्राउन सुगर र ७५ थान नाइट्रोसन चक्की बरामद भएको पाइन्छ । मौकामा अनुसन्धान अधिकारीसमक्षको बयानमा उक्त बरामदित लागु औषध आफूसमेतको लगानीमा भारतको रक्सौलबाट खरिद गरी पोखरामा बिक्री वितरण गर्न भनी लिई आउँदा प्रहरीले फेला पारी बरामद गरी पक्राउ गरेको हो भनी कसुर स्वीकार गरी बयान गरेको पाइन्छ भने निजले अदालतसमक्षको बयानमा उक्त बरामदित लागु औषध बिक्री वितरणको लागि नभई सेवनको लागि ल्याएको हो भनी बेहोरा लेखाएको पाइन्छ । तथापि बरामदित लागु औषधको परिमाण हेर्दा सेवनको लागि मात्र हो भन्न सकिने अवस्था नदेखिँदा उक्त लागु औषध बिक्री वितरणकै लागि ल्याएका हुन् भनी मान्न पर्ने देखियो । साथै निजको साथबाट बरामदित लागु औषध एकै समयमा एकै पटक एकैजनाबाट बरामद भएको पाइन्छ। यसरी एउटै वारदातमा बरामद भएको लागु औषधलाई फरकफरक कसुर र सजाय हुने भनी छुट्टाछुट्टै अर्थ गर्न मनासिब देखिएन । तसर्थ उच्च अदालत पोखराले समुच्च गणना गरी बिक्री वितरण गर्ने प्रयोजनको लागि ल्याएको ठहर गरी निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रू.५,०००।– जरिवाना हुने ठहर गरेको फैसलालाई अन्यथा भन्न सकिएन । त्यस्तै निजउपर पटके कायम नगरिएको भन्ने वादी नेपाल सरकारको जिकिर रहेको छ सोतर्फ हेर्दा वादी नेपाल सरकारले आधार लिएको ०७२-CS-०३३६ को लागु औषध मुद्दामा उच्च अदालत पोखराबाट सफाइ पाइसकेको र सो फैसलाउपर मुद्दा दोहोऱ्याई पाउँको निवेदनसम्म दर्ता भएको भन्ने पुनरावेदनपत्रबाट देखिन आएको हुँदा उक्त मुद्दाबाट निजलाई कसुरदार कायम नभइसकेको अवस्था हुँदा अनुमानको भरमा कसुरदार कायम गरी पटके कायम गरी सजाय गर्नसमेत न्यायोचित नदेखिने।

अर्को प्रतिवादीहरू शेख अब्बास र सुनिल वि.क.को हकमा विचार गर्दा, प्रतिवादी शेख मोहम्मद अलीले मौकामा अनुसन्धान अधिकारीसमक्षको बयानमा उक्त कसुरमा यी प्रतिवादीहरूको समेत संलग्नता रहेको भनी बयान गरेको पाईन्छ । त्यस्तै प्रतिवादीमध्येका शेख अब्बासले बरामदी लागु औषध शेख मोहम्मद अलीसँगै वीरगन्जबाट खरिद गरी लिई आएको भनी र प्रतिवादी सुनिल वि.क.ले बरामदी लागु औषध आफूले मगाएकोमा साबित भई बयान गरेको देखिएता पनि निजहरूले अदालतसमक्षको बयानमा यी प्रतिवादीहरू बिच आपसमा चिनजान नभएको र कसुरमा संलग्नता नभएको भनी कसुर गरेउपर इन्कार रही बयान गरेको पाइन्छ । प्रस्तुत वारदातमा प्रतिवादीमध्येका शेख अब्बास, शेख मोहम्मद अलीको साथ रहेको भन्ने जिकिर लिएको देखिए तापनि निजको साथबाट लागु औषधसमेत बरामद भएको देखिँदैन। फौज्दारी कानूनको सर्वमान्य

सिद्धान्तअनुसार कुनै पनि अपराधिक कार्य पुष्टि हुनलाई मनसाय तत्त्व र आपराधिक कार्य हुन पर्दछ भन्ने रहेको पाइन्छ। प्रस्तुत सन्दर्भमा हेर्दा निजहरूको उक्त लागु औषध खरिद गर्ने, ओसारपसार र कारोबार गर्ने जस्ता आपाराधिक कार्यमा कुनै संलग्नता रहेको भन्ने तथ्य प्रमाणबाट पुष्टि हुन सकेको देखिएन। यसै सन्दर्भमा पुनरावेदक/प्रतिवादी शोभित गौतम विरूद्ध प्रत्यर्थी/वादी नेपाल सरकार भएको लागु औषध मुद्दा (ने.का.प.२०७५, अङ्क- ५ निर्णय नं.१००११,) मा *"कुनै आपराधिक कार्य गर्ने व्यक्तिले त्यस्तो कार्य गरेको वा गरिरहेको अवस्थामा अन्य सो अपराधमा संलग्नता नै नभएका व्यक्ति विभिन्न कारण, प्रयोजन वा संयोगको कारणबाट त्यस्तो आपराधिक कार्य गर्ने व्यक्तिसमक्ष पुग्न सक्ने वा रहन सक्ने सम्भावना रहन्छ। यसबाट कुनै आपराधिक क्रिया भएको समयमा त्यस्तो कार्य गर्ने व्यक्तिसमक्ष पुगेकै वा रहेकै आधारमा निजको समेत त्यस्तो अपराधमा निरपेक्षरूपमा सो आपराधिक कार्य गर्ने व्यक्तिसरह आपराधिक दायित्व हुन्छ भन्नु फौजदारी अपराधमा व्यक्तिगत दायित्व हुन्छ भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तसमेतको विपरीत हुन जान्छ"* भनी सिद्धान्तसमेत प्रतिपादित भएको पाइने।

उपर्युक्त आधार, कारणसमेतबाट प्रस्तुत वारदातमा यी प्रतिवादीहरू शेख अब्बास र सुनिल बि.क.उपर वादी पक्षले लिएको जिकिर पुष्टि हुने कुनै पनि ठोस एवं स्वतन्त्र प्रमाणहरू पेस गर्न सकेको नदेखिँदा यी प्रतिवादीहरूलाई सुरू तथा उच्च अदालत पोखराले आरोपित कसुरबाट सफाइ दिने ठहर गरेको फैसला मनासिब नै देखियो। अभियोग दाबीबमोजिम सजाय हुन पर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताले गर्नु भएको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: विवेचित आधार र कारणबाट प्रतिवादीहरू शेख अब्बास र सुनिल वि.क.लाई आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी तथा प्रतिवादी शेख मोहम्मद अलीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) को कसुरमा ऐ. १४(१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रू.५,०००।– जरिवाना हुने ठहर गरी उच्च अदालत पोखराबाट मिति २०७३।१०।०३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः उषा श्रेष्ठ

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७६ साल असोज १ गते रोज ४ शुभम्।

## इजलास नं.१५

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CR-१३२९, लागु औषध (इन्जेक्सन तथा ट्याब्लेट), नेपाल सरकार वि. प्रकाश मैनाली*

प्रतिवादी प्रकाश मैनालीको साथबाट बरामद भएको लागु औषध र सोको परिमाण सम्बन्धमा विवाद नदेखिँदा सोतर्फ थप विवेचना गरिरहन नपर्ने।

मिसिल संलग्न बरामदी मुचुल्काबाट मिति २०६९।१०।१९ गतेका दिन प्रतिवादीको साथबाट २ एम.एल.को लागु औषध इन्जेक्सन, डाइजेपाम १४, फेनारगन १४, लुप्रिजेसिक १४ पिस र नाइट्रोभेट ट्याब्लेट १४ समेत बोकी हिँडिरहेको अवस्थामा बरामद भएको भन्ने देखिन आएको छ। निजले मौका तथा अदालतसमक्ष बयान गर्दा निज सेवनकर्ता रहेको र सेवनको लागि ल्याएको हुँ, बिक्री वितरण गर्न ल्याएको होइन भनी बिक्री वितरणतर्फ इन्कार रही सेवनतर्फ स्वीकार गरी बयान गरेको।

निज प्रतिवादीलाई प्रहरीले पक्राउ गर्दाको अवस्थामा निजले उक्त लागु औषध कोही कसैलाई बिक्री वितरण गरेको अवस्थामा नभई एक्लै बोकेर हिँडिरहेको अवस्थामा पक्राउ परेको देखिन्छ। बरामत भई आएको लागु औषध प्रकृतिलाई विचार गर्दा ब्राउन सुगर तथा ह्वाईट सुगरजस्तो घातक नभएको र एक प्रकारको औषधी मात्र सेवन गर्दा कुनै असर नदिने सबैको मिलान गरी खाँदाको अवस्थामा मात्र प्रतिकूल

असर गर्ने प्रकृतिको देखिन्छ भने मात्रासमेतलाई विचार गर्दा ज्यादै ठुलो मात्रा पनि नदेखिएको ठूलो परिमाणसमेत नभएको र त्यस्तो ट्याब्लेट औषधी आफू कुलतमा परेको कारण सेवन गर्ने गरेकोमा सेवनको प्रयोजनको लागिसम्म ल्याएको देखिन्छ । उक्त बरामदी भई आएको औषधीको परिमाणबाट सुक्री बिक्री गर्ने उद्देश्यले ओसार पसार गरेको अवस्थासमेत स्थापित हुन सकेको देखिँदैन। त्यसबाट ज्यादै मुनाफा प्राप्त भई निजले ज्यादै लाभ लिन सक्ने अवस्थाको समेत देखिदैन । निजले यो यसलाई बिक्री गर्न लागेको वा के कस्तो मुनाफा लिनको लागि ल्याएको वा यो यसलाई बिक्री गरेको भन्नेसमेत शंकारहित तवरबाट पुष्टि प्रमाणित हुन सकेको देखिँदैन। तर लागु औषधको प्रकृति परिमाणसमेतलाई विचार गर्दा यी प्रतिवादीबाट बरामद भएको उक्त लागु औषध निजले सेवन गर्ने उद्देश्यले नै ल्याएको भन्ने पुष्टि हुन आएको पाइन्छ। उक्त लागु औषध प्रतिवादीले बिक्री वितरण र ओसार पसारका लागि ल्याएका हुन् भनी वादी नेपाल सरकारले जिकिर लिए तापनि उक्त लागु औषध खरिद गर्ने खरिदकर्ता तथा निजलाई लागु औषध ओसार पसार गराउन लगाउने अन्य कुनै पनि व्यक्ति उपस्थित गराउन गर्न सकेको पाइँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादी पक्षको हुने तथा फौजदारी मुद्दामा शंकाको सुविधासमेत अभियुक्तले पाउँछ भन्ने व्यवस्था रहेको।

प्रहरी प्रतिवेदन, प्रतिवादीको बयानलगायतका मिसिल संलग्न कागज प्रमाणसमेतको आधारमा निज प्रतिवादी लागु औषध सेवनकर्ता रहेको र सेवनको लागि भारतबाट खरिद गरी लिएर आउँदै गर्दा पक्राउ परेको देखिन आएको हुँदा सुरूले गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मनासिब नै देखिन आयो। यस अदालतबाट मिति २०७२।१०।१३ मा भएको निस्साको आधारसँग सहमत हुन नसकिने।

सुरू पर्सा जिल्ला अदालतले प्रतिवादी प्रकाश मैनालीलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(ज) बमोजिम २(दुई) महिना कैद र रू.२,०००।– जरिवानासमेत हुने ठहर गरी मिति २०७०।१०।२७ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौडाबाट मिति २०७१।०९।०८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत : उषा श्रेष्ठ

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७६ साल श्रावण २४ गते रोज ६ शुभम्।

## इजलास नं.१६

### १

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-१४८९, मिलापत्र दर्ता मालपोत कार्यालयको निर्णय तथा जग्गाधनी प्रमाणपुर्जा बदर गरी हाम्रा नाममा दर्ता गरी जग्गाधनी प्रमाणपुर्जा पाऊँ, हेम कुमार मादेनसमेत वि. पुर्णबहादुर मादेनसमेत*

पूर्णबहादुर मादेनसमेतका फिरादीहरूले आफ्नो पुस्तावारी खुलाई आफ्नो हक लाग्ने जग्गा विपक्षी प्रतिवादीहरूले हामी तराईतिर बस्ने भएकोले थाहा जानकारी नदिई मालपोत कार्यालयमा छुट जग्गा दर्ताको लागि निवेदन दिएको र सो निवेदनसमेतका आधारमा यी प्रतिवादीहरूका नाउँमा छुट जग्गा दर्ता गरी दिएको अवस्था र सोउपर चित्त नबुझी पुनरावेदन अदालत इलाममा अमृतबहादुर मादेनसमेतमा व्यक्तिहरूको पुनरावेदन दर्ता भएको र पुनरावेदन अदालत इलामबाट सो सम्बन्धमा मिलापत्र भएको बेहोरा मिसिल संलग्न प्रमाण कागजातबाट देखिने।

पुनरावेदक वादी र विपक्षी प्रतिवादीबिच जग्गाको विषयलाई लिएर चलेको मुद्दामा मालपोत कार्यालय ताप्लेजुङ्गबाट छुट जग्गा दर्ता सम्बन्धमा मिति २०६०।१०।९ मा गरेको निर्णय तथा सो विषयमा पुनरावेदन अदालत इलामबाट मिति २०६२।१।९ मा भएको मिलापत्रसमेतबाट विवादित जग्गाको हकभोग को कसको हो ? जग्गाको मूल स्रोत के हो

? विवादित जग्गाको हालको अवस्थासमेतका समग्र विवादित विषयहरूको निरूपण सम्बन्धित जिल्ला अदालतबाट गर्न उपयुक्त र मनासिब हुने देखिन्छ । प्रस्तुत मिसिलसाथ पेस भएका सुरू, रेकर्ड तथा प्रमाण मिसिलहरू हेर्दासमेत प्रस्तुत मुद्दाको न्यायिक समाधानका लागि सम्बन्धित जिल्ला अदालत नै उपयुक्त हुने ।

प्रस्तुत मुद्दामा मिसिल संलग्न रहेका समग्र प्रमाणहरूको समुचित मूल्यांकन गरी दाबी पुग्ने नपुग्ने ठहर फैसला गर्नुपर्नेमा सो नगरी प्रस्तुत मुद्दाको फिराद हदम्याद नाघी दर्ता गरेको आधार देखाई अ.बं. १८० नं. बमोजिम खारेज गर्ने गरेको सुरू ताप्लेजुङ जिल्ला अदालतको मिति २०७१।१।१२ को फैसला बदर गरी पुन: प्रमाण बुझी फैसला गर्न जिल्ला अदालतमा पठाउने गरी गरेको पुनरावेदन अदालत इलामको मिति २०७२।४।१८ को फैसला मिलेकै देखिँदा उक्त फैसला सदर हुने ठहर्ने ।

इजलास अधिकृत: नरेन्द्रबहादुर बुढा
कम्प्युटर: सुप्रभा अर्याल
इति संवत् २०७६ साल माघ ५ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७२-CR-००८०, जबरजस्ती करणी, नेपाल सरकार वि. शरण राई

प्रतिवादी शरण राईको अनुसन्धानको क्रममा भएको साबिती बयानलाई निजउपर परेको किटानी जाहेरी, जाहेरी बेहोरा समर्थन गरी जाहेरवाली र पीडितसमेतले मौकामा आफ्नो बेहोरालाई समर्थन गरी अदालतमा गरेको बकपत्र, कोशी अञ्चल अस्पतालको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादीउपरको आरोपित कसुर स्थापित भइराखेको भन्ने देखिन्छ । सो कुरा प्रतिवादीले पुनरावेदन नगरी बसेबाट समेत पुष्टि हुने ।

अनुसन्धानका क्रममा तयार भएका कागजात एवं निजको अनुसन्धान अधिकारीसमक्षको बयानबाट प्रतिवादीको उमेर १७ वर्षको भन्ने देखिएकोमा अदालतसमक्ष बयान गर्दा निजले आफ्नो उमेर १४ वर्ष उल्लेख गरी त्यसको प्रमाणस्वरूप स्थानीय पञ्जिकाधिकारीको कार्यालय, ताङ्गखेवाबाट जारी भएको निजको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा श्री सुनसरी नि. मा. वि., मधुमल्ला-७ बाट जारी गरिएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि पेस गरेकोबाट वारदात मिति समयमा निजको जन्ममिति २०५५/०१/२२ भई मिति २०६९/०८/२० सम्मको हिसाबले निजको उमेर १४ वर्ष ६ महिना २८ दिन भएको भन्ने देखिने ।

प्रतिवादी शरण राईलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम सजाय हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा सजाय कैद वर्ष ४ (चार) हुने ठहऱ्याई भएको पुनरावेदन अदालत विराटनगरको फैसला अन्यथा देखिएन । तसर्थ प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।९।२ मा प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम उमेर पुगेकालाई हुने सजायको आधी सजाय कैद वर्ष ४ हुने ठहर गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । साथै, प्रतिवादीलाई कैद वर्ष ४ (चार) सजाय भइसकेको, निज १४ वर्षको नाबालक, विद्यालयमा अध्ययनरत विद्यार्थी भएको, निजको पारिवारिक आर्थिक अवस्थासमेत सामान्य भएको भन्ने मिसिलबाट देखिएको अवस्थामा कसुरदारबाट हुने पीडितलाई क्षतिपूर्ति नभराउँदा पनि न्यायको मकसद पूरा हुने देखिँदा जबरजस्ती करणीको महलको १० नं. बमोजिम पीडितलाई कसुरदारबाट भएको शारीरिक वा मानसिक क्षति बापतको क्षतिपूर्ति कसुरदारबाट भराइदिनुपर्ने भन्ने पुनरावेदन जिकिरसमेत मनासिब नदेखिँदा पुनरावेदन अदालत विराटनगरबाट मिति

२०७१।९।२ मा भएको फैसला सदर हुने।
इजलास अधिकृतः हिरा डंगोल
कम्प्युटर: सरस्वती दाहाल
इति संवत् २०७६ फाल्गुन ३० गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७२-CR-१३१४, कर्तव्य ज्यान, नेपाल सरकार वि. दुर्गादेवी तामाङ

आफूलाई ४-५ दिन अगाडिदेखि नै ज्वरो आएको र पाठेघरबाट रगत जानेसमेत भएका कारण कमजोर भई उठ्न नसकी घरमै सुतिराखेको, वारदातको दिनमा समेत घरमै सुतिरहेको बेला कन्हैया बहरदार रक्सी खाई मातेर मेरो घरमा आई बाहिरबाट ढोका खोल् भनी पटक-पटक कराउन थालेपछि मैले भित्रैबाट आफू एक्लै छु, मलाई सञ्चो छैन, त्यसैले ढोका खोल्दिन भन्दा लगत्तै निजले लात्ताले हानी ढोका भत्काई खोल्यो र भित्र पस्यो। मलाई जबरजस्ती करणी गर्न भुइँमा लडाई मलाई चिथोर्न थालेको, घरमा कोही नभएकोले मैले आत्मरक्षाको लागि नजिकै रहेको आगो फुक्ने बाँसको ढुङ्ग्रोले निजको खुट्टामा हानेपछि ऊ जुरूक्क उठेर बाहिर गयो । म कमजोर भएको कारण आफ्नो इज्जत जोगाउनका लागि बाँसको ढुङ्ग्रोले हानेको हो, के कति कारणले चोट लागेर मृत्यु भयो आफूलाई थाहा नभएको भनी अदालतमा बयान गरेको देखिन्छ। यसबाट प्रतिवादीले मृतकलाई मार्न पूर्ववत् रूपमा आपराधिक मनसाय (mens rea) राखी मार्नेसम्मको कार्य (actus reas) गरेको भन्ने नदेखिने।

मृतककी पत्नी जाहेरवालीले मौकामा प्रतिवादी दुर्गादेवी तामाङमाथि किटानी जाहेरी दिए तापनि प्रतिवादीले नै आफ्नो मृतक पतिलाई चिर्पटले हानेको भन्ने कथन आफ्नो नभई प्रहरीले थानामा लेखेर ठिक्क पारेको कागजमा आफूलाई सही गराएको हो, वारदात स्थलमा आफू नभएकोले मृतक पतिलाई कसैले कुटपिट गरेको कुरा नभनेको भनी अदालतमा बकपत्र गरिदिएको देखिँदा निजको जाहेरी आफैँमा खण्डित भएको देखिन्छ । प्रस्तुत घटना देख्ने प्रत्यक्षदर्शीसमेत कोही नभएको, घटनास्थलमा प्रतिवादी र मृतक मात्र रहेको र प्रतिवादीले आफ्नो सतीत्व रक्षाको लागि मृतकलाई आगो फुक्ने बाँसको ढुङ्ग्रोले हिर्काएको भन्ने मिसिलबाट देखिने।

प्रतिवादीले कुनै तथ्य स्वीकार गर्दैमा अपराध नै स्वीकार गरेको भनी मान्न मिल्दैन। सतीत्व रक्षाको लागि एकपटक आगो फुक्ने ढुङ्ग्रोले हानेको घाउचोटबाट मृतक मरेको देखिँदैन। मृतकको पोष्टमार्टम रिपोर्टबाट मृतकको खुट्टाको गोलीगाँठो छेउमा घाउचोट देखिएको छ। पोष्टमार्टम गर्ने चिकित्सकले अदालतमा बकपत्र गर्दा *मृतकको मृत्युको कारण मृतकको छातीको तलतिर पेटको माथितिर (Left Side) मा चोटपटक लाग्दा ३ वटा करङ्ग भाँचिएर Spleen मा चोटपटक लागेर फुटेको कारण त्यहाँबाट धेरै bleeding (haemorrahage) भई शरीरमा रगत कम भएको कारणले भएको* भनी लेखाइदिएको पाइन्छ । त्यस्तै, वारदात स्थलमा प्रतिवादीले एकपटक मात्र आगो फुक्ने ढुङ्ग्रोले प्रतिवादीको खुट्टामा हिर्काएको, त्यसपछि मृतक त्यहाँबाट निस्किएर गएको, त्यसपछिको घटनाका बारेमा आफूलाई थाहा नभएको भन्ने प्रतिवादीसमेतको बयानबाट देखिन्छ। मादक पदार्थले मातेका मृतक प्रतिवादीको घरबाट निस्किएपछि के भयो मृतकको शरीरमा के कसरी घाचोट परे त्यससतर्फ अनुसन्धानकर्ताले अनुसन्धान अगाडि बढाएको भन्ने मिसिलबाट नदेखिने।

मृत्युको कारक तत्त्व (Causation) को बारेमा पहिचान हुन नसकेको अवस्था मिसिलबाट देखिँदा दोस्रो घटनाबाट मृतकको मृत्यु भएको हुनसक्छ भन्ने कुरा तथ्यले देखाएकोबाट सिद्धान्ततः पहिलो घटनामा संलग्न व्यक्तिलाई प्रथम स्तर (1st degree) को कसुरदार ठहराउन नमिल्ने, मृत्युको कारण cause of death - Haemorrhagic shock due to ruptured spleen भन्ने Autopsy Report बाट देखिएको, लाठी र बक्सिङ्गले हिर्काउँदा केही वस्तुले ठोकिँदा ठूलो चोटपटकले spleen ruptured

हुनसक्ने र Spleen फुटेर धेरै bleeding भएमा मृत्यु हुनसक्छ भनी चिकित्सकले उपस्थित भई बकपत्र गरिदिएकोसमेत देखिँदा प्रतिवादीले मृतकलाई खुट्टामा हानेको चोट प्रहारबाट Haemorrhagic shock, ruptured spleen भएको भन्ने तथ्यबाट नै नदेखिँदा प्रस्तुत कसुरमा ज्यानसम्बन्धी महलको १३(३) को अभियोग दाबी आकर्षित हुने भन्ने वादी दाबीसँग सहमत हुन नसकिने।

वारदातका दिन मृतकले रक्सी खाएको, मृतक प्रतिवादीको घरबाट निस्किएपछि बाटोमा अन्य व्यक्तिहरूसँग भनाभन, झगडा भएको भन्ने स्वयं वादी पक्षका साक्षी दिपेन्द्र बहादुरले किटानी बकपत्र गरेको, मृतकको शरीरको अन्य भागमा समेत चोट पटक लागेको भन्ने पोष्टमार्टम रिपोर्टसमेतका कागज प्रमाणबाट देखिएकोमा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६ नं. को देहाय २ बमोजिम भवितव्य ज्यानको कसुर कायम गरी २ वर्ष कैद हुने ठहर गरेको सुरू मोरङ जिल्ला अदालतको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत विराटनगरको फैसला अन्यथा नदेखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७६ साल फाल्गुन ३० गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७३-CR-१५८६, गौवध, नेपाल सरकार वि. आङ लाक्पा लामा*

वारदातका दिन घटनास्थलबाट ढुङ्गा र खुकुरी बरामद भई गाईको टाउकोको गर्दन छिनालेको र शरीरको सम्पूर्ण भाग टुक्रा टुक्रा पारी छरपष्ट गरेको अवस्थाको सिनोसहित प्रतिवादी आङ लाक्पा लामालाई भेटिएको भन्ने अनुसन्धान अधिकारीको प्रतिवेदनबाट देखिने।

प्रतिवादीले अनुसन्धानको क्रममा *वारदातका दिन दिउँसो गाई चराई गाईलाई घरतर्फ लिई आउने क्रममा गाई हिँड्न नमानी दुःख दिएपछि एकान्त चौरमा लगी गाईलाई मारी मासु खाने नियतले ढुङ्गाले हान्दा गाई भुइँमा ढलेपछि आफूसँग भएको खुकुरी निकाली गाईको गर्धन काटी मारेको हुँ भनी* स्वीकार गरी साबिती बयान गरे तापनि अदालतमा उपस्थित भई बयान गर्दा आरोपित कसुरमा इन्कार रही *गाईलाई चराउन लगी घर ल्याउँदा बाटोमा नहिँडेकोले ढुङ्गाले हान्दा गाई लडी मरेकोले घरबाट खुकुरी ल्याई काटेको हो, मासु खाने बिक्री गर्ने उद्देश्यले गाई मारेको होइन, रिसको झोकमा ढुङ्गाले हान्दा मरेपछि काटेको* भनी बयान गरेको।

सिनो मुचुल्का तथा बरामदी मुचुल्काका व्यक्तिहरू अदालतमा उपस्थित भई बकपत्र गरिदिएको अवस्था मिसिलबाट देखिँदैन भने *स्थानीय मानिसहरूले खबर गरेपछि आफू घटनास्थल जाँदा प्रतिवादीले गाई काटी टुक्रा पारी रहेको अवस्थामा भेटेको हुँ* भनी प्रतिवेदकसमेतले अदालतमा बकपत्र गर्न सकेको अवस्था पनि देखिँदैन। प्रतिवादीले नियोजित रूपमा नै गाईलाई ढुंगाले हिर्काएको र गाई लडेपछि गाई जीवितै रहेको अवस्थामा खुकुरीले काटेको भन्नेसमेत कहीँकतैबाट पुष्टि भएको पाइँदैन । गोवध जस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा केवल शंका र अनुमानको भरमा मात्र कसुरदार ठहर गर्दा न्यायोचित नहुने।

प्रतिवादीले गरेको आपराधिक कार्यको प्रकृति, अवस्था, परिस्थिति र अपराधमा निजको संलग्नतालगायतका अवस्थाहरूको विवेचना गरी हेर्दा प्रतिवादीले गाईलाई मार्ने नै नियत राखी पूर्वनियोजित तवरबाट ढुङ्गा प्रहार गरी गोवध गरेको भन्ने तथ्य कहीँकतैबाट पुष्टि प्रमाणित हुन सकेको देखिँदैन । प्रतिवादीउपरको दाबी, प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम शंकारहित तवरबाट पुष्टि गर्ने दायित्व अभियोजन पक्षकै हुनेमा सो दायित्व अभियोजन पक्षबाट निर्वाह नभएको।

मुलुकी ऐन, चौपायाको महलको २ नं. बमोजिम गाई मरेको कसुरलाई भवितव्य ठहऱ्याई सोही महलको १५ नं. बमोजिम प्रतिवादी स्वयम्ले आफ्नो

बयानका क्रममा १२ वर्षअघि रू.५,०००/- मा खरिद गरेको भनी उल्लेख गरेको आधारमा सोही रकमलाई बिगो कायम गरी प्रतिवादीलाई रू.५,०००/- जरिवाना हुने ठहऱ्याई भएको सुरू अदालतको फैसलालाई सदर गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।१२।०४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७६ फाल्गुन ३० गते रोज ६ शुभम्।

## इजलास नं.१७

### १

**मा.न्या.श्री डम्बरबहादुर शाही र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CR-१३१६, कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रेमबहादुर चेपाङ*

यस मुद्दामा शव परीक्षण प्रतिवेदनबाट शरीरमा गम्भीर चोट लागेको भन्ने नदेखिएको, मृत्युको कारणमा "undetermined" भन्ने उल्लेख गरी निश्चित भन्न नसकिएको अवस्था छ भने वारदातको राति दुवै जनाले मादक पदार्थ सेवन गरेको भन्ने तथ्यलाई मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतसमक्ष गरिदिएको बकपत्रबाट समेत देखिएको छ । यसरी उल्लिखित निस्सा प्रदान गर्दा आधार लिएको नजिर र प्रस्तुत मुद्दाको तथ्य एकआपसमा मिल्ने नदेखिँदा यस अदालतबाट निस्सा प्रदान गर्दा आधार लिएको ने.का.प. २०७०, अङ्क ४, नि.नं. ९००५, पृष्ठ ६२३-६२४ मा प्रतिपादित नजिर प्रस्तुत मुद्दामा आकर्षित हुने सक्ने नदेखिने।

घटनाका प्रत्यक्षदर्शी तथा घटना विवरण कागज गर्ने व्यक्तिहरू सानुमाया चेपाङ, बिनिता चेपाङ, विष्णुमाया चेपाङ र सुकबहादुर तामाङले अदालतसमक्ष गरेको बकपत्रबाट मृतक र प्रतिवादीबिच मदिरा सेवन गरेको अवस्थामा सामान्य कुटपिट भएको देखिएको छ। यसमा मृतकलाई मार्ने उद्देश्यले हातपात गरेको भन्ने देखिन नआई मादक पदार्थ सेवन नगर्न, घरमा फिर्ता जान भनी प्रेमबहादुरले असल मनसाय राखी आफ्नी श्रीमतीलाई सम्झाउने, बुझाउने क्रममा विवाद भई कुटपिट हुँदा भवितव्य पर्न गई जुना प्रजाको मृत्यु हुन गएको देखिने।

अब कस्तो प्रकृतिको वारदातलाई भवितव्य भन्नुपर्ने हो त भन्ने सन्दर्भमा रहेको कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा **"ज्यान लिने इबिलाग वा मनसाय भई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला जस्तो नदेखिएको कुनै काम गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ "** भन्ने र ऐ. महलको ६(४) नं. मा **"कसैले कसैलाई कुटपिट गर्दा भवितव्य परेकोमा पाँच सय रूपैयाँसम्म जरिवाना वा दुई सय रूपैयाँसम्म कैद वा दुवै सजाय हुन्छ"** भन्ने उल्लेख भएको पाइन्छ। उक्त कानूनी व्यवस्था रहेको सन्दर्भमा प्रस्तुत मुद्दाको घटना विवरण हेर्दा प्रतिवादी प्रेमबहादुर चेपाङले आफ्नी श्रीमती जुना प्रजालाई असल मनसाय राखी धेरै मदिरा सेवन नगर्न र घर फर्कन भनी सम्झाई बुझाई गर्ने क्रममा दुई श्रीमान् श्रीमतीबिच आकस्मिक झगडा भई सामान्य कुटपिट हुँदा अनिश्चित परिणामको सिर्जना भई जुना प्रजाको मृत्यु हुन गएको देखिन्छ। प्रतिवादी प्रेमबहादुर चेपाङलाई आफ्नो सामान्य कुटपिटले जुना प्रजाको मृत्यु हुन्छ भन्ने पूर्वज्ञान वा आफ्नो कार्यबाट ज्यान मर्न सक्छ भन्ने कुराको ज्ञान रहेको र निजले सो परिणामको अपेक्षा गरेको अवस्था रहे भएको नदेखिई प्रतिवादी र मृतक जुनाबिच भएको आकस्मिक झगडा र सामान्य कुटपिटको परिणाम स्वरूप जुना प्रजाको मृत्यु भएको भन्ने देखिई उल्लिखित ज्यानसम्बन्धीको ५ नं को कानूनी व्यवस्थाअनुरूपको अवस्था रहे भएको पाइयो। प्रतिवादी प्रेमबहादुर चेपाङ र निजकी श्रीमती जुनाको एकआपसमा झगडा भएको र परिणाम स्वरूप जुना प्रजाको आकस्मिक मृत्यु भएको भन्ने देखिएतापनि प्रतिवादीको कुटपिटको उदेश्य ज्यान मार्ने भएको भन्ने नदेखिएको र आवेशप्रेरित हत्याको अवस्थासमेत विद्यमान नदेखिएकोले तत्काल केही

गर्दा परेको सामान्य कुटपिटको कारणले भवितव्यबाट मृतक जुना प्रजाको मृत्यु भएको देखिएको हुँदा भवितव्यतर्फ सजाय हुने ठहर गरेको सुरू फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत हेटौँडाको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

अतः विवेचित आधार, कारणबाट प्रतिवादी प्रेमबहादुर चेपाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं.को कसुरमा ऐ. ६(४) नं. बमोजिम सजायको उपल्लो हद २(दुई) वर्ष कैद र रू.५००।- (पाँच सय रूपैयाँ) जरिवाना हुने ठहर गरेको सुरू फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७१।१०।६ को फैसला सम्बद्ध कानून एवम् न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: फणेश्वरी घिमिरे, लक्ष्मी राना (शा.अ.)

इति संवत् २०७६ साल कार्तिक ७ रोज ५ शुभम्।

२

**मा.न्या.श्री डम्बरबहादुर शाही र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७३-CR-१२५४, जबरजस्ती करणी, नसिम अन्सारी वि. नेपाल सरकार

जाहेरवालाको वर्ष १५ की छोरी परिवर्तित नाम २१– S घरनजिकैको बाँसघारीमा शौचालय जान घरबाट निस्केकोमा प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने मिति २०७१/०१/१७ को जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ भएको देखिन्छ। यी प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफू तथा पीडित भनिएकी २१– S बिच सहमतिमा करणी भएको हो भनी करणी गरेको तथ्यमा स्वीकार गरी बयान गरेको देखिन्छ। प्रतिवादीले अदालतमा बयान गर्दा प्रहरीमा भएको बयान आफ्नो स्वेच्छापूर्वक भएको होइन भनी इन्कारी बयान गरे तापनि आफूलाई के कसरी इच्छा विपरीत बयान गराएको भनी खुलाउन सकेको पाइँदैन। अदालतबाहिर भएको बयान कागजातलाई प्रमाणमा लिने सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा ९ (२) मा भएको व्यवस्था हेर्न आवश्यक हुन्छ। सो उपदफामा फौजदारी मुद्दामा कुनै अभियुक्तले निजलाई लगाइएको अभियोगको सम्बन्धमा अदालत वाहेक अन्यत्र व्यक्त गरेको कुरा अदालतले देहायबमोजिम ठहऱ्याएमा प्रमाणमा लिन हुने व्यवस्था गरेको पाइन्छः-

(१) सो कुरा व्यक्त गर्दा अभियुक्त सचेत अवस्थामा र आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा थियो।

(२) निजलाई बाध्य गरी वा निज वा अरू कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छा विरूद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको होइन।

(३) सो अभियोगबारे कुनै सार्वजनिक अधिकारीले गर्ने कारबाहीको सम्बन्धमा यस्तो धम्की वा विश्वास पर्ने आश्वासन दिएको थिएन जसबाट निजले सो कुरा असत्य रूपमा व्यक्त गर्ने सम्भावना थियो र जुन धम्की वा आश्वासन कार्यान्वित गर्न सक्ने अधिकार र शक्ति सो अधिकारीलाई थियो भन्ने कुरा निजले युक्तिसङ्गत रूपमा विश्वास गरेको थियो।

उपर्युक्तबमोजिमको अवस्था थिएन भनी यी पुनरावेदक प्रतिवादीले प्रमाणित गर्न नसकेको अवस्थामा अदालतमा भएको निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निर्दोष मान्न मिल्न हुँदैन। प्रतिवादीको इन्कारी बयान स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित हुन आवश्यक छ। आफूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको कारणले प्रहरीमा कसुर स्वीकार गर्नु परेको कुराको जिकिर लिनेले सो कुरालाई वस्तुनिष्ठ रूपमा प्रमाणितसमेत गराउन सक्नुपर्छ। तर प्रतिवादीले आफूलाई साबिती बयान गर्न बाध्य पारिएको, धम्की दिएको वा अन्य के कस्तो कारणले आरोपित कसुर स्वीकार गर्नु परेको भन्ने कुरा भन्न नसकेको स्थितिमा निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाइलाई स्वेच्छाको होइन भन्न नमिल्ने भई अनुसन्धान अधिकारीसमक्ष गरेको

स्वीकारोक्तिलाई निजका विरूद्ध प्रमाणमा लिन मिल्ने देखिन्छ। निजको सो बयान किटानी जाहेरी, पीडितको घटना विवरण कागज, स्वास्थ्य परीक्षण प्रतिवेदनबाट समेत समर्थित भएको देखिने।

अब, निजले गरेको साबिती बयानमा सहमतिबाट करणी गरेको भन्ने जिकिरका सन्दर्भमा हेर्दा तत्कालीन मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा **"कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ"** भन्ने कानूनी व्यवस्था रहेको छ। यसरी १६ वर्ष नपुगेका बालिकालाई करणी गर्नु नै स्वतः जबरजस्ती करणीको कसुर हुने देखिन्छ। त्यस अवस्थामा सहमति भए नभएको भन्ने कुरा प्रासङ्गिक नै हुँदैन । मिसिल संलग्न पीडितको जन्मदर्ता प्रमाण पत्रबाट निजको जन्ममिति २०५७।१।१७ उल्लेख भएबाट वारदात मिति २०७१।१।३ मा निज १४ वर्षकी मात्र देखिएको छ । १४ वर्षकी बालिकाको सहमति नै भए पनि उक्त कार्यलाई कानूनले जबरजस्ती करणी नै मानेको देखिने।

पीडित २१–S को उमेर सम्बन्धमा विवाद देखाइए तापनि निजको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपिबाट १६ वर्षभन्दा कम अर्थात् १४ वर्षकी मात्र रहेको देखिन्छ । निजको उमेर परीक्षण नभएको भन्ने पुनरावेदक प्रतिवादीको जिकिरका सम्बन्धमा हेर्दा बालन्याय (कार्यविधि) नियमावली, २०६३ को दफा १५ मा उमेर निर्धारण गर्दा पहिलो प्राथमिकता जन्मदर्तालै नै पाउने व्यवस्था भएको हुँदा उमेर परीक्षण हुनुपर्ने भन्ने जिकिरसँग सहमत हुन सकिएन । प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष सहमतिमा करणी गरेको भनी बयान गरेको भए तापनि मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं.को कानूनी व्यवस्था विपरीत सहमतिमै करणी लिनुदिनु गरेको भए पनि उक्त कार्य कसुरजन्य कार्य भएको मानिने हुँदा यी प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको बयानसमेतका आधारमा यी प्रतिवादीले २१–S लाई जबरजस्ती करणी गरेको पुष्टि हुन आयो। जाहेरवालाले सुरू जाहेरीभन्दा फरक गरी अदालतमा बकपत्र गरेकोले सफाइ पाउनुपर्छ भन्ने पुनरावेदन जिकिर सन्दर्भमा हेर्दा, प्रतिवादी, पीडित तथा निजको परिवार एकै ठाउँका मानिसहरू भएको र जाहेरवालालाई डर, त्रास वा अन्य कुनै प्रलोभनमा पारी कसुरबाट बच्ने, उम्कने अनेक हथकण्डा अपनाई जाहेरी बेहोराभन्दा फरक बकपत्र गर्न लगाउने सम्भावनालाई नकार्न सकिँदैन । जाहेरी दरखास्त केवल घटनाको सूचनासम्म भएकोले अन्य स्वतन्त्र प्रमाणले पुष्टि भएमा जाहेरवालाको बकपत्रलाई मात्र आधारमानी कसुरबाट उन्मुक्ति दिन मिल्ने देखिँदैन । अर्कोतर्फ यी जाहेरवालाले झुट्टा बकपत्र गरेको ठहर भएउपर पुनरावेदनसमेत नगरी अन्तिम भएबाट निजको उक्त झुट्टा बकपत्रको आधारमा यी प्रतिवादीले कसुर गरेको होइनन् भनी भन्न मिल्ने नदेखिने।

अतः पीडितको किटानी भनाइ तथा बकपत्रको बेहोरा, शारीरिक परीक्षण प्रतिवेदन, जन्म दर्ता प्रमाणपत्र, प्रतिवादीको मौकाको बयानसमेतबाट प्रतिवादीले मुलुकी ऐन, जबरजस्ती करणी महलको १ र ३(३) नं. विपरीत जबरजस्ती करणी अपराध गरेको देखिँदा निज प्रतिवादीलाई जबरजस्ती करणी महलको ३(३) नं. बमोजिम ६ (छ) वर्ष कैद हुने तथा प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति स्वरूप रू.५०,०००।– भराइदिने तथा जाहेरवालाले झुट्टा कुरा व्यक्त गरेको देखिन आएकोले निज जाहेरवालालाई रू.२,०००।– जरिवाना हुने ठहराई सुरू महोत्तरी जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।१२।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल माघ २ गते रोज ५ शुभम्।

## इजलास नं.२०

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री सुष्मालता माथेमा,** ०६८-CR-०५३५, जबरजस्ती करणी, *नेपाल सरकार वि. विकाश राई*

प्रतिवादी विकाश राईउपर जबरजस्ती करणीको ३(२) नं. बमोजिम सजाय माग दाबी भएको पाइन्छ । उक्त ३(२) नं. मा दश वर्ष वा सोभन्दा बढी १४ वर्षभन्दा कम उमेरकी बालिका भए आठदेखि बाह्र वर्षसम्म कैद सजाय हुने व्यवस्था रहेको छ । वारदात अवस्थामा पीडितको उमेर १३ वर्ष मात्र भनी जाहेरी दरखास्त, मौकामा तयार गरिएका कागजलगायतमा उल्लेख भई तदनुरूप अभियोग पत्रसमेत दायर भएको देखिन्छ । तर प्रतिवादी विकास राईले अदालतसमक्ष बयान गर्दा एवं पुनरावेदन अदालतमा दायर गरेको पुनरावेदन पत्रसमेतमा पीडितको उमेर १७ वर्ष भनी उल्लेख गरेको अवस्थामा पुनरावेदन अदालतबाट कम सजाय गरेको परिवर्तन हुनु पर्दैन भन्ने निजको कानून व्यवसायिको बहस जिकिर रहेको छ । तर सोबमोजिम प्रतिवादी विकाश राईले सुरू अदालतमा बयान गर्दा पीडित ठुली राई १७ वर्ष पुगेको हो भनी किटानी साथ भन्न नसकेको, १७ वर्ष पुगेकी हुनुपर्छ सम्म भने तापनि सो पुष्टि हुने कुनै प्रमाण पेस भएको छैन । अर्कोतर्फ जाहेरवालाको जाहेरी दरखास्त, अभियोग पत्र, स्वयम् पीडितको कागज र अदालतको बकपत्रसमेतबाट पीडितको उमेर १३ वर्षको देखिन्छ । पीडितको कागज हुँदाका अवस्थामा आफ्नो उमेर १३ वर्ष लेखाएकी छिन् भने १ वर्षपछि बकपत्र गर्दा १४ वर्ष लेखाएकोसमेतबाट निजको वास्तविक उमेर वारदातका बखत १३ वर्ष नै रहेको पुष्टि हुन आएकोले प्रत्यर्थीका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी विकाश राइले अदालतमा गरेको बयानमा पीडितको उमेर १७ वर्ष पुगेकी हुनुपर्छ भनेको मात्र आधारमा स्वयम् पीडिताले वारदातको १ वर्षपछि गरेको बकपत्रमा आफ्नो उमेर १४ वर्ष भनी लेखाएको जवाफलाई अनदेखा गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. अनुसार कसुर गरेको र निजलाई सोही महलको ३ नं. को देहाय २ बमोजिम ८ वर्ष कैद गर्नुपर्नेमा ऐ ऐनको ३(४) नं. बमोजिम ५ वर्ष कैद सजाय गरेको हदसम्म पुनरावेदन अदालत विराटनगरको मिति २०६७।१२।१५ को फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई प्रत्यर्थी प्रतिवादी विकास राईलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ (२) नं बमोजिम ८ (आठ) वर्ष कैद र ऐ. को १० नं. बमोजिम रू.१०,०००।- प्रतिवादीबाट वा कानूनबमोजिमको निकायबाट पीडितले क्षतिपूर्ति भराई लिन पाउने ।

इजलास अधिकृत:- अम्बिकाप्रसाद दाहाल

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०७६ साल आषाढ ५ गते रोज ५ शुभम् ।